# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक 'म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण' रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

म्याग्दी जिल्ला नेपालका ५ विकासक्षेत्रमध्ये पश्चिमाञ्चल विकास क्षेत्रको धौलागिरि अञ्चलमा पर्दछ । यो जिल्ला परापूर्वकालदेखि धार्मिक, ऐतिहासिक र पर्यटकीय जिल्लाको रूपमा चिनिंदै आएको छ । यस जिल्लाको साहित्यिक पृष्ठभूमि आफ्नै किसिमको रहेको छ । म्याग्दी जिल्लामा रहेका लोकसाहित्य, अभिलेख, लिखित साहित्य परम्पराले म्याग्दीको साहित्यिक विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । म्याग्दी जिल्लाको साहित्यिक विकास र परम्परालाई उर्जा प्रदान गर्न म्याग्देली जनताको प्रयास पनि उत्तिकै सराहनीय रहेको छ । त्यस्तै यस जिल्लाका विभिन्न साहित्यिक तथा साहित्येतर सङ्घसस्था, पुरस्कार, पुस्तकालय आदिले पनि म्याग्दीको साहित्यिक विकासमा टेवा दिएका छन् । अतः यसै विषयसित सम्बन्धित भएर म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण गर्नु प्रस्तुत शोधकार्यको मुख्य विषय रहेको छ ।

## १.४ शोधसमस्या

म्याग्दी जिल्लाको साहित्यिक परम्परा अत्यन्त पुरानो छ । प्राचीन कालका रामभद्र पाध्यादेखि लिएर हालसम्म आइपुग्दा म्याग्दी जिल्लाको साहित्यले निकै फड्को मारेको देखिन्छ । यस दौरानमा हालसम्म म्याग्दी जिल्लामा थुप्रै स्थानीय, क्षेत्रीय तथा

राष्ट्रिय स्तरका साहित्यकारहरूको जन्म भैसकेको छ । यस जिल्लामा थुप्रै साहित्यिक र साहित्येतर सङ्घसंस्था, पत्रपत्रिका, पुस्तकालयहरू पनि स्थापना भैसकेका छन् । तर हालसम्म म्याग्दीको साहित्यिक गतिविधिको व्यवस्थित अध्ययन हुन सकेको छैन । नेपाली साहित्यमा म्याग्देली साहित्यकारहरूले कविता, कथा, नाटक, उपन्यास, समालोचना, इतिहास आदि विधागत लेखनबाट योगदान पुऱ्याएका छन् । हालसम्म नेपाली साहित्यमा म्याग्देली साहित्यकारहरूको योगदानका बारेमा कुनै लेखाजोखा र मूल्याङ्कन हुन सकेको छैन । कसले, कुन विधामा कस्तो योगदान गरिरहेको छ ? भन्ने प्रष्ट प्रमाण पनि हामीसाग उपलब्ध छैन । अतः म्याग्दी जिल्लाको व्यवस्थित साहित्यिक सर्वेक्षण गर्नु अनि साहित्यिक गतिविधिबारेमा खोजअनुसन्धान र मूल्याङ्कन गरी प्रकाशमा ल्याउनु प्रस्तुत शोधकार्यको मुख्य समस्या हो । यस समस्यासाग सम्बन्धित निम्नलिखित समस्याहरू पनि रहेका छन् -

१. म्याग्दी जिल्लाको चिनारी कस्तो छ ?
२. म्याग्दी जिल्लामा साहित्यलेखनको परम्परा केकस्तो छ ?
३. म्याग्दी जिल्लाका साहित्यकार र तिनका केकति साहित्यिक कृति रहेका छन् ?
४. म्याग्दी जिल्लाका प्रतिनिधि साहित्यकारको योगदान केकस्तो छ ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य म्याग्दी जिल्लाको चिनारीका साथमा म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण गर्नु रहेको छ । म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण र नेपाली साहित्यमा म्याग्देली स्रष्टाले पुऱ्याएको योगदानका बारेमा व्यवस्थित र तथ्यपरक अध्ययन तथा विश्लेषण गर्नका लागि प्रस्तुत शोधपत्रमा निम्नलिखित उद्देश्यहरू रहेका छन् -

१. म्याग्दी जिल्लाको चिनारी दिनु ।
२. म्याग्दी जिल्लाको साहित्य लेखनपरम्पराको सर्वेक्षण गर्नु ।
३. म्याग्दी जिल्लाका साहित्यकार र तिनका साहित्यिक कृतिको सर्वेक्षण गर्नु ।
४. म्याग्दी जिल्लाका प्रतिनिधि साहित्यकार र तिनका कृतिको सङ्क्षिप्त चिनारी दिनु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा म्याग्दी जिल्लाले पुऱ्याएको योगदानका बारेमा विस्तृत र छुट्टै अध्ययन हालसम्म हुन सकेको छैन । केही पत्रपत्रिका, व्यक्ति र संस्थाले जिल्लाको साहित्यबारेमा छिटफुट टिकाटिप्पणी गरेको भने पाइन्छ । म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षणलाई लक्ष्य गरेर प्रकाशित गरिएका केही सामग्री या पूर्वकार्यहरू यसप्रकार छन् ।

- ठाकुर पराजुलीले धौलागिरिका कथा (कथासङ्ग्रह) (२०५३) नामक पुस्तकभित्रको भूमिकामा म्याग्दी जिल्लाको आख्यानसाहित्य र साहित्यकारको सङ्क्षिप्तमा चर्चा गरेका छन् । यसकार्यबाट जिल्लाको साहित्यिक सन्दर्भ पहिल्याउन सहयोग पुगेको देखिन्छ ।
- चन्द्रप्रकाश बानियाले म्याग्दीको प्रवाह (वर्ष १, अंक १, २०५५, पृ. १) पत्रिकाको लेखमा सङ्क्षिप्तमा भएपनि म्याग्दी जिल्लाको ऐतिहासिक पक्ष, नामकरण, अवस्थिति, पौराणिक काल, प्राचीन म्याग्दी, थापा राज्यकाल, मल्लकालीन म्याग्दी र आधुनिक म्याग्दीको चर्चा गरेका छन् । यस कार्यबाट जिल्लाको परिचयात्मक अध्ययनमा सहयोग भएपनि समग्र जिल्लाको तथ्य भने आएको छैन ।
- घटराज भट्टराईद्वारा सम्पादित नेपाली लेखक कोश (२०५६) पुस्तकमा म्याग्दीका साहित्यकारहरू ठाकुर पराजुली, नर ब. बि.सी., नवराज कार्की, हरि बन्दी, भरतकुमार श्रेष्ठ र बानिया कान्छाको सङ्क्षिप्त परिचय दिइएको छ । यस कार्यबाट उल्लिखित साहित्यकारको चिनारीमा मद्दत मिलेको छ ।
- गायत्री आचार्यले ठाकुर पराजुलीको जीवनी, व्यक्तित्व र कृतित्व (२०५६) अप्रकाशित शोधपत्रमा पराजुलीलाई समालोचक व्यक्तित्वका रूपमा चिनाएकी छिन् ।
- बालकृष्ण शर्माले होमनाथ सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्व (२०५६) अप्रकाशित शोधपत्रमा होमनाथ सुवेदीलाई उपन्यासकारका रूपमा चिनाएका छन् ।

- विन्दुराज सिग्देलले अन्तर्राष्ट्रिय मञ्चमा (वर्ष १६, अंक १, २०५७) म्याग्दी जिल्लाको सङ्क्षिप्तमा भए पनि ऐतिहासिक, सामाजिक, आर्थिक, प्राकृतिक, भौगोलिक, शैक्षिक र धार्मिक स्थितिको चिनारी दिएका छन् ।
- लक्ष्मीकुमारी उपाध्यायले बालकथाकार बानिया कान्छाको जीवनी, व्यक्तित्व, कृतित्व (२०५८) अप्रकाशित शोधपत्रमा बानिया कान्छालाई बालकथाकारको रूपमा चिनाइएको छ ।
- नर ब. बि.सी.ले म्याग्दी कुन्ज (वर्ष १, अंक १, २०५८) पत्रिकाको "म्याग्दी जिल्लाको साहित्यिक इतिहास" लेखमा सङ्क्षिप्तमा भएपनि म्याग्दी जिल्लाको साहित्यिक परम्परा र विकासका बारेमा उल्लेख गरेका छन् ।
- लक्ष्मण घिमिरेले पश्चिम म्याग्दीमा प्रचलित पर्वती भाषिकाको अध्ययन (२०५८) अप्रकाशित शोधपत्रमा पश्चिम म्याग्दीमा बोलिने भाषिकाको अध्ययन गरेका छन् ।
- राधिका मल्लले म्याग्दी जिल्लाको लोकगीतको अध्ययन (२०५९) अप्रकाशित शोधपत्रमा म्याग्दीमा प्रचलित लोकगीतको विस्तृत अध्ययन गरी प्रस्तुत गरेकी छिन् । यसले म्याग्दीको समग्र साहित्यलाई नसमेटी लोकसाहित्यको लोकगीत विधालाई मात्र समेटेको देखिन्छ ।
- प्रेम छोटाले धवलागिरिका कवि र कविता (२०६०) पुस्तकभित्रको लेखमा म्याग्दीको कवितायात्रा र केही कवि र कवयित्रीलाई चिनाएका छन् ।
- प्रेमछोटाले धवलागिरि वाङ्मय (२०६०) पुस्तकमा धवलागिरि वाङ्मयलाई ४ भागमा बाड्दै म्याग्दी जिल्लाका १४ जना साहित्यकारको नाम, जन्म र प्रकाशित कृतिहरू उल्लेख गरेका छन् ।

यसबाहेक म्याग्दी जिल्ला र अन्य ठाउबाट प्रकाशित भएका देउराली, म्याग्दीकुन्ज, परिमल लगायतका साहित्यिक पत्रिकाले म्याग्दी जिल्लाका साहित्यकार र साहित्यिक गतिविधिका बारेमा चिनारी दिएका छन् । यी पूर्वकार्यले म्याग्दीको साहित्यिक गतिविधि र सर्वेक्षण गर्न उल्लेख्य भूमिका खेलेको देखिन्छ ।

## १.७ शोधकार्यको औचित्य र महत्त्व

यस शोधपत्रमा म्याग्दी जिल्लाको सामान्य चिनारी दिदै यहाको साहित्यका बारेमा सर्वेक्षण गरिएको छ । 'म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण' शीर्षकको शोधपत्रमा म्याग्दी जिल्लाको सामान्य चिनारीदेखि लिएर समग्र साहित्यिक गतिविधि, परम्परा, विधागत योगदान, सङ्घसंस्था, पत्रपत्रिका, पुरस्कार र साहित्यकारहरूको सूची र प्रतिनिधि साहित्यकारको सङ्क्षेपमा कृतिगत अध्ययन गरिएको छ साथै म्याग्दीको साहित्यिक गतिविधिको सुव्यवस्थित अध्ययन गरिएकाले प्रस्तुत शोधपत्रको औचित्य सान्दर्भिक देखिन्छ । यस कार्यले आगामी दिनमा कुनै पनि व्यक्तिका लागि क्षेत्रीय अध्ययन गर्न खोजेका खण्डमा महत्त्वपूर्ण भूमिका खेल्नेछ । त्यस्तै म्याग्दीको साहित्यिक गतिविधिबारे जान्न चाहने जिज्ञासु व्यक्तिका लागि यो शोधपत्र उपयोगी स्रोत बन्ने भएका कारण पनि प्रस्तुत शोधपत्रको महत्त्व र औचित्य प्रष्ट हुन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा म्याग्दी जिल्लाको सीमाभित्र रही जिल्लाको चिनारी, लोकसाहित्य, अभिलेख, साहित्य लेखनपरम्परा र जिल्ला भित्र र बाहिर रही नेपाली र म्याग्देली साहित्यमा योगदान गरिरहेका म्याग्देली साहित्यकारको नाम र कृतिगत विवरण प्रस्तुत गरिएको छ । यसका साथै साहित्यिक लेखनमा प्रभाव पार्ने पत्रपत्रिका, सङ्घसंस्था र पुरस्कारको सर्वेक्षणात्मकसूची पनि यसै सीमाभित्र राखिएको छ । म्याग्दी जिल्लाका प्रतिनिधि साहित्यकार र तिनका कृतिको अध्ययन र विश्लेषण तथा समग्र म्याग्देली साहित्यिक योगदानको मूल्याङ्कन पनि प्रस्तुत शोधकार्यको सीमाभित्र पर्दछ । यसरी सर्वेक्षण गर्दा निरन्तर म्याग्दीको साहित्यमा कृति प्रकाशन गरेर या नगरेर सेवा गरिरहने, कम्तीमा १ वटा कृति प्रकाशन भएका (२०६४ सालसम्मका) साहित्यकारहरूलाई समावेश गरी प्रस्तुत गरिएको छ । यही नै प्रस्तुत शोधकार्यको सीमा हो ।

## १.९ शोधविधि

प्रस्तुत 'म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण' शीर्षकको शोधकार्यमा शोधगर्दा सबभन्दा पहिले प्रश्नावली तयार गरी लिखित तथा मौखिक अन्तर्वार्ताका माध्यमबाट म्याग्दी जिल्लाका साहित्यकारहरूको सूचीको विवरण तथा सामग्री सङ्कलन गरिएको छ । कतिपय साहित्यकारहरूको विवरण, सङ्कलन गर्न टेलिफोन, चिठीपत्र तथा साहित्यकारको नातेदारहरूबाट प्राप्त जानकारीलाई आधार बनाइएको छ । विभिन्न सङ्घसंस्थाबाट प्रकाशित पत्रपत्रिका एवम् पूर्वकार्यको विवरणमा उल्लेख गरिएका सन्दर्भसामग्री सङ्कलन गर्दा पुस्तकालयीय अध्ययनपद्धतिलाई आगालिएको छ ।

यसरी विभिन्न स्रोतबाट प्राप्त सामग्रीलाई आवश्यकताअनुसार वर्णनात्मक, विवरणात्मक, परिचयात्मक एवम् विश्लेषणात्मक प्रस्तुति गरिएको छ । साथै मूल्याङ्कनको क्रममा कृतिपरक समालोचना प्रणालीलाई पनि आधार मानी तिनको प्रवृत्तिगत अध्ययन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखाः

यस शोधकार्यको उपलब्धिलाई सुव्यवस्थित पार्न निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ -

पहिलो परिच्छेदः शोधपरिचय
दोस्रो परिच्छेद : म्याग्दी जिल्लाको परिचय
तेस्रो परिच्छेद : म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण
चौथो परिच्छेद : म्याग्दी जिल्लाका प्रतिनिधि साहित्यकारको सङ्क्षिप्त चिनारी
पााचौ परिच्छेद : उपसंहार

शोधपत्रको अन्तमा सन्दर्भग्रन्थसूची र परिशिष्ट दिइएको छ ।

### दोस्रो परिच्छेद

# म्याग्दी जिल्लाको परिचय

## २.१ भौगोलिक अवस्थिति

म्याग्दी जिल्ला पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत रहेको धौलागिरि अञ्चलमा पर्दछ । यो जिल्ला पूर्वमा कास्की, पर्वत र मनाङ, पश्चिममा बागलुङ, रुकुम उत्तरमा मुस्ताङ र डोल्पा तथा दक्षिणमा बागलुङ जिल्लाले घेरिएको छ । यो जिल्ला मध्यपहाडी क्षेत्रमा पर्दछ । यसले उत्तरको हिमाली क्षेत्रलाई छोए पनि दक्षिणको तराई मैदानी भूभागलाई छुन सकेको छैन । यस जिल्लामा अग्लाअग्ला पहाडहरू रहेका छन् । यस जिल्लाको भौगोलिक अवस्थिति उत्तरबाट क्रमशः दक्षिणतर्फ ढल्किएको छ ।[ग] म्याग्दी जिल्लाको सदरमुकाम बेनीबजार हो ।

म्याग्दी जिल्ला महाभारत पर्वतशृङ्खलाअन्तर्गत पर्दछ ।[ङ] यो सामुद्रिक सतहबाट न्युनतम ७९२ मिटरदेखि (रत्नेचौर) अधिकतम ८१६९ मिटरसम्मको (धौलागिरि हिमाल) उचाइमा रहेको छ । यस जिल्लाको कुल क्षेत्रफल २,२९,७०६ वर्ग कि.मि. (२,२९,७०६ हेक्टर) छ । विश्वमानचित्रमा हेर्दा यो जिल्ला ८३.०८ देखि ८३.५३ सम्म पूर्वी देशान्तर तथा २८.२० देखि २८.४७ सम्म उत्तरी अक्षांशसम्म फैलिएको छ ।[घ] भौगोलिक स्वरूपका दृष्टिले हेर्दा यस जिल्लाले बोसीमा ८%, उच्च पहाडीमा ५६% तथा हिमाली क्षेत्रमा ३६% भूभाग ओगटेको छ ।

म्याग्दी जिल्लाको वर्तमान सिमाना २०३१ सालमा पर्वत र मुस्ताङबाट १० गा.वि.स. यस जिल्लामा गाभिन आएपछि कायम हुन आएको हो ।[ङ] हाल यस जिल्लामा ४१ गा.वि.स., १ सदरमुकाम, १ निर्वाचन क्षेत्र, ११ इलाका तथा ३६९ वडाहरू रहेका छन् ।[छ]

## २.२ म्याग्दी जिल्लाको नामकरण

---

[१] **मेचीदेखी महाकाली**, भाग ३, श्री ५ को सरकार, पृष्ठ ६२१ ।

[२] ऐजन, पृष्ठ ६२१ ।

[३] ऐजन, पृष्ठ ६२१ ।

[४] चन्द्रप्रकाश वानिया, **ऐतिहासिक पर्वत राज्य**, (बेनी : म्याग्दी पुस्तकालय, २०६३) पृष्ठ १२३ ।

[५] जिल्ला विकास समिति, म्याग्दी, **वस्तुगत विवरण** (२०६३/०६४) पृष्ठ १ ।

म्याग्दी जिल्लाको नामकरणका सम्बन्धमा थुप्रै प्रसङ्गहरू पाइन्छन् । खास गरी जिल्ला विभाजन गर्ने क्रममा म्याग्दी नदीको नामबाट यस जिल्लाको नाम रहन गएको हो । यो नदी पश्चिमबाट दक्षिणतर्फ बग्ने क्रममा म्याग्दी जिल्लाका धेरैजसो भूभाग हुादै अगाडि बढेको छ । म्याग्दीको गूढ अर्थ खोज्नु भन्दा पनि नदीको नाम 'म्याग्दी' किन रह्यो त ? भन्ने सन्दर्भमा विभिन्न प्रसङ्गहरू उल्लेख गर्नु वाञ्छनीय देखिन्छ ।

एक प्रसङ्गअनुसार दुर्गासप्तसतीमा वर्णित "जयन्ती मंगलाकाली भद्रकाली" भन्ने पादीशको देवी भगवतीका सय नाममध्ये एउटा 'मंगला' नामबाट नै नदीको नाम रहेको र कालान्तरमा अपभ्रंश भै 'म्याग्दी' हुन गएको भन्ने भनाइ छ ।[ट]

अर्को प्रसङ्गअनुसार म्याग्दी नदीको पुरानो नाम मायानदी हो र यही नाम अपभ्रंश भै 'म्याङ्दी' हुादै म्याग्दी हुन गएको हो ।[ठ]

थप प्रसङ्गअनुसार यस जिल्ला रहेको क्षेत्रलाई पहिले मगराात क्षेत्र भनिन्थ्यो । यहाा मगर जातिहरूले बसोबास गर्दै आइरहेका छन् । मगरहरूको बस्ती भएका कारण यहााको ठाउामा नामहरू पनि मगर भाषामा नै राखिएका छन् । नामका अन्तमा 'ङ' (बागलुङ, बाजुङ, पाङ) 'जा' (धमजा, रामजा, गुरजा) दि/डि (म्याग्दी, मोदी, लस्दी, ज्ञादी, लुङ्दी, रिडी) जस्ता प्रत्यय लागेर बनेका शब्दहरू मगर भाषामा प्रशस्तै पाइन्छन् । मगर भाषामा रहेका केही शब्दमा 'दी' प्रत्यय लगाएर शब्द बनाउने क्रममा म्याग्दी नामकरण हुन पुगेको हो भन्ने भनाइ छ ।[ड]

जिल्लाको नामकरणमा भाषालाई पनि लिन सकिन्छ । मगर भाषामा 'मेङ' भनेको थापा र 'दी' भनेको नदी भन्ने हुन्छ । इसाको तेह्रौं शताब्दीको अन्त र चौधौं शताब्दीको सुरुतिर ताकम, ज्यामरुकोट र पुलामा थापाहरूले राज्य गर्थे । थापाहरू पहिले मगर भएपनि पछि जनैधारण गरी क्षेत्री र ठकुरीमा रूपान्तरण भएका थिए । ती थापाहरू पहिलेका 'मेङ' उपथरकै मगरहरू थिए । यसै आधारमा उनीहरूको

---

[६] ऐजन, पृष्ठ १ ।

[७] ऐजन, पृष्ठ २ ।

[८] ठाकुर पराजुली, "धवलागिरि अञ्चलको साहित्यिक रूपरेखा र स्थानीय कथा क्षितिज-भूमिका", **धवलागिरिका कथाहरू**, सम्पा. प्रेम छोटा, (काठमाडौं : ने.रा.प्र.प्र., २०५३) पृष्ठ १ ।

आसपासमा बग्ने नदीलाई 'मेङ्दी' भनियो । (मेङ्-थापा,दी-नदी) अहिले पनि यहााका स्थानीय मगरहरू म्याग्दी नदीलाई म्याग्दी नभनी 'मेङ्दी भन्ने गर्छन् ।[९]

यसरी म्याग्दी जिल्लाको नामकरणका सम्बन्धमा विभिन्न प्रसङ्ग या विचार प्रस्तुत हुादै आएपनि यसको नामकरण नदीको नामबाट भएको हो भन्ने कुरा बढी तथ्यपरक देखिन्छ ।

## २.३ प्राकृतिक अवस्था

प्राकृतिक दृष्टिले हेर्दा यो जिल्ला महत्त्वपूर्ण जिल्लाका रूपमा चिनिन्छ । यस जिल्लाको प्राकृतिक सौन्दर्यलाई यहाा रहेका नदी, झरना, कुण्ड, गल्छी, हिमालय, वनस्पति, खनिज आदिले चिनाएका छन् । प्राकृतिक सौन्दर्यको कुरा गर्दा २ प्रमुख नदी म्याग्दी र कालीगण्डकी यसै जिल्ला भएर दक्षिणतर्फ बगेका छन् । राष्ट्रिय स्तरमै पहिचान राख्न सफल भूतातोपानी (तातोपानी), सिंगा तातोपानी (सिंगा) कुण्डहरू यस जिल्लामा रहेका छन् । पर्यटकीय आकर्षणका दृष्टिले महत्त्वपूर्ण मानिएको रूप्से झरना (दाना) यस जिल्लालाई राष्ट्रिय स्तरमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरसम्म नै उच्च बनाएको छ । विश्वका अग्ला शिखरहरूमध्ये धौलागिरि हिमाल र गुर्जा हिमाल यसै क्षेत्रमा रहेका छन् ।[१०]

म्याग्दी जिल्लाको प्राकृतिक अवस्थालाई चिनाउने अर्को स्रोत वनजङ्गल हो । यस जिल्लाको कुल क्षेत्रफलको ८४,४५२ हेक्टर जमिनलाई वनजङ्गलले ढाकेको छ । जसले म्याग्दीको प्राकृतिक सौन्दर्य बढाउन महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । यस जङ्गलमा सल्ला, साल, ओखर, सिमु, उत्तीस, चिलाउने, गुराास, काफल, मौवा, टुनी, तिजु, निगालो जातका वनस्पतिहरू पाइन्छन् । जङ्गली पशुपंक्षीहरूमा बाघ, भालु, कस्तुरी, थार, घोरल, बाादर र पक्षीमा च्याखुरा, डाांफे, कालिज,तित्रा, ढुकुर, मुनाल

---

[९] चन्द्रप्रकाश वानिया, 'म्याग्दी जिल्लाको ऐतिहासिक चिनारी', **म्याग्दीप्रवाह,** (वर्ष १, अंक १, २०५५) पृष्ठ १ ।

[१०] विन्दुराज सिग्देल, 'म्याग्दी जिल्ला परिचय', **अन्तर्राष्ट्रिय मञ्च,** (वर्ष १६, अंक १, २०५७, साउन) पृष्ठ ४१) ।

जस्ता पशुपक्षीहरूपनि यहाा रहेका छन् । यिनले पनि म्याग्दीको प्राकृतिक सौन्दर्य बढाउन महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।[११]

म्याग्दी जिल्लाको प्राकृतिक अवस्थालाई चिनाउने अन्य स्रोतमा खानी र पर्यटकीय स्थलहरू पनि हुन् । यस जिल्लामा १८ खानी रहेको जानकारी पाइन्छ ।[१२] त्यस्तै ढोरपाटन, ताकम, गुर्जा, शिख, पुनहील जस्ता महत्त्वपूर्ण स्थलहरूले पनि म्याग्दी जिल्लाको प्राकृतिक सौन्दयलाई चिनाएका छन् ।[१३]

म्याग्दी जिल्लामा रहेका विभिन्न नदी, ताल, झरना, कुण्ड, वनस्पति, पशुपक्षी आदिको प्राकृतिक सौन्दर्यका बारेमा यहााका साहित्यकारहरूका कृतिमा वर्णन गरेको पाइन्छ ।

## २.४ ऐतिहासिक चिनारी

म्याग्दी जिल्ला वर्तमान समयमा आएर मात्र प्रख्यात भएको होइन । ऐतिहासिकताका दृष्टिले पनि महत्त्वपूर्ण मानिएको छ । ऐतिहासिकताको प्रसङ्ग निकाल्दा प्राचीन कालसम्म पुग्नुपर्ने हुन्छ । प्राचीन कालमा राजा मानदेवले आफ्ना सामन्तलाई दबाउन गण्डकीपारि मल्लपुरी पुगेर सामन्त दबाएको कुरा चाागुनारायण मन्दिरको वि.सं. ५२२ को अभिलेखमा उल्लेख छ ।[१४] यस अभिलेखलाई आधार मान्दा पनि गण्डकीपारि पुगी मल्लपुरीलाई दबाएको ठाउा बाग्लुङ र बेनीलाई तोकिएको छ । त्यसबेला मानाङ्क मुद्रा बागलुङमा पाइएकाले पनि मल्लपुरी भन्नाले बागलुङ र बेनी यतै हुनुपर्छ भन्ने कुराले पनि म्याग्दीको ऐतिहासिक पक्षको पुष्टि गर्दछ ।

थापा राज्यकालमा बगाले थापाहरूले ताकमलाई आफ्नो राज्यको केन्द्र मानी ३०० वर्षजति शासन गरेका थिए । पछि ती थापाहरूले मगरहरूलाई खुसी पार्न

---

[११] **मेचीदेखि महाकाली**; पूर्ववत्, पृष्ठ ६२१ ।

[१२] चन्द्रप्रकाश वानिया, पूर्ववत्, पृष्ठ १२६ ।

[१३] ऐजन, पृष्ठ ४१ ।

[१४] चन्द्रप्रकाश वानिया, पूर्ववत्, पृष्ठ ३ ।

नसक्दा रुकुमबाट आनन्द बमलाई ल्याई ताकमको राजा बनाए । थापा राज्यकालमा ताकम अत्यन्त प्रतिष्ठित राज्य मानिन्छ ।[15]

मध्यकालमा आएर (पन्ध्रौं शताब्दी) नेपाल बाईसे चौबीसे राज्यमा विभाजित हुन्छ । त्यसपछि विधिवत् रूपमा वि.सं. १४९३ तिर आनन्द बमद्वारा पर्वतराज्यको स्थापना हुन्छ । त्यसबेला यस राज्यको विस्तार वर्तमान म्याग्दी, डोल्पा, बागलुङ र पर्वतका साथै मुस्ताङ जिल्लासम्म पुगेको जानकारी पाइन्छ । यस आधारबाट हेर्दा पनि म्याग्दीको पूर्वइतिहास पर्वत राज्यसित गाासिएको देखिन्छ । त्यस समयमा व्यापारिक मार्गका ५ बाटाहरूमध्ये तराईदेखि बेनी हुादै तिब्बतसम्मको मार्गलाई प्रमुख मार्ग मानिएको छ । त्यसमा समय व्यापार गर्न मानिसहरू तराई र काठमाडौंबाट यस क्षेत्रमा आउने गर्दथे । त्यतिबेला गााजा, फलाम र तामाको व्यापार अत्यधिक हुने गरेको जानकारी पाइन्छ । यसबखत बेनी प्रमुख व्यापारिक केन्द्र थियो ।[16] यस कुरालाई मध्यनजर गर्दा पनि ऐतिहासिक समयमा म्याग्दी धेरै चर्चित ठाउा थियो भन्ने प्रष्ट हुन्छ ।

पर्वत राज्यकालमा आनन्द बमपछि १४जना राजाहरूले शासन गरेका थिए । सुरुसुरुका राजाहरूले बेनीलाई हिउादे राजधानी बनाए । पछि मलेबम मल्लको पालामा आएर बेनी स्थायी राजधानी बनेको छ । त्यसपछिका करिब ६ जना राजाहरूले बेनीलाई स्थायी राजधानी बनाई लामो समयसम्म शासन गरेका छन् ।[17]

आधुनिक कालमा आएर गोरखाका राजा पृथ्वीनारायण शाहबाट नेपालको एकीकरण कार्य प्रारम्भ हुन्छ । त्यसपछि वि.सं. १८४३ आश्विन १४ गतेका दिन गोरखाले पर्वतमाथि आक्रमण गरी विजय प्राप्त गर्छ । उक्त विजयपश्चात् बेनी सदाका लागि नेपालमा गाभिन पुग्छ ।[18]

---

[१५] ऐजन पृष्ठ १२७ ।

[१६] टेकबहादुर श्रेष्ठ, **पर्वतराज्यको ऐतिहासिक रूपरेखा,** (कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धन केन्द्र, २०५९) पृष्ठ १४३-१५९ ।

[१७] ऐजन, पृष्ठ ५२ ।

[१८] ऐजन, पृष्ठ ५२ ।

वि.सं. २०१८ मा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरिएपछि बेनी पुन अहिलेको म्याग्दी जिल्लाको सदरमुकाम हुन पुगेको हो ।

## २.५ मन्दिर एवम् धार्मिक स्थलहरू

मुक्ति क्षेत्रबाट बहादै आएकी पवित्र कालिगण्डकी नदीको प्रश्रवण प्रदेश भएकाले परापूर्वकालदेखि म्याग्दी पवित्र भूमि मानिदै आएको छ । नेपालको इतिहासमा उल्लिखित बाईसे र चौवीसे राज्यहरूमध्येको शक्तिशाली र सम्पन्न राज्य पर्वत मानिन्छ । यहाा धार्मिक भावनाले ओतप्रोत भएका राजाहरूद्वारा लामो समयदेखि शासित हुादै आएको देखिन्छ । प्राचीन पर्वत राज्यअन्तर्गतको यस म्याग्दी जिल्लामा विभिन्न देवदेवीका मन्दिर एवम् धार्मिक स्थलहरू पहिलेदेखि नै प्रसिद्ध हुादै आएका छन् । यस जिल्लामा रहेका प्रायः जसो मन्दिर एवम् धार्मिक स्थलहरू सदरमुकाम र त्यसका आसपासमा रहेका छन् ।

म्याग्दी जिल्लामा अवस्थित धार्मिक स्थल तथा मन्दिरहरूमा गलेश्वर मन्दिर (गलेश्वर), रिखार, मालिका मन्दिर, गिद्देश्वरी मन्दिर, ताकमकोट, भगवती मन्दिर आदि प्रमुख रहेका छन् । अन्य मन्दिर एवम् धार्मिक स्थलहरूमा वरनाथ गुफा (पुलाडााडा) पेरिभराको ताल र मन्दिर (हिस्तान) शिव मन्दिर (मुना, दरखोला), भगवती मन्दिर (राजदाङ), भगवती मन्दिर (ओखरबोट), दुर्गा भवानीको मन्दिर (रुम, धुलेमेला (वरङ्जा) कोट मन्दिर (पातलेखेत) बराहमन्दिर (राम्चे) पर्छन् । यी उल्लिखित विभिन्न मन्दिर एवम् तीर्थस्थलहरूमध्ये कालिगण्डकी र रघुगङ्गाको किनारमा अवस्थित विशाल दक्षशिलामाथि रहेको गलेश्वर मन्दिर र पुलहाश्रम विशेष महत्त्वपूर्ण मानिन्छन् ।[१९]

## २.६ सामाजिक सन्दर्भ

समाज विभिन्न जातजाति, भाषाभाषी, धार्मिक सम्प्रदायको संयोगबाट बनेको हुन्छ । एक्लो व्यक्तिबाट समाज बन्न सक्दैन । समाज भौगोलिकस्थिति अनुरूप

---

[१९] लालबहादुर बानिया, **म्याग्दी जिल्लाको धार्मिक सम्पदा**, (म्याग्दी : लेखक स्वयम्, २०४३) पृष्ठ ४५ ।

भिन्नभिन्न खालको हुन्छ ।[२०] कुनै एक स्थानमा बसेका एकै प्रकारको सोच र मान्यता रहेका मानिसहरूको समूहलाई समाज भनिन्छ ।[२१] समाज बहुक्रियात्मक जटिल संरचना हो; जुन निश्चित नियम, प्रथा, मान्यता, चलन, रीतिअनुसार संरचित हुन्छ । यी पक्षहरूले सामाजिक व्यवस्थामा कानुन, ऐन वा नियमसरह भूमिका खेलेका हुन्छन् ।[२२] भौतिक विकासका सागै सामाजिक विकास हुादै जान्छ । वर्तमान हाम्रो समाज वर्गसङ्घर्षको समाज हो । वर्गसङ्घर्षबाट हाम्रो समाज अघि बढिरहेको छ । समाजमा भौतिक आधारमा उत्पादन पद्धतिको विशिष्टता हुन्छ र यो परिवर्तन हुादै जान्छ । यस किसिमको परिवर्तनसागै सामाजिक इतिहास निर्माण हुन्छ ।

वर्तमान म्याग्देली समाज भन्नाले म्याग्दी जिल्लामा बसोबास गर्ने अलगअलग मानिसहरूको सामूहिक रूप हो । म्याग्दी जिल्लामा विभिन्न भाषाभाषी, जातजाति, संस्कृति रीतिरिवाज, धर्म, लिङ्ग, पेसा, वर्ग, सोच, मान्यता भएका मानिसहरू बसोबास गर्ने गर्दछन् । यहााको समाजमा व्यक्ति, वर्ग र जातिअनुरूपको सामाजिक भूमिका पाइन्छ । विविधतामा एकता पाइनु यस जिल्लाको मुख्य सामाजिक विशेषता हो ।

## २.७ सांस्कृतिक सन्दर्भ

संस्कृति भनेको एउटा जनसमूहको साझा जीवनशैली हो । यो विश्वास र धारणाको एकता पनि हो र यसका कारण मानिसहरू एकै ठाउामा मिलेर बस्छन् । संस्कृतिका कारण नै एउटा मानव समूह अर्को मानव समूहभन्दा फरक देखिन्छ ।[२३] कुनै पनि समूहको संस्कृतिमा त्यस समूहका सदस्यले आफ्नो समाजमा अनुभव गर्ने तथा त्यहााबाट आर्जन गर्ने सम्पूर्ण ज्ञान, व्यवहार तथा विश्वासहरू समाविष्ट हुन्छन् र ती ज्ञान, व्यवहार तथा विश्वासहरू मानिएको शारीरिक विशेषताहरू जस्तो प्रजननका साथै जैविक रूपले एक पिंढीबाट अर्को पिंढीमा स्वभावतः सरेर जाने नभई समाजको

---

[२०] गणेशप्रसाद शर्मा, **बागलुङ जिल्लाको साहित्यिक योगदान,** अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५५, पृष्ठ १६ ।

[२१] पेशल, दाहाल र सोमप्रसाद खतिवडा, **नेपाली समाज र संस्कृति,** (काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, २०५७), पृष्ठ १ ।

[२२] तुलसीराम पौडेल, **संस्कृतिका नमुनाहरू एक परिचय,** (काठमाडौं : निमा पुस्तक प्रकाशन, २०५४) पृष्ठ ८ ।

[२३] गणेशप्रसाद अधिकारी, **समाजशास्त्र तथा मानवशास्त्र एक परिचय,** (काठमाडौं : रत्न पुस्तक भण्डार, २०५४) पृ ४७ ।

प्रत्येक सदस्यले सिक्नुपर्ने हुन्छ ।[२४] संस्कृतिले कुनै जातिको सङ्गीत, नृत्य वेषभूषा अथवा धार्मिक चलन तथा सामाजिक परम्परालाई बुझाउछ ।[२५]

म्याग्दी जिल्लाको संस्कृति आफ्नै भौगोलिक परिवेशअनुरूपको देखिन्छ । म्याग्दी जिल्लामा हिन्दूलगायत विविध धर्म मान्ने मान्छे छन् । यही कारण यहाा जाति र धर्मअनुरूपका संस्कृति देख्न सकिन्छ । यस जिल्लामा हिन्दू संस्कृतिअनुरूपका षोडश संस्कारहरू मनाउने चलन बढी छ । विशेष गरी यहााका ब्राहृमण, क्षेत्री, ठकुरी आदि जातिमा जन्मदा छैठी, न्वारन, व्रतबन्ध, विवाह तथा मृत्युमा गरिने संस्कारहरू गर्ने चलन छ । त्यस्तै मगर, गुरुङ, नेवार जातिमा पनि आआफ्नै संस्कृति रहेको पाइन्छ । यहााका ब्राहृमण, क्षेत्री, मगर, नेवार जातिले मान्छे मर्दा कालीगण्डकी, म्याग्दी र रघुगंगा नदीको घाटमा लगी जलाउने गर्दछन् । यहाा जुठो र सुत बार्ने चलन अद्यपि देख्न सकिन्छ । यहााका मानिसहरूको खानपान पनि जातिअनुरूप भिन्दाभिन्दै रहेको छ । विशेष गरी यहााका बाहुन, क्षेत्री, आटोपिठो, भात बढी खाने गर्छन् भने मगर, छन्त्याल, गुरुङ जातिहरूमा ढिडो, फापर, वाका परिकारहरू नै खाने गरेको देखिन्छ ।

## २.८ जनजाति

नेपाल बहुभाषी, बहुजाति, बहुसंस्कृति भएको मुलुक हो । यहाा अनेकतामा एकता रहेको छ । कुनै पनि जातजातिले यस देशको सांस्कृतिक अस्तित्वमा महत्त्वपूर्ण भूमिका खेलेको छ । म्याग्दी जिल्ला मगरहरूको बाहुल्य भएको जिल्ला भनेर चिनिएको छ । यो जिल्ला मगरात क्षेत्रअन्तर्गत पर्दछ । यहाा मगर जाति मात्र बसोबास नगरी ब्राहृमण, क्षेत्री, नेवार, ठकुरी, कामी, सार्की दमाई जस्ता थुप्रै जातिको बसोबास रहेको देखिन्छ ।

नेपालको जनगणना २०५८ अनुसार म्याग्दी जिल्लामा रहेका जातिको जातिगत विवरण निम्नानुसार रहेको पाइन्छ -

---

[२४] विहारीकृष्ण श्रेष्ठ, **कर्णाली लोकसंस्कृति, जनजीवन**, दियार गाउँका ठकुरीहरू, (काठमाडौं : ने.रा.प्र.प्र., (?)) पृष्ठ ३ ।

[२५] ऐजन पृष्ठ २ ।

**म्याग्दी जिल्लाका जातजातिको विवरण**

| जातजाति | प्रतिशत |
|---|---|
| क्षेत्री | 16.47 |
| मगर | 41.78 |
| ब्राहृमण | 7.82 |
| नेवार | 1.36 |
| दमाइ | 4.53 |
| ठकुरी | 2 |
| कामी | 13.2 |
| सार्की | 2.82 |
| अन्य | 5 |

*स्रोतः राष्ट्रिय जनगणना २०५८ अनुसार ।*

## २.९ चाडपर्वः

साधारण अर्थमा चाडपर्व भन्नाले धार्मिक वा अन्य कुनै प्रकारको उत्सव विशेष बुझिन्छ । यस्ता चाडपर्वहरू थुप्रै किसिमका हुन्छन् । कुनै चाडपर्वले धार्मिक भावनालाई व्यक्त गरेका हुन्छन् भने कुनै चाडपर्वले सामाजिक तथा सांस्कृतिक जीवनसाग सम्बन्धित भएका हुन्छन् । नेपाल विभिन्न जाति, भाषा, संस्कृति भएका मानिसहरूको साझा फूलबारी हो । यहााका यिनै मानिसहरूले कुनै न कुनै अवसर पारेर विभिन्न उत्सवहरू आयोजना गरेका हुन्छन् । त्यसै आयोजनालाई चाडपर्व भन्ने गरिन्छ ।[२८] नेपाल बहुभाषी र बहुजाति मुलुक भएकाले यहाा बेलामौकामा जातिअनुसारका थुप्रै चाडपर्वहरू मनाउने गरिन्छ ।

---

[२६] पेशल दाहाल र सोमप्रसाद खतिवडा, पूर्ववत् पृष्ठ ६८ ।

म्याग्दी जिल्ला मगर जातिहरूको बाहुल्य भएको जिल्ला हो । यस जिल्लामा मगर जातिका अतिरिक्त अन्य जातिहरू पनि रहेका छन् । म्याग्दी जिल्लामा राष्ट्रिय स्तरमै मनाइने चाडहरू जस्तै दसैं, तिहार, फागु, श्रीपञ्चमी, तीज, जनैपूर्णिमा, नयाा वर्ष, शिवरात्रिजस्ता थुप्रै चाडपर्वहरू मनाउने गरिन्छ । त्यस्तै जातिअनुसारका चाडपर्वहरू पनि यहाा मनाउने गरिएको छ ।

## २.१० भाषा र भाषिका

भाषा विचारविनिमयको साधन हो । यसमार्फत मानिसहरू आफ्ना मनका भावनाहरू अरूसमक्ष सम्प्रेषण गर्दछन् भने भाषाकै माध्यमबाट अरूका विचार मानिसले ग्रहण गरेको हुन्छ । भाषा भौगोलिक दूरी, सामाजिक तथा सांस्कृतिक वातावरण र समयको लामो अन्तरालका कारण फरकफरक हाादै देखापरेको हुन्छ । यसलाई नै भाषिक भेद भन्ने गरिन्छ ।[२७] भाषाको क्षेत्रीय भेद नै भाषिका हो ।[२८] नेपाल बहुभाषी, बहुजाति देश भएकाले यहाा भौगोलिक परिवेशअनुरूप भिन्दाभिन्दै भाषा बोलिन्छन् ।

म्याग्दी जिल्लामा नेपाली भाषाका अतिरिक्त मगर र छन्त्याल भाषालाई पनि मुख्य भाषाको रूपमा प्रयोग गरिादै आएको छ । म्याग्दी जिल्लामा भारोपेली परिवारको (उर्दू र नेपाली) तथा तिब्बती परिवारका भाषाको मगर, छन्त्याल, गुरुङ, नेवार जस्ता भाषाहरू बोलिन्छन् । म्याग्दी जिल्लामा मगर र छन्त्याल भाषाका मानिसहरू विकट पहाडी गाउामा बस्ती जमाएर बसेका छन् भने अन्य जातिहरू सदरमुकाम र आसपासका क्षेत्रमा रहेका छन् । यस जिल्लाका मानिसको भाषामा छुट्टै जातिगत शब्द, ध्वनि, रूपको विशेषता पाउन सकिन्छ । म्याग्दी जिल्लामा बोलिने भाषाहरूको विवरणलाई तल उल्लेख गरिएको छ ।

---

[२७] हीरामणि शर्मा, पौड्याल, **पर्वती भाषिकाको स्वरूप र संरचना**, (वाराणसी : न्यु कमला मुद्रण, २०४४) पृष्ठ १ ।

[२८] भोलानाथ तिवारी, **भाषाविज्ञान**, नवौं संस्क., (इलाहावाद : किताबमहल, २०५५) पृष्ठ ६१ ।

**म्याग्दी जिल्लाको भाषिक स्थिति**

| भाषा | प्रतिशत |
|---|---|
| नेपाली | 55% |
| मगर | 25% |
| गुरुङ | 3% |
| नेवार | 2% |
| छन्त्याल | 5% |
| अन्य | 10% |

*स्रोतः राष्ट्रिय जनगणना २०५८ अनुसार*

## २.११ आर्थिक स्थिति

मानवीय जीवनको बााच्ने मुख्य आधार नै अर्थतन्त्र हो । अर्थविना कोही मानिस यस संसारमा चल्न सक्दैन । म्याग्दी जिल्लाको आर्थिकस्थिति मध्यकालीन समयदेखि सुदृढ रहादै आएको छ । मध्यकालीन समयमा म्याग्दी प्रमुख व्यापारिक नाका भएकै कारण व्यापारकै सिलसिलामा म्याग्दीले थुप्रै धनसम्पत्ति कमाएको थियो । त्यसबखत म्याग्दीको व्यापार दक्षिणमा तराई, उत्तरमा भोटसम्म रहेको बुझिन्छ । त्यतिबेला म्याग्दीमा तामा र सूर्तिको व्यापार अत्यधिक हुन्थ्यो । त्यस्तै यहाा धान, गहु, कोदो, फापर पनि उब्जाएको जानकारी पाइन्छ ।[२९] मध्यकालीन समयको म्याग्दीको आर्थिक स्रोतमा पशुपालन र उद्योगलाई पनि लिने गरिएको छ । यहाा १८ खानी भएको चर्चा पाइन्छ । त्यस्ता खानीबाट तामा र फलामका उद्योग सञ्चालन गरी म्याग्दीले थुप्रै लाभ प्राप्त गरेको थियो । पशुपालनका लागि गाई, भैंसी, भेडा, बाखा, घोडा जस्ता पशुहरू अत्यधिक पालिन्थे । तिनको दुध र घ्यु तथा मासु बेचेर थुप्रै पैसा कमाएको इतिहासमा उल्लेख छ ।[३०] त्यसबेला झारा प्रथा, भूमिव्यवस्था, कर भन्सार जस्ता आर्थिक पक्षका कुराहरू पनि उल्लेखनीय रहेका थिए ।[31]

[२९] टेकबहादुर श्रेष्ठ, **पर्वत राज्यको ऐतिहासिक रूपरेखा,** (कीर्तिपुर : नेपाल तथा एसियाली अनुसन्धान केन्द्र, २०५९) पृष्ठ २९ ।

[३०] टेकबहादुर श्रेष्ठ, ऐजन, पृष्ठ ३० ।

[३१] चन्द्रप्रकाश बानिया, पूर्ववत्, पृष्ठ ४० ।

आधुनिक कालमा म्याग्दीको अर्थतन्त्रमा ठूलै परिवर्तन आएको छ । पुराना मध्यकालीन  प्रथामा परिवर्तन आएर नयाा व्यवस्था र परिपाटीमा म्याग्दीको आर्थिक पक्ष अगाडि बढेको छ । २००७ सालको परिवर्तनपश्चात् म्याग्दी जिल्लामा नयाा लहर देखिन्छ । राष्ट्रियअन्तर्राष्ट्रिय परिवेशमा देखापरेको परिवर्तनको प्रभाव यस जिल्लामा पनि परेको छ । जसअनुसार हाल म्याग्दी जिल्लामा कृषिका अतिरिक्त उद्योगधन्दा, व्यापार र वैदेशिक रोजगारलाई आर्थिक आर्जनको मुख्य स्रोतका रूपमा लिइादै आइएको छ । त्यस्तै सरकारी जागिरे, ज्यालादारी, होटल, आदिलाई पनि आर्थिक पक्षभित्र नै समेटिएको पाइन्छ ।

## २.१२ शैक्षिक स्थिति

शिक्षा मानव जीवनका लागि नभई नहुने कुरा हो । शिक्षा जीवनभर चलिरहने एउटा प्रक्रिया पनि हो । शिक्षा गतिशील छ र सामाजिक परिवर्तनका  लागि शिक्षा नभई हुादैन ।[घद] शिक्षाले मानव जीवन र जगत्लाई प्रकाशमान तुल्याउाछ । म्याग्दी जिल्लामा शैक्षिक गतिविधिको प्रारम्भ २००७ सालतिरबाटै भएको हो तर यसको स्पष्ट जानकारी भने २०१० सालबाट मात्र भएको बुझिन्छ । २००७ सालको प्रजातन्त्र भन्दा अघिको म्याग्दीको शैक्षिक परम्परा गुरुकुलीय पद्धतिमा रहेको छ । त्यतिबेला मानिसहरू शिक्षाआर्जन गर्न बागलुङ, पर्वत र भारतका विभिन्न ठाउाहरूमा जान्थे । त्यतिबेलाको शिक्षा क, ख, रा पद्धति र ऐन स्रेस्तासम्बन्धी रहेको बुझिन्छ ।[घघ] मध्यकालीन समयमा म्याग्दीमा शिक्षाको राम्रो चहलपहल भएको कुरा विभिन्न विद्वान्हरूले म्याग्दीका विभिन्न ठाउामा रहेर धर्मशास्त्र, तन्त्रशास्त्र लेखेबाट प्रष्ट हुन्छ । मध्यकालीन समयको म्याग्दीको शैक्षिक स्थिति धार्मिक प्रवृत्तिबाट अघि बढेको छ । त्यतिबेलाका राजाहरू धार्मिक प्रवृत्तिका हुन्थे । राजाका दरबारमा थुप्रै विद्वान्हरूको जमघट तथा धर्म र नीतिका बारेमा विद्वान्हरूबीच छलफल हुन्थ्यो । सम्पूर्ण शैक्षिक

[३२] चिरञ्जीवी शर्मा र निर्मला शर्मा, **शिक्षा मनोविज्ञान**, (भोटाहिटी : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, २०५३) पृष्ठ २ ।

[३३] ठाकुरप्रसाद पराजुलीबाट प्राप्त जानकारीअनुसार (२०६४ असार) ।

व्यवस्था र परिपाटी राजतन्त्रात्मक भएर अघि बढेको देखिन्छ ।[घढ] म्याग्दी जिल्लाको शैक्षिक स्थिति औपचारिक रूपमा २०१०बाट प्रारम्भ भएको हो । २०१० सालमा प्रकाश प्राइमरी स्कुलका (२०१०) नाममा जिल्लामा पहिलोपटक सरकारी तवरबाट विद्यालय स्थापना हुन्छ । त्यसपछि म्याग्दीको शैक्षिक गतिविधि पनि लगत्तै प्रारम्भ हुन्छ ।[घछ] प्रकाश मिडिल स्कुल स्थापना अघि स्थानीयबासीको पहलमा राखू, वरङजा, दरबाङ, पुला, बाबियाचौर आदिमा निजीस्तरबाटै भएपनि शिक्षक झिकाई शिक्षण गर्ने परिपाटी भने रहादै आएको थियो ।[घट] यसरी म्याग्दीमा शैक्षिक गतिविधि प्रारम्भदेखि नै हुादै आएपनि २०१० सालदेखि औपचारिक रूपमा देखापरेको हो । २०२०/०२२ सालसम्म आइपुग्दा म्याग्दीका महत्त्वपूर्ण ठाउाहरू राखु, पुलाचौंर, बाबियाचौर, सिागा, दरबाङ, ताकम आदि ठाउामा सरकारीतवरबाट विद्यालयहरू खोलिसकिएका थिए र अन्य ठाउाहरूमा विद्यालय खोल्न तत्परता देखाएको देखिन्छ ।[घठ]

शिक्षा मानवीय जीवनको मुख्य आधार हो । शिक्षाले मानिसका लागि सही गोरेटो निर्माण गरिदिन्छ । शैक्षिक विकासविना अन्य विकासले पूर्णता प्राप्त गर्न सक्दैन । शैक्षिक क्षेत्रमा म्याग्दी निरन्तर अगि बढिरहेको छ । भौगोलिक विकटता, यातायात, सञ्चार, आदिको अभावका कारण म्याग्दीको शैक्षिक गतिविधि जुन रूपमा जानुपर्ने हो त्यस रूपमा गएको पाइादैन । म्याग्दीमा कुल साक्षरता ५८%, छात्रा ४७%, छात्र ६२% रहेको पाइन्छ । २०६४ सालसम्मको म्याग्दीको शैक्षिक स्थितिलाई यसप्रकार प्रस्तुत गरिएको छ ।

---

[३४] चन्द्रप्रकाश वानिया, पूर्ववत्, पृष्ठ ८१ ।

[३५] ठाकुर पराजुली, पूर्ववत्, (अन्तर्वार्ताअनुसार) ।

[३६] ऐजन ।

[३७] जि.वि.स. म्याग्दी, **वस्तुगत विवरण** (२०६४) पृष्ठ ७ ।

**म्याग्दी जिल्लाको शैक्षिक विवरण**

| तह | सामुदायिक/सार्वजनिक | निजी तथा आवासिय | जम्मा |
|---|---|---|---|
| प्रा.वि. | 194 | 14 | 208 |
| नि.मा.वि. | 33 | 1 | 34 |
| मा.वि. | 42 | 4 | 47 |
| उच्च मा.वि. | 5 | 1 | 6 |
| क्याम्पस | 1 | - | 1 |
| विद्यापीठ | 1 | - | 1 |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, २०६४ म्याग्दी*

## २.१३ निष्कर्ष

म्याग्दी जिल्ला आफ्नै पहिचान बोकेको एक पहाडी जिल्ला हो । यो जिल्ला भौगोलिक रूपले अति विकट जस्तो भए पनि प्राकृतिक र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण मानिादै आएको छ । यो जिल्ला मगराात क्षेत्रभित्र पर्ने मगरहरूको बाहुल्य भएको जिल्ला हो । यस जिल्लामा मगर जातिका अतिरिक्त अन्य ब्राहृमण, क्षेत्री, नेवार, कामी, सार्की जस्ता जातिको पनि बसोबास रहेको पाइन्छ । यो जिल्ला सांस्कृतिक दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छ । यहााको छन्त्याल र मगर संस्कृति नेपाल अधिराज्यभरि परिचित छ । भाषिक दृष्टिले यस जिल्लालाई हेर्दा यहाा प्रायजसो मानिसहरू मानक नेपाली भाषा नै प्रयोग गर्छन् भने मगर र छन्त्याल भाषा बोल्ने मानिसहरूको पनि बाहुल्य रहेको छ । म्याग्दी जिल्लालाई चिनाउने प्रमुख स्थलहरूमा भू-तातोपानी, सिगाा तातोपानी, अन्धगल्छी, रूप्से छहरा, धौलागिरि हिमाल,गुर्जा हिमाल, पौलत्स्य आश्रम, गलेश्वर मन्दिर आदि रहेका छन् । यी कुराहरूले म्याग्दीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म चिनाएका छन् । यस जिल्लामा हिन्दूधर्मका अतिरिक्त बौद्ध, इस्लाम, क्रिस्चियन जस्ता धर्म मान्ने मान्छेहरू पनि रहेका छन् । यस जिल्लाका मानिसहरू शिक्षा हासिल गर्नभन्दा धन कमाउन बढी आकर्षित देखिन्छन् । यहााका मानिसहरू भारतदेखि लिएर अरब राष्ट्रहरू, सिङ्गापुर, बेलायत, अमेरिका, जापान, कोरियालगायत

थुप्रै मुलुकमा पैसा कमाउन गएका छन् । शैक्षिक दृष्टिले हेर्दा यो जिल्ला अन्यको तुलनामा पछि परेको देखिन्छ । यो जिल्ला सञ्चार, यातायातका दृष्टिले सुगमतातर्फ ढल्किदै गएको देखिन्छ । यो जिल्ला विविध धर्म मान्ने मानिसहरू बसोबास गर्ने जिल्ला पनि हो । त्यसैले यहाा धर्मअनुरूपका विविध चाडवाड, संस्कृति, रहनसहन तथा खानपान देख्न सकिन्छ ।

## तेस्रो परिच्छेद

# म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण

## ३.१ पृष्ठभूमि

साहित्य भाषाको प्रयोगद्वारा सिर्जना गरिने कला हो । यसमा साहित्यकारको अनुभव र अनुभूतिको अभिव्यक्ति हुन्छ ।[१] साहित्यमा मानव जीवनका यथार्थ अभिव्यक्तिहरू पाइन्छन् । साहित्यले प्रकृति र जीवनका विविध पक्ष, मानवीय सभ्यता र संस्कृति, सामाजिक अवस्था र मानिसका मनको सूक्ष्मतम अनुभूति र अवस्थितिलाई आफ्नो विषयवस्तुमा समेटेको हुन्छ ।[२] साहित्य निर्माणमा अनुभव, सरस, हृदय र अध्ययनको आवश्यकता पर्दछ ।[३] जीवनलाई वर्तुल बनाई भिन्नभिन्न दृष्टिकोणले अध्ययन गरी भिन्नभिन्न मनोभावको सूक्ष्मताले मानव हृदयलाई स्पर्शन गर्न खोज्नु नै साहित्य हो ।[४] साहित्यलाई समाजको दर्पण पनि भनिन्छ । साहित्यकारले भाषाका माध्यमबाट बिम्ब, प्रतीक, अलङ्कार, छन्द, लय, ध्वनि, कथानक, रसानुभूतिका माध्यमद्वारा पाठकलाई साहित्यको कलात्मक सौन्दर्य प्रदान गर्दछ ।[५] साहित्यमा भाव र भाषाको अन्योन्याश्रित सम्बन्ध रहन्छ । साहित्यको लेखन अनुभव, अनुभूतिविना सम्भव छैन । साहित्यलेखनको एउटा निश्चित परम्परा हुन्छ । त्यही परम्परामा रहेर नेपाली साहित्य अगाडि बढेको पाइन्छ । सिङ्गो नेपाली साहित्यझैं म्याग्दी जिल्लाको साहित्य पनि लोकसाहित्य, अभिलेख हुदै साहित्यिक लेखनमा अघि बढेको देखिन्छ ।

## ३.२ लोकसाहित्य

लोकमा प्रचलित श्रुति परम्परामा आधारित विभिन्न लोकगीत, लोकगाथा, लोकनाटक, उखान, टुक्का, गाउखाने कथालाई लोकसाहित्य भनिन्छ ।[६] लोकसाहित्य श्रुतिपरम्परामा आधारित हुन्छ । यो एक पुस्तादेखि अर्को पुस्तासम्म हस्तान्तरित हादै

---

[१] दयाराम श्रेष्ठ, **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ,** दोस्रो संस्क. (काठमाडौं : त्रिकोण प्रकाशन, २०६१) पृष्ठ ५ ।

[२] हेमाङ्गराज अधिकारी, (सम्पा.) **प्रयोगात्मक नेपाली कोश,** (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६१) पृष्ठ ५४ ।

[३] दयाराम श्रेष्ठ, ऐजन, पृष्ठ १०५ ।

[४] टेकप्रसाद न्यौपाने, **साहित्यको रूपरेखा** (काठमाडौं : साझा प्रकाशन, २०५५) पृष्ठ ३ ।

[५] दयाराम श्रेष्ठ, ऐजन, पृष्ठ ४६ ।

[६] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक,** (काठमाडौं : वीणा प्रकाशन प्रा.लि., २०५७) पृष्ठ २६ ।

जान्छ ।[७] लोकसाहित्यमा लोकको भावना जोडिएको हुन्छ । यसमा कुनै किसिमको कृत्रिमता हुादैन । सहज र सरल हुनु लोकसाहित्यको मुख्य विशेषता हो । लोकसाहित्य लोकजीवनको मौखिक परम्परामा हुर्केको कहिल्यै नओइल्याउने साहित्य हो ।[८] यसमा लोकमानसका भावना समेटिएका हुन्छन् । लोकभावनाको स्वस्फूर्त अभिव्यक्ति प्रवाहबाट लोकसाहित्यको निर्माण हुन्छ ।[९] लोकले कहिल्यै नबिर्सने, श्रुतिपरम्परामा आधारित सरल र सहज साहित्यको रूपमा लोकसाहित्यलाई लिने गरिन्छ । नेपालको साहित्यिक इतिहास लोकसाहित्यसित प्रत्यक्ष सम्बन्धित छ । नेपालको साहित्यिक इतिहासझैं म्याग्दी जिल्लाको साहित्यिक पृष्ठभूमि पनि लोकसाहित्यसित सम्बन्धित रहेको छ ।

म्याग्दी जिल्ला लोकसाहित्यका दृष्टिले महत्त्वपूर्ण जिल्लाको रूपमा चिनिन्छ । यस जिल्लामा लोकगीत, लोकगाथा, लोकनाटक, उखान, टुक्काको प्रयोग प्रशस्त मात्रामा भएको छ । लोकसाहित्यका दृष्टिले यो जिल्ला धनी जिल्लाका रूपमा चिनिन्छ । यस जिल्लामा विभिन्न चाडपर्व,मेलापात आदिमा विभिन्न सवाई, वालुनहरू गाउने गरिन्छ । त्यस्तै यहाा कामकाज, मेलापात, घाासदाउरा गर्दा विभिन्न लोकगीत, लोकगाथा पनि गाउने गरिएको छ । यहााका लोकगीत, लोकगाथा, नाटकहरू यहीाको सेरोफेरोसित सम्बन्धित छन् । कुनै प्रतीकात्मक छन् भने कुनै सहज र सरल छन् । तिनमा ग्रामीण समाजका मानिसहरूको दुःखसुखको भावना समेटिएको छ । म्याग्दी जिल्लामा बढी फस्टाएको विधा लोकगीत हो । लोकगीतले म्याग्दी जिल्लाको स्थानीयतालाई झल्काएको पाइन्छ । लोकगीतको उदाहरण :

बेनीबजार कालीगण्डकी
हाास्ने खेल्ने बेलामा
रोएरै बित्यो जिन्दगी ।

---

[७] ऐजन पृष्ठ ३० ।

[८] चूडामणि वन्धु, **नेपाली लोकसाहित्य,** (थापाथली : एकता बुक्स प्रा.लि., २०५७) पृष्ठ २५ ।

[९] ठाकुर पराजुली, **नेपाली साहित्यको परिक्रमा,** (काठमाडौं : नेपाली विद्या प्रकाशन, २०४५) पृष्ठ ६५ ।

म्याग्दी जिल्लाका लोकगीत सहज र प्रतीकात्मक गरी दुई प्रकारका छन् ।[10] ती गीतले म्याग्दी जिल्लाको पहिचान दिलाउदै आएका छन् । म्याग्दी जिल्लामा लोकगीत पछि बढी महत्त्वपूर्ण विधा लोकगाथा हो । लोकगाथामा लोकमानसका दुःख, सुख, हाासो, आासु, पीडा व्यक्त गरिएको हुन्छ । म्याग्दी जिल्लामा यस्ता लोकगाथाहरू विभिन्न चाडपर्वमा बढी गाउने गरिएको छ । दसैमा गाउने मालसिरी गाथा, तीजमा गाउने सागिनी गाथा, मारुनी र सोरठी गाथा, मस्टो खेल, रामायण, महाभारत, कृष्ण चरित्र आदिमा आधारित विभिन्न धार्मिक गाथा यस क्षेत्रका प्रमुख गाथा हुन् ।[11] म्याग्दी जिल्लामा गाइने एक लोकगाथाको नमुना -

माइतीले माया मार्‍यो वरिलै
म्याग्दी खोलो, जन्मेको थलो
सात डाडा पारी पुर्‍याए मारी
छोरीको जन्म हारेको कर्म
ए मेरी आमै ! नहोस् कसैलाई
माइतीले माया मार्‍यो वरिलै ।

म्याग्दी जिल्लामा लोकगाथाभ्रै लोककथा पनि भन्ने र सुन्ने गरिन्छ । ग्रामीण भेगका अशिक्षित मानिसहरू दिनभरको थकान मेट्न, एकछिनको मनोरञ्जन लिन युवायुवती, बुढाबुढी सबैले यस्ता कथा भन्ने र सुन्ने गर्दछन् । म्याग्दी जिल्लामा राजारानीका कथा, पशुपक्षीका कथा, राजकुमार र राजकुमारीका कथा, जादु, टुनामुनाका कथा नै बढी भन्ने र सुन्ने गरिएको छ ।[12]

लोकनाटक, उखानटुक्का र गाउाखाने कथाहरू पनि यस जिल्लामा रोचकताका साथ भन्ने र प्रदर्शन गर्ने गरिन्छ । यहााका गाउाखाने कथा र उखान टुक्काले यहींको स्थानीयताको रंग भरेका छन् ।

---

[१०] राधिका मल्ल, **म्याग्दी जिल्लाका लोकगीतको अध्ययन**, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५६, पृष्ठ ७६ ।

[११] ऐजन ।

[१२] ऐजन ।

म्याग्दी जिल्लामा प्रचलित यी विविध लोकसाहित्यिक उपविधाहरूले म्याग्दीको साहित्यिक परम्परामा महत्त्वपूर्ण भूमिका खेलेका छन् । म्याग्दीको साहित्य प्रत्यक्ष लोकसाहित्यसित जोडिएको छ । लोकसाहित्यिक परम्पराको विकासमा भाषिक उठानका साथ अभिलेख, वाङ्मय हुादै लिखित साहित्यको विकास म्याग्दी जिल्लामा हुन गएको हो । अतः म्याग्दीको साहित्यिक, परम्परा र विकासमा लोकसाहित्यको प्रभाव र भूमिकालाई महत्त्वपूर्ण मानिन्छ ।

## ३.३ अभिलेख

अभिलेख सामान्यतया कडा वस्तुमा खोपेर, अक्षर कुद्ने या लेख्ने गरी तयार पारिएका हुन्छन् ।[13] ढुङ्गा वा धातुका पातामा कुादिएका प्राचीन सामग्री वा प्रामाणिक कागजात, लिखित विवरण वा रेकर्डलाई अभिलेख भनिन्छ ।[14] अभिलेखले कुनै पनि देशको इतिहास, भाषा, संस्कृति साहित्यको अध्ययनका लागि महत्त्वपूर्ण भूमिका खेल्दछ ।[15] अभिलेख ढुङ्गा या धातुमा लेखिने गरिन्छ ।आजकलको जस्तो मुद्रण वा छापाखानाको व्यवस्था प्राचीन समयमा नभएका कारण अभिलेखलाई नै अध्ययनको मुख्य स्रोत मानिएको छ । अभिलेखको खोजी वा अध्ययन गर्ने विज्ञानलाई अभिलेख विज्ञान भनिन्छ ।[16] अभिलेखबाट कुनै पनि देशको भाषिक तथा साहित्यिक विकासको पृष्ठभूमि पत्ता लगाउन सकिन्छ । नेपालको साहित्यिक विकासको पृष्ठभूमि अठारौं शताब्दीदेखि यता मानिनाको कारणमा अभिलेखलाई नै महत्त्वपूर्ण स्रोतको रूपमा लिइएको देखिन्छ । नेपालमा अभिलेखको थालनी चौधौं शताब्दीबाट भएको हो भने पन्ध्रौ शताब्दीदेखि टीकावाङ्मय र उन्नाईसौं शताब्दीदेखि साहित्ययात्रा आरम्भ भएको मानिन्छ ।[17] नेपालको साहित्यिक इतिहासझैं म्याग्दीको साहित्यिक इतिहासको पृष्ठभूमिमा अभिलेखले महत्त्वपूर्ण भूमिका खेलेको छ । म्याग्दी प्राचीन कालदेखि

---

[१३] सोमप्रसाद खतिवडा, **अभिलेख एवं मुद्राशास्त्र**, (काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, २०५९) पृष्ठ ७ ।

[१४] दयाराम श्रेष्ठ, पूर्ववत्, पृष्ठ ११७ ।

[१५] डा. पेशल दाहाल, **नेपालको इतिहास** (काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, २०५८) पृष्ठ १ ।

[१६] सोमप्रसाद खतिवडा, पूर्ववत्, पृष्ठ २ ।

[१७] ठाकुर पराजुली, पूर्ववत्, पृष्ठ ३० ।

विभिन्न राजा महाराजाद्वारा शासित हुादै आएको मुख्य थलो पनि हो । त्यसैले यहाा त्यस्ता थुप्रै अभिलेखहरू खोजी गरेको खण्डमा पत्ता लगाउन सकिन्छ । आजसम्मको अध्ययनमा राजा कीर्तिबम मल्लका पालामा पुलामा राखिएको ताम्रपत्र र राखु पिप्ले बोगटी पौवामा प्राप्त ताम्रपत्र उपलब्ध छन् । यी ताम्रपत्र शाके १७०१ र १८६६ मा राख्न लगाइएका हुन् । यिनको नमुना यस्तो रहेको पाइन्छ -

१. साके १७०१ मा पुलामा प्राप्त ताम्रपत्रको नमुना-

१. स्वस्ति श्री रामोजयति
२. स्वस्ति श्री मन्महाराजाधिराज
३. कीर्तिवम मल्लदे ज्यूलेह
४. राजा ९
५. रूप्रवानित्रा, रामदत्त बानियाले विंति
६. गऱ्या र रतन वानित्रा हिादै वानित्राले वितिं
७. संतानक षत पऱ्यामा हत्र जस्कन प-
८. रोस तसैकन पैले परि षानु पैडो छाप

..........................................................

..........................................................

..........................................................

..........................................................

२१. म दुस्या उमरभित्र खड्का अवर्सि
२२. छारादार संज्या सुदत चोरदार प्रीतिरा
२३. शाके १७०१ भाद्रपद ाासे, दिन १६ ग.
२४. ते रविवासरे ढोराहठानायाा लिप्ति

*स्रोतः राष्ट्रिय अभिलेखालय, काठमाडौं, अभिलेख नं. ६६, अभिलेख ११/११, वि.सं. २०५० ।*

२. राखु पिप्ले बोगटी पौवामा साके १८६६ मा प्राप्त ताम्रपत्रको नमुनाः

नमुना नं. २

स्वस्ति श्री गिरीराज चक्र चूडामणि नर नारायणे त्यादिविरुदावलि

.....................................................................................................

.......................................................... ।

*स्रोतः होमनाथ सुवेदीबाट प्राप्त पाण्डुलिपिअनुसार ।*

म्याग्दी जिल्ला ऐतिहासिक महत्त्व बोकेको जिल्ला हो । यस जिल्लाको प्राचीन इतिहास राम्रोसाग अध्ययन हुन सकेको छैन । यस जिल्लाको अभिलेखसम्बन्धी राम्रो अध्ययनअनुसन्धान हुन सकेका खण्डमा उल्लिखित २ ताम्रपत्रबाहेक अरू थुप्रै अभिलेख र पुराना ग्रन्थहरू पनि पत्ता लगाउन सकिन्छ । म्याग्दीको इतिहास र अभिलेख खोज्नु म्याग्दीबासीको प्रमुख कर्तव्य रहेको छ ।

## ३.४ म्याग्दी जिल्लाको साहित्यिक परम्परा

कुनै पनि साहित्यको विकास लोकसाहित्य, अभिलेख हुादै विकसित भएको मानिन्छ । भाषिक विकासले कुनै पनि देशको साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ । भाषा मानवीय अभिव्यक्तिको माध्यम हो । भाषाकै माध्यमबाट साहित्यले मौलाउने अवसर प्राप्त गरेको हुन्छ ।[१८] म्याग्दी जिल्लाको साहित्य पनि भाषिक विकास र लोकसाहित्यिक पृष्ठभूमिका साथमा अगाडि बढेको छ । यहााको साहित्य स्थानीयताको प्रभाव भन्दा पनि बौद्धिक चिन्तन र भाषावाङ्मयको परम्परामा हुर्किएको हो । तर म्याग्दीको साहित्यिक उठानमा सामाजिक परम्पराको भूमिकालाई पनि भुल्न सकिादैन । म्याग्दी जिल्लाको सामाजिक परम्परा निकै लामो रहेको छ । यही परम्परामा रहेर म्याग्दीको साहित्यिक विकास भएको पाइन्छ ।

म्याग्दी जिल्ला परापूर्वकालदेखि ऋषि, महर्षिहरूको तपोस्थलका रूपमा चिनिएको हुादा यहााको साहित्यिक परम्परा खोतल्न पौराणिक कालसम्म पुग्नुपर्ने हुन्छ । पौराणिक कालमा हालको म्याग्दी ऋषि, महर्षिहरूको तपोस्थल नै रहेको पाइन्छ । जहाा जडभरत, कपिलमुनि, पौलत्स्य जस्ता ऋषिमहर्षिले तपस्या गरेका थिए । त्यसबेला गुरुकुलीय शिक्षापद्धति कायम थियो ।[१९] यसबेला साहित्यिक उठानको चर्चा कहीाकतै पाइादैन तर पृष्ठभूमिको रूपमा भने कार्य गरेको देखिन्छ ।

ऐतिहासिक काल भाषाविकास र साहित्य उठानका दृष्टिले महत्त्वपूर्ण कालको रूपमा चिनिएको छ । त्यसबेला पर्वतराज्य अझ समृद्ध र शक्तिशाली राज्यको रूपमा

---

[१८] भोलानाथ तिवारी, पूर्ववत्, पृष्ठ ३ ।

[१९] चन्द्रप्रकाश बानिया, **ऐतिहासिक पर्वतराज्य** (बेनी : म्याग्दी पुस्तकालय, २०६३) पृष्ठ ४३ ।

चिनिएको छ । चौबीसे राज्यकालमा पर्वतको स्थिति अत्यन्त सुदृढ देखिन्छ । त्यसबेला विभिन्न चौधजना राजाहरूले राज्य गरेका थिए । त्यसको केन्द्र अहिलेको म्याग्दी र त्यसको राजधानी बेनी नै थियो । त्यसबखत कुमाउबाट बसाइा सरेर आएका विभिन्न विद्वान्हरूले संस्कृतमा साहित्यिक कृति रचना गरी यहााको साहित्यिक उठानलाई आधार दिएका थिए । त्यस्तै संवत् १७०२ तिर कुमाउबाट आएका लक्ष्मीदत्त पन्तले हालको म्याग्दी जिल्लाको दानामा बसी पुराण र धर्मशास्त्र, तन्त्रशास्त्रको लेखनकार्य गरेका थिए ।[२०] कुमाउबाटै आएका प्रेमनिधि पन्तले बेनीमा बसी 'मल्लादर्श टीका' र 'महैवमहात्म्य' लेखी स्थानीय परम्पराको जग बसालेको बुझिन्छ । यिनले नै संवत् १७८० तिर 'प्रायश्चित प्रदीप' र 'नृपश्लोकी' जस्ता धर्मशास्त्रलाई नेपाली भाषामा रूपान्तरण गर्ने कार्य गरी नेपाली भाषा र साहित्यको उठानमा महत्त्वपूर्ण भूमिका खेलेका थिए । राजा कीर्तिबम मल्लका पालामा वीरशाली पन्तले "विमल बोधानुभव' र 'कृष्ण चरित्र' जस्ता महाकाव्यको रचना गरेका थिए ।[२१]

ऐतिहासिक कालमा म्याग्दी जिल्ला साहित्यिक माहोलका दृष्टिमा अत्यन्त महत्त्वपूर्ण नै मानिएको छ । यद्यपि साहित्यिक कृति रचना गर्ने कार्य यहााका स्थानीय विद्वतजनबाट हुन नसकेपनि उठानका दृष्टिले भने महत्त्वपूर्ण नै मान्नुपर्छ ।

बाईसे चौबीसे राज्यकालको पतनपछि पनि म्याग्दीमा साहित्यिक लेखनपरम्परा यथावत् नै रहेको थियो । साके सम्वत् १७७२ तिर राम पाध्याले 'भूगोलविद्या' नामक हस्तलिखित ग्रन्थ रचना गरेका थिए । उनी पुलाका थिए । यो ग्रन्थ हालसम्म पनि उपलब्ध नै रहेको छ । आजसम्मको साहित्यिक खोज र अनुसन्धानमा म्याग्दी जिल्लाको पहिलो साहित्यकार र प्रथम कृति उनी र उनको कृतिलाई नै मान्नुपर्ने हुन्छ । यिनीभन्दा अघिका कुनै पनि साहित्यकारहरू देखापरेका छैनन् । यिनको यो

---

[२०] ऐजन पृष्ठ ३४

[२१] प्रेम छोटा, पूर्ववत्, पृष्ठ ६ ।

कृति मैथिली भाषामा लेखेजस्तो आभास भएपनि नेपाली भाषा मै लेखिएको छ । यस कृतिको विषयवस्तु पृथ्वीको भौगोलिक बनोटसम्बन्धी रहेको छ ।[२२]

राम पाध्यापछि म्याग्दीको साहित्यिक इतिहास अन्योलमा नै परेको देखिन्छ । सम्पूर्ण भुरे राज्यहरू एउटै राज्यमा गाभिएपछि राज्यको संरचनामा नै परिवर्तन भयो । अनि त्यहााको साहित्य पनि त्यति मै सीमित भयो । एकीकरणपछिको लामो समयको अन्तरालमा म्याग्दीको साहित्य केकस्तो थियो ? भन्ने कुरा अझसम्म जानकारीमा आउन सकेको छैन । वास्तवमा यस बीचको समयमा म्याग्दीको साहित्य लोकसाहित्यमा नै सीमित थियो ।

म्याग्दीको लिखित साहित्यिकपरम्परा प्रजातन्त्रपश्चात् अर्थात् २००७ सालपछि देखापरेको हो । यसभन्दा अघि विभिन्न लोकसाहित्यकारहरूले लोकमा जीवित परम्परालाई स्थानीय संस्कार र संस्कृतिको रूपमा प्रयोग गर्दै व्यक्त गरेका छन् । विभिन्न मेला, पर्व, जात्रा, संस्कार आदिमा लोकसाहित्यकारहरूले बालुन, सवाई, लोकगीत आदि गाएर त्यहााको परम्परालाई जीवित पारेका छन् । त्यस्ता लोकसाहित्यकारहरूमा जीत ब. बानिया (पुला), श्रीलाल पौडेल (पुलाचौर), दल ब. थापा (ज्यामरुककोट) आदि पर्दछन् ।[२३] अन्य लोकसाहित्यकारहरूमा पुला भीरमुनिका देवनारायण पौडेल अझ महत्त्वपूर्ण व्यक्तित्वका रूपमा देखिन्छन् । यिनले काठमाडौं रानीपोखरीमा पढ्दादेखि नै लेखनाथको सहपाठी भएर कविता रचना गरेका छन् । यिनका रचनाहरू 'सुन्दरी' पत्रिकामा छापिएको चर्चा पाइन्छ ।[24]

म्याग्दीको लिखित साहित्यिक उठान लोकसाहित्यबाट प्रारम्भ भएको हो । यद्यपि परम्पराको रूपमा भने विकास भएको देखिादैन । म्याग्दी जिल्लाको लिखित साहित्यिक लेखनपरम्परा 'नवप्रकाश' (२०२०) पत्रिकामार्फत प्रारम्भ भएको हो ।[25] यस पत्रिकामार्फत म्याग्दीका विभिन्न साहित्यकारहरूले आफूलाई चिनाउने मौका पाएको

---

[२२] चन्द्रप्रकाश बानिया, पूर्ववत्, पृष्ठ ९ ।

[२३] ध्रुवलाल शर्मासितको भेटवार्ताअनुसार ।

[२४] ठाकुर, पराजुलीबाट प्राप्त जानकारीअनुसार ।

[२५] प्रेम छोटा, पूर्ववत्, पृष्ठ १६ ।

देखिन्छ । हाल आएर म्याग्दीमा थुप्रै साहित्यकारहरू देखापरिसकेका छन् । ती साहित्यकारहरूले नेपाली साहित्यका कथा, कविता, नाटक, उपन्यास, इतिहास, समीक्षा, समालोचना, निबन्ध, एकाङ्की जस्ता विधामा रही नेपाली साहित्यमा योगदान पुऱ्याएका छन् । म्याग्दी जिल्लाका प्रमुख साहित्यकारहरूमध्ये ठाकुर पराजुली, नवराज कार्की, बानिया कान्छा, हरि बन्दी, नर ब. बि.सी. आदिले राजधानी र जिल्ला बाहिर रहेर नेपाली साहित्यमा योगदान गर्दै आएका छन् । होमनाथ सुवेदीले प्रवासमा रहेर नेपाली साहित्यमा योगदान दिएका छन् । त्यस्तै जिल्लाभित्र रहेर नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउने साहित्यकारहरूमा ध्रुवलाल शर्मा, भक्त कार्की, दामोदर घताने, दीपक बिखर्ची, रेखा रेग्मी, राम प्र. सुवेदी, अजयमिलन श्रेष्ठ, गणनाथ पौडेल, कृष्ण बानिया, लोकेसपुन 'मगर', निराजन 'शीरिष', कविता शर्मा 'सङ्घर्ष' आदि प्रमुख मानिन्छन् । यी साहित्यकारहरूबाहेक छिटफुट लेखरचना र कृति स्थानीय पत्रपत्रिकामा प्रकाशन गर्ने साहित्यकारहरूमा रेणुका जि.सी., शान्तिवन्दना पौडेल, शंकर चोखाल, सुदनकुमार श्रेष्ठ, लक्ष्मीशिखा, लक्ष्मी पौडेल, विक्रम घिमिरे, सूर्य पुर्जा 'जहर', राजकुमार थापा, योगनाथ ढुङ्गाना, राजु के.सी. 'म्याग्देली', बुद्धिप्रसाद सुवेदी, पवित्रा बूढा, भवभिन्न, भूपेन्द्र खड्का, कुमार रिजाल, कमल बानिया, हरि सुवेदी आदि मुख्य छन् । यिनीहरूले म्याग्दीको साहित्यिक उठानमा विभिन्न साहित्यिक गतिविधि सञ्चालन गर्दै महत्त्वपूर्ण योगदान गरिरहेका छन् । म्याग्दीको साहित्यिक उठानमा साहित्यिक र साहित्येतर पत्रपत्रिका, सङ्घसंस्था र पुरस्कारलाई पनि बिर्सन सकिदैन ।

### ३.५ म्याग्दी जिल्लाका साहित्यकारहरूको सर्वेक्षण

म्याग्दी जिल्लामा साहित्यिक लेखन र चिन्तनको परम्परा प्राथमिक कालभन्दा पनि अघि देखिन्छ तर लिखित साहित्यिक लेखनको परम्परा भने प्रजातन्त्रपश्चात् मात्र प्रारम्भ भएको हो । नेपाली साहित्यमा आधुनिक कालको प्रारम्भ लगभग १९९२ सालदेखि प्रारम्भ भएको मानिए पनि म्याग्दी जिल्लामा २००७ सालको प्रजातन्त्रपछि मात्र साहित्यकारहरू देखापरेका थिए । हालसम्म म्याग्दी जिल्लामा विभिन्न

साहित्यकारहरू देखापरिसकेका छन् । तिनीहरूले सम्बन्धित क्षेत्र या बाहिर रहेर विविध विधामा कलम चलाउदै आएका छन् । यसरी जिल्लामा रहेर या जिल्ला बाहिर रहेर नेपाली साहित्यमा योगदान पुऱ्याउने म्याग्देली साहित्यकारहरूको सूचीलाई यहाा वर्णानुक्रमको आधारमा प्रस्तुत गरिएको छ -

१. अजयमिलन श्रेष्ठ (२०२६, बेनीबजार)

कृतिहरू :

(क) नववर्ष (२०४७) कवितासङ्ग्रह

(ख) गीताञ्जली-१ (२०६३) गीतसङ्ग्रह

(ग) अक्षर गीत (२०६३) बालसाहित्य

(घ) गीताञ्जली-२ (२०६४) भजनगीतसङ्ग्रह

२. कृष्ण बानिया (२०१६, पुलाचौर)

कृति

(क) केही अनुभव केही अनुभूति (२०६३), नियात्रा तथा यात्रासंस्मरण)

३. कर्ण ब. बानिया (बानिया कान्छा, २०१२, पुला)

कृतिहरू :

(क) अटेरी चल्लो (२०४४) बालकथासङ्ग्रह

(ख) एक अनौठो जङ्गल (२०४९) बालकथासङ्ग्रह

(ग) आधुनिक विश्वको इतिहास (२०५१) इतिहास

(घ) मनका तरङ्ग (२०५३) बालकवितासङ्ग्रह

(ङ) पाल्पाको भगवती जात्रा (२०५३), इतिहास र संस्कृति

(च) चकलेटको पोको (२०६३) बालकथासङ्ग्रह

(छ) बानिया वंशको नालिबेली (२०६२) वंशावली

(ज) पाल्पा गौडा एक ऐतिहासिक अध्ययन (२०६३) इतिहास

४. कुमार रिजाल (?)

कृति :

विदाइको टीका (२०५९) उपन्यास

५. नामः कविता शर्मा 'सङ्घर्ष' (२०४४, अर्थुङ्गे)

कृतिहरूः

(क) सङ्घर्षका सुस्केराहरू (२०६३) गजलसङ्ग्रह

(ख) नशा (२०६४) गजलसङ्ग्रह

६. गणनाथ पौडेल (२००७, सिगां)

कृति

(क) उसका ती अधुरा सपनाहरू (२०५९) कवितासङ्ग्रह

७. गोविन्द 'जिज्ञासु'

कृति :

(क) उसका ती अधुरा सपनाहरू (२०५९) कवितासङ्ग्रह

८. चन्द्रप्रकाश बानिया (२००७, पुला)

कृति

(क) ऐतिहासिक पर्वत राज्य (२०६३)

९. ठाकुर पराजुली (१९९७, पातलेखेत)

कृति

(क) नेपाली साहित्यको परिक्रमा (२०४५), समालोचना

१०. तेजेन्द्रकुमार 'रत्न' (२०४३, पुलाचौर)

कृति :

(क) प्रभातका किरण (२०६३), गीतिसङ्ग्रह

११. चक्र के.सी. 'सफल' (२०३८, नेप्टेचौर)

कृति

(क) विवश जिन्दगी (२०६३) कवितासङ्ग्रह

१२. दीप ब. खड्का (१९९७, बरङ्जा)

कृतिहरू:

(क) अञ्चल कच्चा साधनको खोजी (२०२४) निबन्ध

(ख) पञ्चहरूको आचारसंहिता (२०२४)

(ग) मेरो चीन भ्रमण (२०५४) संस्मरण

(घ) मेरो आत्मकथा (२०५४) संस्मरण

१३. दीपक कार्की 'बिखर्ची' (२०३६, रानीपौवा, पिप्ले)

कृतिहरू

(क) हेर्छ्यौ भने छातीभित्र (२०५८) गजलसङ्ग्रह

(ख) जिन्दगीका पानाहरू (२०६२) गजलसङ्ग्रह

१४. ध्रुवलाल शर्मा (२००५, फूलबारी, अर्थुङ्गे)

कृतिहरू

(क) आमाको सम्झना (२०६२) कवितासङ्ग्रह

(ख) यौटा कथाको कथा (२०६३) कथासङ्ग्रह

(ग) खोरभित्रको स्वर (२०६४) गीतिकाव्य

१५. नर ब. बि.सी. (२०१९, झालुकवारी, गौवाहाटी, भारत)

कृतिहरू

(क) रगतको आसु (२०४३) गीतिसङ्गालो

(ख) मैले भेटेका भूत, प्रेत, मसान र बोक्सीहरू (२०५०) लेखसङ्ग्रह

१६. नवराज कार्की (२००९, घार)

कृतिहरू

(क) मनभित्रको आधी (२०५३) कवितासङ्ग्रह

(ख) सिलसिला (२०४०) कवितासङ्ग्रह

(ग) पञ्चायत राजनीतिक चिन्तन (२०४४) राजनीति

(घ) सतीको श्राप गीतिनाटक (?)

(ङ) एक दनक (२०६३) हास्यव्यङ्ग्यसङ्ग्रह

१७. निराजन शीरिष (२०४२, रत्नेचौर)

कृति

(क) पीडा र बिछोड (२०५९), नेप्टेचौर)

१८. निर्मल चोखाले (२०४४, नेप्टेचौर)

कृति

(क) अधुरो सपना (?)

१९. प्रेमप्रकाश पौडेल (अर्थुङ्गे)

कृति

(क) सपना (२०६४) काव्य

२०. भरतकुमार श्रेष्ठ (२००९, राखु, भगवती)

कृतिहरू

(क) आकांक्षाहरूले डसेको जिन्दगी (२०४८) कवितासङ्ग्रह

(ख) फूल झरेको जिन्दगी (२०४८) कवितासङ्ग्रह

(ग) तीनपत्रे चट्टानभित्रको जिन्दगी (२०४९) लेख र कवितासङ्ग्रह

२१. भक्त कार्की (२०२४, पुलाचौर, म्याग्दी)

कृतिहरू:

(क) मनका कोसेली (२०५७) कवितासङ्ग्रह

(ख) खोइ मेरा खेलौनाहरू (२०६१) बालगीतसङ्ग्रह

(ग) प्रतिबिम्ब (२०६४) ताङ्कासङ्ग्रह

(घ) चड्कन (२०६४) हाइकुसङ्ग्रह

(ङ) धड्कन (२०६४) बालहाइकुसङ्ग्रह

२२. भेषराज रिजाल (?)

कृति

(क) देश सधैं रुनेछ (२०५९) कवितासङ्ग्रह

२३. भिवेन्द्र सिऊाथानी (देविस्थान)

कृतिः

(क) सुसेलीका गुञ्जन (२०६३) गीतिसङ्ग्रह

२४. मुकुन्दप्रसाद पौडेल (२०४३, अर्थुङ्गे)

कृति

(क) छाया (२०६२) कवितासङ्ग्रह

२५. मीन द्वन्दी (२०१७, सिगां, तातोपानी)

कृति

(क) उलिनीमन (२०५७) कवितासङ्ग्रह

२६. मुक्तिकुमार पौडेल (२०३४, सिंगा)

कृति

(क) दुःखीको जीवन (२०६१) गीतिसङ्ग्रह

२७. मनोज ब. खत्री (बाबियाचौर, २०१४)

कृति

(क) सूर्य, पृथ्वी र प्राणी (२०६४, विचारप्रधान कृति)

२८. योगनाथ ढुङ्गाना (अर्थुङ्गे ?)

कृति

(क) बेनी बजार र समीपका देवस्थल आदिको सङ्क्षिप्त परिचय (२०६०) (लघुकाव्य)

२९. राजु के.सी. 'म्याग्देली' (२०३८, कुाहु, पूर्णागाउा)

कृतिहरू

(क) मर्दै बााच्दै गरेको प्रेम (२०५८) उपन्यास

(ख) युगको माग (२०६०) उपन्यास

३०. राम पाध्या (पुला)

कृति

(क) भूगोल विद्या (हस्तलिखित ग्रन्थ, सं. १७७२)

३१. लोकेश पुन 'मगर' (२०४१ सिंगा)

कृति

(क) निर्जन बस्तीका पाइलाहरू (२०६२) गजलसङ्ग्रह

३२. विक्रम घिमिरे (२०३८)

कृति

(क) जीवित कल्पनाहरू (२०६०) उपन्यास

३३. लाल व. बानिया (१९९६, पुला)

कृति

(क) म्याग्दी जिल्लाका धार्मिक स्थलहरू (?)

३४. शङ्कर चोखाल र किसान चोखाल (नेप्टेचौर)

कृति

(क) सिर्जनाका फूलहरू (२०५८) सहलेखन, कवितासङ्ग्रह

३५. 'रिमाली' सीता पूर्जा (२०४२, हिस्तान)

कृति

(क) धनमा माया, (उपन्यास)

३६. सूर्यपूर्जा 'जहर' (वेगखाला, म्याग्दी, २०५३)

कृति

(क) व्यथित मन (२०६१) कवितासङ्ग्रह

(ख) दोष कसलाई दिऊा (२०६३) गीतिसङ्ग्रह

३७. सुदनकुमार श्रेष्ठ (२०३७)

कृति

(क) उनको आाखामा आासु

३८. सीमा रोशी (२०३४, पोकाफााट, अर्मन)

कृति

(क) अक्षरका धडकन (२०६०) कवितासङ्ग्रह

(ख) एक अर्को सपना (२०६०) कथासङ्ग्रह

३९. होमनाथ सुवेदी (ताकम, म्याग्दी, २००४)

कृतिहरू

(क) न्याउली (२०४३) उपन्यास

(ख) रत्ना (२०४३) उपन्यास

(ग) नजर (२०४४) उपन्यास

(घ) त्रिमूर्ति (२०४५) उपन्यास

(ङ) देउराली (२०५१) उपन्यास

(च) अंकुर (२०५२) उपन्यास

(छ) नेपाली लोककथा छन्त्यालको छेउबाट (२०५५) लोककथा

(ज) ताकम दर्पण (२०५५) संस्कृति

(झ) प्रवासी स्वर (२०५५) कवितासङ्ग्रह

४०. होमनाथ सुवेदी (१९७६, पिप्ले)

कृति

(क) मातृवियोग (२०५२) शोककाव्य

४१. हरि बन्दी (२००१, डडेलधुरा)

कृतिहरू

(क) आ-आफ्नो महाभारत (२०३५) हास्यव्यङ्ग्यसङ्ग्रह

(ख) रत्न ब. विष्टको जीवनी (२०४२) जीवनी

(ग) उल्टोपट्टि (२०५२) हास्यव्यङ्ग्यसङ्ग्रह

(घ) एड्स शिक्षा (?) सहलेखन

४२. हरि 'विरही' (तिनमाने, म्याग्दी)

कृतिः

(क) परिणाम (२०५८) उपन्यास

माथि उल्लिखित कृति प्रकाशन गरेका साहित्यकारहरूबाहेक अन्य साहित्यकारहरू पनि म्याग्दी जिल्लामा रहेका छन् । ती साहित्यकारहरूमा दामोदर

घताने, राम प्र. सुवेदी, शान्तिवन्दना पौडेल, रेखा रेग्मी, लक्ष्मी शिखा, रेणुका जि.सी., शंकर चोखाल, बुद्धि प्र. सुवेदी, पवित्रा बूढा, कमल बानिया, हरि सुवेदी, भवभिन्न, राजकुमार थापा आदि रहेका छन् । यी साहित्यकारहरूले आफ्ना फुटकर रचना विभिन्न पत्रपत्रिकामा प्रकाशन गरी म्याग्दीको साहित्यिक विकासमा टेवा दिएका छन् ।

### ३.६ म्याग्दी जिल्लाका साहित्यकारहरूको विधागत योगदान

म्याग्दी जिल्लाका साहित्यकारहरूको साहित्यिक लेखन विविध विधामा छरिएको छ । यहााका साहित्यकारहरूले साहित्यका कथा, कविता, निबन्ध, नाटक, समालोचना, उपन्यास, आदि विधामा रहेर साहित्य सिर्जना गर्दै आएका छन् । यस जिल्लाका साहित्यकारहरूले वर्तमानसम्म रचना गरेका कृतिको विधागत योगदानलाई यस प्रकार प्रस्तुत गरिएको छ ।

#### ३.६.१ कविता विधाः

म्याग्दी जिल्लाभित्र र बाहिर रही कविता विधामा योगदान पुऱ्याउनेहरूमा अजयमिलन श्रेष्ठ, कर्ण व. बानिया, ध्रुवलाल शर्मा, नवराज कार्की, भरतकुमार श्रेष्ठ, शङ्कर चोखाल र किसान चोखाल, सुदनकुमार श्रेष्ठ, सीमा रोशी, गणनाथ पौडेल, चक्र के.सी 'सफल', मुकुन्द प्रसाद पौडेल, मीन द्वन्द्वी, भक्त कार्की, भेषराज रिजाल, होमनाथ सुवेदी, लोकेश पुन 'मगर', होमनाथ सुवेदी, नर ब. वि.सी., निर्मल चोखाल, भिवेन्द्र सिउथानी, मुक्तिकुमार पौडेल, सूर्य पूर्जा 'जहर', कविता शर्मा 'सङ्घर्ष', दिपक कार्की 'बिखर्ची' मुख्य रहेका छन् ।

#### ३.६.२ कथा विधाः

म्याग्दी जिल्लाभित्र र बाहिर रही कथा विधामा योगदान पुऱ्याउने साहित्यकारहरूमा ध्रुवलाल शर्मा, सीमा रोशी, होमनाथ सुवेदी, कर्ण ब. बानिया आदि रहेका छन् ।

### ३.६.३ निबन्ध विधा

म्याग्दी जिल्लाभित्र र बाहिर रही निबन्ध विधामा योगदान पुऱ्याउने निबन्धकारहरूमा कृष्ण बानिया, हरि बन्दी, लाल ब. बानिया, दीप ब. खड्का, नर ब. बि.सी., मनोज ब. खत्री आदिको नाम स्मरणीय छ ।

### ३.६.४ उपन्यास विधा

म्याग्दी जिल्लाभित्र र बाहिर रही उपन्यास विधामा योगदान पुऱ्याउने उपन्यासकारहरूमा राजु के.सी. 'म्याग्देली', होमनाथ सुवेदी, कुमार रिजाल, निराजन शिरिष, विक्रम घिमिरे, हरि 'विरही' आदि रहेका छन् ।

### ३.६.५ समालोचना विधा

ठाकुर पराजुली म्याग्दीका एक मात्र समालोचक हुन् । यिनी म्याग्दी जिल्लाका मात्र नभई नेपाली समालोचनाका क्षेत्रमा पनि चर्चित प्रतिभाका रूपमा चिनिन्छन् ।

### ३.६.६ इतिहास विधा

इतिहास विधामा जिल्लाभित्र र बाहिर रही योगदान पुऱ्याउने इतिहासकारहरूमा चन्द्रप्रकाश बानिया, कर्ण ब. बानियाको नाम अग्रपङ्क्तिमा रहेको छ ।

### ३.६.७ जीवनी विधा

हरि बन्दी जीवनी विधामा योगदान पुऱ्याउने म्याग्दीका एकमात्र चर्चित व्यक्तित्व हुन् ।

### ३.६.८ नाटक विधाः

नवराज कार्की नाटक विधामा योगदान पुऱ्याउने म्याग्दीका एक मात्र नाटककार हुन् ।

यसरी म्याग्दी जिल्लामा साहित्यका सबै विधामा कलम चलाएको पाइन्छ । यसका अतिरिक्त बालसाहित्य, लोकसाहित्य तथा कवितामा गजल, मुक्तक, हाइकुजस्ता विधामा पनि यहााका स्रष्टाहरूको योगदान रहेको छ ।

## ३.७ पत्रपत्रिका तथा पुस्तकालय

म्याग्दी जिल्लाको साहित्यिक गतिविधिमा टेवा पुऱ्याउने कार्यमा यस क्षेत्रका पुस्तकालय तथा पत्रपत्रिकाको योगदान महत्त्वपूर्ण छ । यस क्षेत्रमा शैक्षिक विकाससागै पत्रपत्रिका सञ्चालन तथा पुस्तकालय स्थापनाको कार्य अघि बढेको हो । म्याग्दी जिल्लाको पहिलो पुस्तकालयका रूपमा 'ज्ञानमन्दिर पुस्तकालय (२०२०) स्थापना भएको पाइन्छ । हालसम्म यस जिल्लामा निम्नलिखित पुस्तकालयहरू स्थापना भएका छन् -

१. ज्ञानमन्दिर पुस्तकालय (२०२०) पहिलो
२. म्याग्दी पुस्तकालय (२०२७), बेनी
३. अन्नपूर्ण पुस्तकालय (२०२८), ताकम
४. कलिलो पुस्तकालय (?) भिरमुनि
५. जनचेतना पुस्तकालय (?) ज्यामरुककोट
६. हिमाली पुस्तकालय (?)
७. नरप्रसाद स्मृति पुस्तकालय (२०५७)
८. नागी पुस्तकालय (२०५८) नागी
९. राधाकृष्ण पुस्तकालय (२०५८)
१०. बालज्ञान भण्डार पुस्तकालय (२०५९) पहिलो वालपत्रिका

उपर्युक्त पुस्तकालयहरूमध्ये हाल म्याग्दी पुस्तकालय, राधाकृष्ण पुस्तकालय, नागी पुस्तकालय सञ्चालनमा रहेका छन् भने अन्य प्रायः बन्द अवस्थामा रहेका छन् । म्याग्दी पुस्तकालयले म्याग्दीका विशिष्ट साहित्यकारका रचनालाई प्रकाशन गर्ने तथा बेलामौकामा साहित्यिक जमघट, गोष्ठी जस्ता कार्य गरी म्याग्दीको साहित्यिक विकासमा उर्जा थप्ने कार्य गरिरहेको छ भने अन्य पुस्तकालयको खासै उल्लेखनीय भूमिका देखिादैन । म्याग्दीमा हाल शैक्षिक चहलपहल तीव्र भएका कारण विभिन्न

विद्यालयले पुस्तकालयको खााचो र महत्त्वलाई बुझी पुस्तकालय स्थापना गर्न तत्परता देखाएको देखिन्छ । यस कार्यमा जिल्ला शिक्षा कार्यालयले खेलेको भूमिकालाई पनि महत्त्वपूर्ण रूपमा लिइएको छ ।

म्याग्दी जिल्लाको साहित्यिक गतिविधिमा पुस्तकालयझैं पत्रपत्रिकाको योगदानलाई पनि बिर्सन सकिदैन । यस जिल्लामा साहित्योत्थानको उद्देश्य राखी विभिन्न पत्रपत्रिकाको प्रकाशन भएको पाइन्छ । म्याग्दी जिल्लाको पहिलो साहित्यिक पत्रिका नवप्रकाश (२०२०) मासिक पत्रिका हो । हालसम्म यस क्षेत्रमा निम्नलिखित साहित्यिक र साहित्येतर पत्रपत्रिकाको प्रकाशन भएको पाइन्छ -

१. नवप्रकाश (२०२०) साहित्यिक मासिक पत्रिका
२. पुष्पाञ्जली (२०३९) साहित्येतर वार्षिक पत्रिका
३. परिकल्पना (२०५५) साहित्यिक वार्षिक पत्रिका
४. नयाा मिरमिरे (२०५९) साहित्यिक वार्षिक पत्रिका
५. साहस (२०४३) वार्षिक पत्रिका
६. हालचाल (२०५२) पत्रिका (पहिलो पत्रिका)
७. नवप्रतिभा (२०५७) साहित्यिक हवाई पत्रिका
८. म्याग्दी प्रवाह (२०५५) वार्षिक साहित्यिक पत्रिका
९. म्याग्दी सञ्चार (२०५८) साप्ताहिक पत्रिका
१०. म्याग्दी सन्देश (२०५८) साप्ताहिक पत्रिका
११. साहित्यमाला (२०६०) साहित्यिक द्वैमासिक पत्रिका
१२. रत्न (२०६०) साहित्यिक द्वैमासिक पत्रिका
१३. बुद्धिबिम्ब (२०६०) लघुबालपत्रिका
१४. सुमधु (?) द्वैमासिक पत्रिका
१५. नवसिर्जना (२०६१) मासिक साहित्यिक पत्रिका
१६. जुनकिरी (२०६१) त्रैमासिक साहित्यिक पत्रिका
१७. परिकल्पना (२०६१) त्रैमासिक साहित्यिक पत्रिका
१८. दबिएका स्वर (२०६१) त्रैमासिक साहित्यिक पत्रिका
१९. नवसिर्जना (२०६२) साहित्यिक द्वैमासिक पत्रिका
२०. साहित्यप्रवाह (२०६२) द्वैमासिक साहित्यिक पत्रिका

२१. नवसमीक्षा (२०६२) मासिक साहित्यिक पत्रिका

२२. सिर्जना (२०६२) मासिक साहित्यिक पत्रिका

२३. बालसिर्जना (२०६३) द्वैमासिक भित्तेपत्रिका (पहिलो) बालसाहित्यिक पत्रिका

२४. परिमल (२०६३) राष्ट्रिय मासिक साहित्यिक पत्रिका

२५. हाम्रो कोसेली (?) द्वैमासिक साहित्यिक पत्रिका

२६. रूप्से (२०६१) साप्ताहिक पत्रिका

२७. धवलध्वनि (२०६२) साप्ताहिक पत्रिका[६ट]

उपर्युक्त पत्रपत्रिकाहरूमध्ये हाल रूप्से (२०६१) साप्ताहिक पत्रिका, धवलध्वनि (२०६२) साप्ताहिक पत्रिका, परिमल (२०६३) राष्ट्रिय मासिक साहित्यिक पत्रिका निरन्तर प्रकाशित भैरहेका छन् भने अन्य छिटफुट र प्राय बन्द भैसकेका छन् । म्याग्दी जिल्लाको साहित्यिक विकासमा जिल्लाभित्र मात्र नभई जिल्ला बाहिर पोखरा (देउराली (?) वार्षिक पत्रिका) र काठमाडौं (म्याग्दीकुञ्ज; २०५५ वार्षिक पत्रिका) बाट प्रकाशित हुने पत्रिकाहरूले पनि महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

उपर्युल्लिखित पुस्तकालय तथा साहित्यिक एवम् साहित्येतर पत्रपत्रिकाहरूले म्याग्दी जिल्लामा साहित्यिक गतिविधिलाई उत्प्रेरणा दिन भूमिका खेलेका छन् । विशेष गरी पुस्तकालय स्थापनाको मूल अभीष्ट शैक्षिक गतिविधि वृद्धि गर्नु रहेको देखिन्छ । शैक्षिक गतिविधिको वृद्धिसागै म्याग्दी जिल्लामा बढेको शैक्षिक चेतनाले साहित्यको क्षेत्रलाई पनि अघि बढाएको हो । यस क्षेत्रको साहित्यिक चेतना वृद्धिसागै साहित्यिक पत्रपत्रिकाको प्रकाशन प्रारम्भ भएको मानिन्छ ।

## ३.८ साहित्यिक सङ्घसंस्था र पुरस्कारः

म्याग्दी जिल्लाको साहित्योत्थानका निम्ति साहित्यिक सङ्घसंस्था र पुरस्कारले महत्त्वपूर्ण भूमिका खेलेका छन् । म्याग्दी जिल्लाको पहिलो साहित्यिक संस्था 'म्याग्दी साहित्यिक समाज' (२०५४) हो । हालसम्म यस जिल्लामा निम्नलिखित साहित्यिक र साहित्येतर सङ्घसंस्था स्थापना भएका छन् ।

१. म्याग्दी साहित्यिक समाज (२०५४)

[२६] पौलत्स्य साहित्य समाजका अध्यक्ष, भक्त कार्कीसितको भेटवार्ता अनुसार (२०६४ असोज)

२.	कालीगण्डकी नाट्यसमूह (२०५९)

३.	पौलत्स्य साहित्य समाज (२०५९)

४.	राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान (२०६०)

५.	मधुरिमा कला केन्द्र (२०६०)

६.	सोनिया कला केन्द्र (२०६०)

७.	बेनी वाङ्मय समाज (२०६२)

८.	मधुसूदन स्मृति साहित्य प्रतिष्ठान (२०६२)

९.	मगर साहित्य सङ्गम (२०६४)

माथि उल्लिखित संस्थाहरूमध्ये कालीगण्डकी नाट्यसमूह म्याग्दी जिल्लाको नाट्यविधाको उन्नति र विकासका लागि क्रियाशील देखिन्छ । मगर साहित्य सङ्गम मगर भाषा र साहित्यको विकासका लागि निरन्तर प्रयत्नशील छ । त्यस्तै अरू साहित्यिक सङ्घसंस्था स्थानीयतवरमा भएपनि नेपाली भाषा र साहित्यका विकासका निम्ति साहित्यिक गोष्ठी राख्ने, प्रतियोगितात्मक कार्यक्रम गर्ने, अन्तर्क्रिया, पुस्तक प्रकाशन, साहित्यिक व्यक्तित्वहरूलाई सम्मानित गर्ने जस्ता कार्य गरी यहााको साहित्योत्थानमा लागि परेका देखिन्छन् । साहित्येतर सङ्घसंस्थाले पनि यहााको साहित्यिक विकासमा टेवा पुऱ्याएकै देखिन्छ ।

साहित्यिक सङ्घसंस्थाझैं पुरस्कारहरू पनि यस जिल्लाका साहित्य विकासका महत्त्वपूर्ण अङ्गहरू हुन् । विशेष गरी म्याग्दी जिल्लाका मानिसलाई साहित्यमा अभिप्रेरित र हौसला प्रदान गर्न म्याग्दी जिल्लामा विभिन्न पुरस्कारहरू स्थापना गरिएका छन् । ती निम्नलिखित छन् -

१.	सूर्यनारायण गुठी पुरस्कार (२०४८)

२.	पौलत्स्य साहित्य सम्मान पुरस्कार (२०६०)

३.	नवप्रतिभा उत्कृष्ट पुरस्कार (२०५९) हाल बन्द

माथि उल्लिखित पुरस्कारहरूमध्ये सूर्यनारायण गुठी पुरस्कार प्रारम्भमा संस्कृतिप्रति योगदान पुऱ्याएवापत सम्मानित गरिने पुरस्कार हो । हाल उक्त पुरस्कार म्याग्दीको साहित्यमा योगदान गर्ने महत्त्वपूर्ण व्यक्तिका लागि सम्मानित गर्ने भनी

पुरस्कृत गरिदै आएको छ ।[२७] यस पुरस्कारद्वारा हालसम्म दीप ब. खड्का, होमनाथ सुवेदी, भैरवबहादुर श्रेष्ठ, टीका ब. श्रेष्ठ, धनकुमारी थापा, र रत्नप्रसाद श्रेष्ठ सम्मानित भैसकेका छन् ।

पौलत्स्य साहित्य सम्मान पुरस्कार पौलत्स्य साहित्य समाजद्वारा स्थापना गरिएको हो । विशेषगरी नेपाली भाषा र साहित्यका क्षेत्रमा योगदान पुऱ्याएवापत यस पुरस्कारले सम्मानित गरिन्छ । यस पुरस्कारद्वारा हालसम्म जीत ब. बानिया, दीप ब. खड्कालगायतका व्यक्तिहरू सम्मानित भैसकेका छन् ।[२८]

## ३.९ निष्कर्ष

म्याग्दी जिल्लाको समग्र साहित्यिक सर्वेक्षण गर्दा यस जिल्लाको साहित्यिक पृष्ठभूमि प्रारम्भ र विकासबारे जानकारी हुन्छ । म्याग्दी जिल्लाको साहित्यिक विकास प्रजातन्त्रपश्चात् मात्र भएको हो तथापि यसको पृष्ठभूमिको रूपमा भने नेपाल एकीकरणभन्दा पनि अघिको बाईसे चौबीसे राज्यकालका भाषिक विकास, अभिलेख र लोकसाहित्यले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । आधिकारिक कृति प्रकाशनको स्थिति नभएपनि हस्तलिखित ग्रन्थका रूपमा थुप्रै विद्वान् व्यक्तिले साहित्यिक सृजना गरेको प्रष्ट देखिन्छ । आज ती अप्राप्य हुनाले तिनको महत्त्व ओझेलमा परेको हो । यद्यपि ती ग्रन्थले म्याग्दी जिल्लाको भाषिक र साहित्यिक विकासमा सहयोग गरेका होइनन् भनेर भन्न सकिदैन । नेपाल एकीकरणपश्चात् म्याग्दी जिल्लाको सम्पूर्ण भौतिक, राजनीतिक स्थितिमा फेरबदल भएका कारण यसले अगाडि बढ्ने मौका पाएको देखिादैन । शैक्षिक विकास ओझेलमा पर्नाले म्याग्दीको साहित्यिक विकास पनि ओझेलमा परेको हो । त्यस बखत म्याग्दीको साहित्य लोकमा सीमित देखिन्छ तर लोकसाहित्यकारहरूले विभिन्न मेला, पर्व, जात्रा, संस्कार, आदिमा आफ्ना प्रतिभा वालुन, सवाई, लोकगीत, भजन आदिका माध्यमबाट प्रस्तुत गरिनै रहे । २००७ सालको प्रजातन्त्रपश्चात् नेपाली राष्ट्रिय राजनीतिमा देखिएको फेरबदल म्याग्दी

[२७] ठाकुर पराजुलीसितको भेटवार्ताअनुसार (२०६४ असार)

[२८] पौलत्स्य साहित्य समाजका अध्यक्ष भक्त कार्कीसितको भेटवार्ताअनुसार (२०६४, भदौ)

जिल्लामा पनि देखिन्छ । त्यसपछि विस्तारै म्याग्दीमा शैक्षिक चहलपहल प्रारम्भ हुन्छ । यसै सिलसिलामा भाषापाठशालाको स्थापना पनि हुन्छ । यसले म्याग्दीको शैक्षिक गतिविधिलाई मात्र होइन, साहित्यिक पृष्ठभूमिलाई पनि टेवा दिएको देखिन्छ ।

यसरी बाईसे चौवीसे राज्यकालदेखि हालसम्मको अवस्थामा आइपुग्दा म्याग्दीको साहित्यिक विकास अत्यन्त द्रूततर रूपमा अघि बढेको छ । यस क्रममा स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय स्तरको रूपमा थुप्रै साहित्यकारहरू जन्मिसकेका छन् । तिनले म्याग्दीको साहित्यिक विकासमा विभिन्न विधामा कलम चलाई महत्त्वपूर्ण योगदान गरेका छन् । यसैगरी म्याग्दीको साहित्यिक विकासमा साहित्यकारहरूको योगदानले मात्र भूमिका नखेली तिनलाई उत्साहित, निरन्तरता, एकजुट गराउन विभिन्न सङ्घसंस्था पुरस्कार तथा पत्रपत्रिकाले पनि उत्तिकै भूमिका खेल्दै आएका छन् । तिनको योगदानलाई पनि कदापि बिर्सन सकिदैन ।

## चौथो अध्याय

# म्याग्दी जिल्लाका प्रतिनिधि साहित्यकारहरूको कृतिगत सङ्क्षिप्त अध्ययन

## ४.१ पृष्ठभूमि

म्याग्दी जिल्लाको साहित्यिक गतिविधिको पृष्ठभूमि लामो समयदेखि रहादै आएको छ । यद्यपि लिखित साहित्यिक परम्पराका रूपमा भने प्रजातन्त्रभन्दा अघि देखिएको छैन । २००७ सालको प्रजातन्त्रपश्चात् जिल्लामा देखिएको शैक्षिक चहलपहल र लोकसाहित्यको उठानपछि म्याग्दी जिल्लामा पहिलोपटक नवप्रकाश (२०१०) पत्रिका प्रारम्भ भएको हो । यही पत्रिकामार्फत म्याग्दीमा लिखित साहित्यिक परम्परा पनि सुरु भएको देखिन्छ । नवप्रकाश पत्रिकादेखि आजसम्मको साहित्यिक उठानमा म्याग्दी जिल्लामा थुप्रै साहित्यकारहरूको जन्म भैसकेको छ । तीमध्ये केहीले स्थानीयतवरबाट त केहीले जिल्लाबाहिर रहेर म्याग्दी जिल्लाको साहित्यलाई उन्नतशील बनाउन योगदान गरिरहेका छन् । आजसम्मको अध्ययनमा जिल्ला र राष्ट्रियस्तरको साहित्यमा अनवरत सेवा गर्ने त्यस्ता साहित्यकारहरूको अध्ययन गरी प्रस्तुत अध्यायमा केही महत्त्वपूर्ण र प्रतिनिधि साहित्यकारको कृतिगत सङ्क्षिप्त अध्ययन गरिएको छ । यसरी अध्ययन गर्दा साहित्यिक लेखनपरम्पराका दृष्टिले राम पाध्यालाई म्याग्दीका प्रथम साहित्यकार मानिएको छ भने ज्येष्ठताका आधारमा दीपबहादुर खड्कालाई मान्न पर्ने देखिन्छ । प्रस्तुत अध्यायमा ज्येष्ठतालाई आधार मानी साहित्यकार र तिनका कृतिको सङ्क्षिप्त अध्ययनको गरिएको छ ।

## ४.२ दीप ब. खड्का (१९७५)

वि.सं. १९७५ मा म्याग्दी जिल्लाको बरङ्जा, सातबीसे भन्ने ठाउामा दीप ब. खड्काको जन्म भएको हो । यिनी म्याग्दी जिल्लाका पुराना साहित्यकारहरूमध्ये एक हुन् । नेपाली साहित्यमा यिनको लेखन निबन्ध विधाबाट प्रारम्भ भएको हो । यिनले साहित्य र साहित्येतर दुबै विधामा कलम चलाएका छन् । यिनले साहित्यिक यात्रा त बागलुङबाट प्रकाशित धौलागिरि पत्रिका (?) मा लेख प्रकाशित गरी प्रारम्भ गरेका हुन् । यिनका हालसम्म निम्नलिखित पुस्तकाकार कृतिहरू प्रकाशित छन् । १. अञ्चल

कच्चा साधनको खोजी (२०२४) २. पञ्चहरूको आचारसंहिता (२०२४) ३. मेरो चीन भ्रमण (२०५४) ४. मेरो आत्मकथा (२०५४) । यिनको लेखन निबन्ध विधाका अतिरिक्त कथा विधामा पनि रहेको देखिन्छ ।

### ४.२.१ 'मेरो चीन भ्रमण' (२०५४) कृतिको अध्ययन

निबन्धकार दीप ब. खड्काको पहिलो निबन्धात्मक कृति मेरो चीन भ्रमण (२०५४) यात्रासंस्मरणमूलक कृति हो । प्रस्तुत कृतिमा निबन्धकारले चीनयात्राका क्रममा भेटिएका वैयक्तिक अनुभूतिलाई अभिव्यक्त गरेका छन् । यस कृतिमा निबन्धकारले चीनका ७ वटा महत्त्वपूर्ण सहर र त्यससित सम्बन्धित धार्मिक, सामाजिक, ऐतिहासिक, राजनैतिक पक्षलाई प्रस्तुत गरेका छन् । यस कृतिमा चीनका महत्त्वपूर्ण सहरको छुट्टाछुट्टै वर्णन गरिएको छ । हरेक सहरमा भएका राम्रा र उपलब्धिमूलक कार्यलाई कृतिभित्र देखाएको पाइन्छ । कृतिभित्र शिक्षा, स्वास्थ्य, संस्कृति, उद्योगधन्दा, कलकारखाना जनसङ्ख्या, व्यापार, कृषि, सञ्चार आदिलाई छुट्टाछुट्टै वर्णन गरिएको छ । सहरहरू आआफ्नै विशेषताले युक्त छन् । सहरभित्रका दर्शनीय र उल्लेखनीय पक्षलाई निबन्धमा विशेष महत्त्व दिइएको छ । प्रस्तुत कृतिमा चिनियाा जनताले नेपाली जनतामाथि गरेको स्वागत, सत्कार र सम्मानको प्रशंसा पाइन्छ । त्यस्तै चिनियाा जनताको परिश्रमी बानीको एकातर्फ प्रशंसा गरिएको छ भने अर्कातर्फ उपलब्धिको चर्चा पनि रहेको छ । यहाा चिनियाा भौगोलिक स्थिति र हावापानीको वर्णन पाइन्छ । यसरी प्रस्तुत कृति चिनियाा राज्यको यथार्थ वस्तुस्थितिको झलक उतार्नमा सफल रहेको देखिन्छ ।

निबन्धकार दीप ब. खड्काको मेरो चीन भ्रमण (२०५४) यात्रा संस्मरणमूलक कृति बृहत आयाममा लेखिएको निबन्धात्मक कृति हो । प्रस्तुत कृतिमा वस्तुपरक शैलीको प्रयोग गरिएको छ । चीनयात्राका क्रममा देखिएका विविध दृश्यावलोकन, घटनाक्रमलाई विषयको केन्द्रीयता दिई प्रस्तुत गरिएको छ । निबन्धभित्र उपशीर्षकहरूमा कतै कतै कथात्मक शैलीको प्रभाव भएको देख्न सकिन्छ । आलङ्कारिक शैलीको प्रयोग न्यून छ । कही कतै विषयगत पुनरावृत्ति रहेको पाइन्छ ।

यस कृतिभित्र विविध उपशीर्षकहरू रहेका छन् । यहाा निबन्धकारले स्वदेशी परिवेशभन्दा चिनियाा परिवेशको चित्रण अत्यधिक गरेका छन् । प्रस्तुत कृतिमा निबन्धकारले सातवटा सहर र त्यसमा रहेका विविध वस्तुगत अवलोकनलाई परिवेशका रूपमा उतारेका छन् । यस कृतिमा सरल नेपाली भाषाको प्रयोग पाइन्छ । विषयवस्तु चिनियाा परिवेश भएकाले केही शब्दहरू चिनिया भाषाबाट आएका छन् । जस्तै चाङ, हाङ, लुस्युन, थेनसाङ, टोल, शाओसान, स्याङच्याङ (पृष्ठ ६०, ८५, १०५) । यसमा स्थानीय भाषिकाको प्रयोग देख्न सकिन्छ साथै हिन्दी भाषाको छिटफुट प्रयोग पनि पाइन्छ ।

निबन्धकार खड्काको मेरो चीन भ्रमण (२०५४) यात्रा संस्मरण कृतिमा विषयगत विविधता पाइन्छ । प्रस्तुत कृतिमा निबन्धकारले चीन भ्रमणका बेला आफूले देखे, भोगेका अनुभव र अनुभूतिलाई मुख्य विषयवस्तु बनाएका छन् । यस कृतिमा निजात्मकता, संस्मरणात्मक, कथात्मक, वर्णनात्मक, विश्लेषणात्मक शैलीको प्रयोग पाइन्छ । सरल नेपाली भाषाका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग पनि रहेको छ ।

### ४.२.२ मेरो आत्मकथा (२०५४) कृतिको अध्ययन

निबन्धकार दीप ब. खड्काको दोस्रो कृति मेरो आत्मकथा (२०५४) यात्रा संस्मरणमूलक निबन्ध कृति हो । प्रस्तुत कृतिमा मूल शीर्षकसित सम्बन्धित १५ वटा उपशीर्षकहरू राखिएका छन् । ती हुन्- परिचय, प्रस्थान, हुम्ला जिल्लाको बसाइ, अतीतका संस्मरण, डडेलधुरा भ्रमण, प्युठान, जागिरबाट विदाइ, समाजसेवातिर, राजनीति सेवातिर प्रवेश, बागलुङ जिल्लामा, मुस्ताङ जिल्लातिर, दोस्रो पञ्चायततिर प्रवेश, राष्ट्रिय पञ्चायतका शेष समय, वियोगका वैराग्यका दिनहरू । प्रस्तुत कृतिमा विषयगत विविधता त्यति पाइादैन । यो कृति निबन्धकारको आत्मकहानी हो । यस कृतिमा निबन्धकारले जन्मदेखि बुढ्यौलीसम्मका व्यतीत घटनाक्रमलाई अत्यन्त सरल भाषामा प्रस्तुत गरेका छन् । यस कृतिमा जन्मथलोलाई ज्ञानयोग र तपोयोगका रूपमा चिनाइएको छ । म्याग्दी जिल्लाको भौगोलिक, सामाजिक, ऐतिहासिक महत्त्वका

विषयलाई विशेषरूपमा देखाइएको छ । प्रस्तुत निबन्धात्मक कृतिमा एकातिर जिल्ला चिनारी छ भने अर्कातर्फ वैवाहिक सम्बन्धका कुराहरू पनि छन् । विवाहपश्चात् जागिरका सिलसिलामा वागलुङ (बलेवा), डोटी, जुम्ला हुादै डडेलधुरा पुगेको कहानी प्रस्तुत कृतिमा देख्न सकिन्छ । यात्राका क्रममा बाटामा भेटिने र देखिने त्यहााका सम्पूर्ण भौगोलिक, सामाजिक, सांस्कृतिक, धार्मिकस्थितिको झलक पनि देख्न सकिन्छ । प्रस्तुत कृतिमा डोटी, जुम्ला र डडेलधुरा जिल्लाको छुट्टाछुट्टै वस्तुगत चिनारी दिइएको छ । जागिरे जीवनपश्चात् राजनीतिमा प्रवेश गरेका प्रसङ्गहरू छन् । राजनीतिमा तत्कालीन गाउापञ्चायतदेखि अञ्चलपञ्चायत, अञ्चलसभापति हुादै मन्त्रीसम्म रही गाउा, ठाउा र देशको सेवामा निरन्तर लागेको कुराको चर्चा छ । राजनीतिका तीता अनुभव एकातिर देख्न सकिन्छ भने अर्कातिर सफलताका अनुभूतिहरू पनि त्यति नै रहेका छन् । तत्कालीन नेपाली काङ्ग्रेसको सरकारले देश र जनताको तर्फबाट काम गर्न नसकेकोप्रति निबन्धकारले खेद प्रकट गरेका छन् । जागिरबाट अवकाश हुादाका तीता अनुभव पनि देख्न सकिन्छ । आफ्नो उत्तरार्धतिर आएर निबन्धकार अलि दुःखी भएको चर्चा छ । आफ्नी प्रिय पत्नीको असामयिक निधन हुनाले लेखकमा नैराश्यता छाउनाका साथै आफूले युवापुस्तामा पाएको सम्मान र सत्कार बुढ्यौलीमा हराउादै गएको प्रति गुनासो व्यक्त गरिएको पाइन्छ ।

प्रस्तुत मेरो आत्मकथा (२०५४) यात्रा संस्मरणमूलक कृति निबन्धकारको आफ्नै वैयक्तिक जीवन कहानी हो । यस कृतिमा निबन्धकारले जीवनयात्रामा देखे, भोगेका, अनुभव गरेका, सत्यतथ्य यथार्थ घटनाक्रमलाई प्रस्तुत गरेका छन् । निबन्धमा नेपाली सामाजिक, भौगोलिक, सांस्कृतिक यथार्थको प्रस्तुति रहेको छ । यस कृतिमा निबन्धकारले देश, समाज र जनताका निम्ति केही गर्न आग्रह गरेका छन् ।

प्रस्तुत मेरो आत्मकथा (२०५४) यात्रा संस्मरणमूलक कृतिमा परिवेशगत विविधता देख्न सकिन्छ । यस कृतिमा म्याग्दी जिल्लाको भौगोलिक अवस्थितिदेखि लिएर बागलुङ, डोटी, जुम्ला, डडेलधुरा, मुस्ताङ, काठमाडौंसम्मको परिवेश पाइन्छ । यस कृतिमा निबन्धकारले आफूले देखे, भोगेका यथार्थ पक्षलाई विषयवस्तु बनाएका

छन् । कृतिमा व्यङ्ग्यको प्रयोग भेटिदैन । जीवनयात्राका क्रममा भोगेका यथार्थतालाई वर्णनात्मक, विश्लेषणात्मक, नियात्रापरक र संस्मरणात्मक शैलीमा व्यक्त गरिएको छ । परिवेशगत दृष्टिले हेर्दा प्रस्तुत कृति सफल मानिन्छ ।

मेरो आत्मकथा नियात्रा संस्मरणमूलक कृतिमा सरल नेपाली स्थानीय भाषिकाको प्रयोगका साथै संस्कृत, तत्सम, तद्भव तथा आगन्तुक शब्दको प्रयोग रहेको छ । यसमा कहीाकतै नेपाली उखानको प्रयोग पनि देखिन्छ । (दैवलाई दिन मन लाग्यो भने धुरी उदिङ्ग्याएर पनि दिन्छन् पृष्ठ १३५) हिन्दी मिश्रित भाषा तथा कवितात्मक भाषाको प्रयोग पनि पाइन्छ ।

### ४.२.३ अञ्चलकच्चा साधनको खोजी (२०२४) कृतिको अध्ययन

अञ्चलकच्चा साधनको खोजी (२०२४) (खोजमूलककृति) खड्काको साहित्येतर विषयवस्तुमा आधारित कृति हो । प्रस्तुत कृति लघु आयाममा रहेको छ । यसमा प्राकृतिक विषयलाई विषयवस्तु बनाइएका विभिन्न २६ वटा शीर्षकहरू रहेका छन् । जस्तै ढुङ्गो, माटो, फलाम, सुन, चाादी ......आदि । यी प्राकृतिक सम्पदाको चर्चा प्रस्तुत कृतिमा गरिएको पाइन्छ । यस कृतिमा उल्लिखित प्राकृतिक सम्पदा धौलागिरिका विभिन्न ठाउामा रहादै आएको चर्चा छ । धौलागिरि अञ्चल प्राकृतिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ । धौलागिरि अञ्चलभित्र पाइने उल्लिखित कुराहरूलाई मानिसले सही सदुपयोग गर्ने हो भने मानिस बेरोजगारी भएर रहन नपर्ने कुराको यथार्थता प्रस्तुत कृतिमा पाइन्छ ।

अञ्चल कच्चा साधनको खोजी (२०२४) खोजमूलक कृतिमा निबन्धकारले स्वदेशी वस्तुको प्रयोगमा बढी जोड दिएका छन् । प्राकृतिक उपहारको सही उपयोगबाट व्यक्ति तथा राष्ट्र सम्पन्न बन्न सक्ने विचार निबन्धकारको रहेको पाइन्छ ।

### ४.२.४ निष्कर्ष

दीप ब. खड्का म्याग्दी जिल्लाका उत्कृष्ट निबन्धकार हुन् । यिनले अञ्चल कच्चा साधनको खोजी (२०२४), पञ्चहरूको आचारसंहिता (२०२४) मेरो चीन भ्रमण (२०५४), मेरो आत्मकथा (२०५४), राजनीति जस्ता कृति प्रकाशित गरेका छन् ।

यिनका कृतिहरूमा विषयगत विविधता पाइन्छ । आफ्ना कृतिमा देखेभोगेका यथार्थ अनुभूतिलाई निबन्धकारले अभिव्यक्त गरेका छन् । खड्का मूलतः आत्मपरक निबन्धकार हुन् । यिनका निबन्धमा यथार्थ, निजात्मक, समसामयिक, बौद्धिक, प्रकृतिपरक, जस्ता प्रवृत्ति भेट्न सकिन्छ । यिनले आफ्ना निबन्धमा वर्णनात्मक, विश्लेषणात्मक, कथात्मक शैलीको प्रयोग गरेका छन् । सरल नेपाली भाषाका साथै तत्सम, तद्भव, तथा आगन्तुक शब्दको प्रयोग निबन्धमा गरिएको छ । समग्रमा निबन्धकार खड्का म्याग्दी जिल्लाका पुराना साहित्यकारमध्ये एक मानिन्छन् ।

## ४.३ ठाकुर पराजुली (१९९७)

ठाकुर पराजुलीको जन्म वि.सं. १९९७ मा म्याग्दी जिल्लाको पातलेखेत गा.वि.स. को खिर्राबोट भन्ने ठाउामा भएको हो । यिनले संस्कृतमा आचार्य र नेपालीमा स्नातकोत्तरको शिक्षा हासिल गरेका छन् । यिनी नेपाली साहित्यमा २०१६ सालमा ‘छात्रदूत’ पत्रिकामा ‘उसैको सौगात’ कविता प्रकाशन गरी प्रवेश गरेका हुन् । यिनले नेपाली साहित्यका प्रमुख विधा कविता, कथा, निबन्ध, समीक्षा र समालोचना विधामा कलम चलाएका छन् । तर यिनको सर्वाधिक सफल विधा भने समलोचना विधालाई मानिन्छ । यिनको एक मात्र पुस्तकाकार कृति नेपाली साहित्यको परिक्रमा ( २०४५) समालोचनात्मक कृति प्रकाशित छ । यिनले साहित्य र साहित्येतर सङ्घसंस्थामा लामो समय रही काम गर्दै आएका छन् । हाल यिनी शिक्षण पेसाबाट अवकाश लिई स्वतन्त्र जीवन व्यतीत गरिरहेका छन् ।

### ४.३.१ नेपाली साहित्यको परिक्रमा (२०४५) कृतिको अध्ययन

नेपाली साहित्यको परिक्रमा (२०४५) समालोचक ठाकुर पराजुलीको पहिलो मौलिक समालोचनात्मक कृति हो । यो कृति पहिलो पटक वि.सं. २०४५ मा विद्या प्रकाशनमार्फत प्रकाशित भएको हो भने पछि २०५६ सालमा साझा प्रकाशनमार्फत दोस्रो संस्करणका रूपमा प्रकाशित भएको देखिन्छ । प्रस्तुत कृतिमा समालोचक पराजुलीले विभिन्न २१ वटा समालोचना सङ्कलित गरेका छन् । यी फुटकर समालोचनात्मक लेख पराजुलीले एकैपटक, एकै समयमा नभई करिव एक दशकको अवधिभित्र तयार पारेका हुन् । समालोचक पराजुलीले प्रस्तुत कृतिमा विभिन्न फुटकर

पत्रपत्रिकामा प्रकाशित र अप्रकाशित २५ वटा लेखलाई परिमार्जित, परिष्कृत गरी २१ वटा लेखमार्फत पुस्तकाकार रूप दिएका हुन् । यस पुस्तकमा पराजुलीले पूर्वीय र पाश्चात्य समालोचना पद्धतिमा आधारित भई नेपाली साहित्यको पृष्ठभूमिकालदेखि आधुनिक कालसम्मको अवधिलाई समेट्ने विविध विषयलाई विषयवस्तु बनाएका छन् । यस पुस्तकमा विशेष गरी भाषा, वाङ्मय, लोकसाहित्य, साहित्यिक परम्परा, प्रवृत्ति, वाद, रस, मान्यता आदिलाई मुख्य विषयवस्तु वनाइएको छ । खास गरी प्रस्तुत कृतिमा मुख्यतः ४ कालसित सम्बन्धित लेखहरू देख्न सकिन्छ । ती निम्नलिखित छन् -

१. पृष्ठभूमिकालीन भाषासाहित्यको अध्ययनमा आधारित लेख
२. प्राथमिककालीन भाषासाहित्यको अध्ययनमा आधारित लेख
३. माध्यमिककालीन भाषासाहित्यको अध्ययनमा आधारित लेख
४. आधुनिककालीन भाषासाहित्यको अध्ययनमा आधारित लेख[१]

प्रस्तुत कृतिभित्र भाषावाङ्मयदेखि रिमालसम्मका लेखलाई समेटिएको छ । यहाा समालोचकले आफ्ना लेखलाई कृतिभित्र समाविष्ट गर्दा कुनै एउटा वाद, मान्यता, परम्परामा केन्द्रित नभई समग्र नेपाली साहित्यको भाषिक उठानदेखि आधुनिक कालसम्म परिक्रमा गरेको देखिन्छ । यस अर्थमा प्रस्तुत कृतिको शीर्षक नेपाली साहित्यको परिक्रमा सार्थक रहेको छ ।

नेपाली साहित्यको परिक्रमा (२०४५) समालोचनात्मक कृतिभित्र ४ मुख्य विषयवस्तुसित सम्बन्धित लेख समावेश गरिसकिएको कुरामाथि नै उल्लेख गरिसकिएको छ । जसअन्तर्गत पृष्ठभूमिकालीन अध्ययनमा आधारित लेखहरूमा ६ वटा लेख समाविष्ट छन् । ती निम्नलिखित छन् -

१. नेपाली भाषाको प्रारम्भिक इतिहास र यसको भूमिका २. लोकतत्त्वको दृष्टिमा वेद ३. नेपाली भाषा अभिलेखदेखि टीकासम्म ४. नेपालको लोकसाहित्य र यसको विकास ५. लोककाव्यका केही राष्ट्रिय स्पन्दन ६. लोकगीतका केही कवितात्मक अभिव्यक्ति

---

[१] चन्द्र ब. के.सी., **ठाकुर पराजुलीको जीवनी, व्यक्तित्व र कृतित्व,** अप्रकाशित शोधपत्र, नेपाली शिक्षण विभाग, पृथ्वी ना. क्याम्पस, पोखरा, (२०५८) ।

प्राथमिककालीन अध्ययनमा आधारित लेखमा ५ वटा लेख समाविष्ट छन् । ती निम्नलिखित छन् -

१. नेपाली भाषा र साहित्यको रेखाङ्कनमा पृथ्वी ना. शाहको भूमिका २. वीरधाराको परिवेश र यसको उपलब्धि ३. यदुनाथ पोखरेलको भावधारा र काव्य चेतना ४. भक्तिसाहित्यको पृष्ठभूमि र त्यसको पुनर्मूल्याङ्कन (५) नेपाली साहित्यका प्रथम अधिष्ठाता भानुभक्त र उनको रामकथा । माध्यमिककालीन साहित्यको अध्ययनमा आधारित लेखमा ३ वटा लेखहरू समाविष्ट छन् । ती निम्नलिखित छन् -

१. मोतीराम भट्ट : नेपाली साहित्यको उत्थानमा नयाा परिच्छेद २. युगनिर्माता कवि मोतीराम ३. नाट्यपरम्परा र मोतीराम भट्टको नाट्यचेतना

आधुनिककालीन साहित्यको अध्ययनमा आधारित लेखमा ७ वटा लेख समाविष्ट छन् - १. ऋतुविचारले खोलेका काव्यशिल्पका नयाा क्षितिज २. लेखनाथका कवितामा पाइने मानवतावादको स्वरूप ३. नेपाली साहित्यका यशस्वी साधक सोमनाथ ४. समका बौद्धिक अवधारणा र उनका कविता ५. देवकोटाका नाटकः भावभूमि र नाटक कर्तृत्व ६. समकालीन चेतना र रिमालको रचनात्मक व्यक्तित्व ७. रिमालका कवितामा प्रतीकको भूमिका

माथि उल्लिखित २१ वटा लेखलाई समालोचनात्मक प्रवृत्तिका आधारमा हेर्दा निम्नलिखित प्रवृत्तिका समालोचनात्मक लेखहरू यिनका कृतिमा रहेको देखिन्छ ।

(क) भाषावाङ्मयको इतिहासपरक अध्ययनमा आधारित समालोचनाहरूः

प्रस्तुत शीर्षकसित सम्बन्धित समालोचनाहरूमा नेपाली भाषाको प्रारम्भि इतिहास र यसको भूमिका, नेपाली भाषा अभिलेखदेखि टीका वाङ्मयसम्म, नेपाली भाषा र साहित्यको रेखाङ्कनमा पृथ्वी ना. को भूमिका रहेका छन् ।

यी समालोचनाहरूमा नेपाली भाषाको उत्पत्ति, विकास, रूपनिर्माण कहिले, कसरी, कुन ठाउा क्षेत्र, जातिबाट विकसित हुादै साहित्यिक रूप लिन पुगेको हो भन्ने कुराको प्रष्ट उल्लेख छ । विशेष गरी यस शीर्षकसितका सम्पूर्ण लेख अन्वेषणमूलक रहेका छन् ।

(ख) लोकसाहित्यको साहित्यिक अध्ययनमा आधारित समालोचनाः

पराजुलीका लोकसाहित्यमा आधारित समालोचनामा लोकतत्त्वका दृष्टिमा वेद, लोककाव्यमा केही राष्ट्रिय स्पन्दन, नेपालको लोकसाहित्य र यसको विकास, लोकगीतका केही कवितात्मक अनुभूति हुन् ।

यी शीर्षकमा लोकसाहित्यको उत्पत्ति र विकासका बारेमा चर्चा गरिएको छ । साथै वेदलाई लोकसाहित्यिक अध्ययनमा हेर्ने काम पनि गरिएको छ ।

(ग) युगीन प्रवृत्तिपरक अध्ययनमा आधारित समालोचनाः

यस शीर्षकसित सम्बन्धित समालोचनात्मक लेखमा वीर धाराको परिवेश र यसको उपलब्धि, भक्तिसाहित्यको पृष्ठभूमि र यसको पुनर्मूल्याङ्कन, मोतीराम भट्ट : नेपाली साहित्यको उत्थानमा नयाा परिच्छेद, युगनिर्माता कवि मोतीराम, ऋतुविचारले खोलेका काव्यका नयाा क्षितिज, लेखनाथका कवितामा पाइने मानवतावादको स्वरूप, समकालीन चेतना र रिमालको रचनात्मक व्यक्तित्व, नेपाली भाषा र साहित्यको रेखाङ्कनमा पृथ्वी ना. शाहको भूमिका रहेका छन् ।

माथि उल्लिखित उपशीर्षकमा नेपाली साहित्यको इतिहासमा देखापरेका विभिन्न समय र मोड, तत्कालीन मुख्यमुख्य प्रवृत्ति र काव्यगत धारा, त्यसको पृष्ठभूमि र ती धाराहरूको नेतृत्व पङ्क्तिका साहित्यकारहरूको अध्ययन गर्ने कार्य गरिएको छ ।

घ. कृतिकारका अध्ययनमा आधारित समालोचना

यस शीर्षकमा आधारित समालोचनाहरूमा यदुनाथ पोखरेलका भावधारा र काव्य चेतना, नेपाली साहित्यका प्रथम अधिष्ठाता भानुभक्त र उनको रामकथा, मोतीराम भट्टः नेपाली साहित्यको उत्थानमा नयाँ परिच्छेद, युगनिर्माता मोतीराम, लेखनाथका कवितामा पाइने मानवतावादको स्वरूप, समका बौद्धिक अवधारणा र उनका कविता, समकालीन चेतना र रिमालको रचनात्मक व्यक्तित्व र रिमालका कवितामा प्रतीकको भूमिका, नेपाली साहित्यका यशस्वी साधक सोमनाथ रहेका छन् ।

यी उपशीर्षकहरूमा विभिन्न समयका साहित्यकारहरूका कृति र ती कृतिले साहित्यमा दिएको योगदानको मूल्याङ्कन गरेर तिनीहरूको साहित्यिक व्यक्तित्वलाई ठम्याउने प्रयास गरिएको छ ।

(ङ) विधापरक अध्ययनमा आधारित समालोचनाहरूः

यस शीर्षकको समालोचनात्मक लेखहरूमा लोकतत्त्वका दृष्टिमा वेद, लोक काव्यमा केही राष्ट्रिय स्पन्दन, लोकगीतका केही कवितात्मक अनुभूति, नेपाली भाषा र साहित्यको रेखाङ्कनमा पृथ्वी ना. शाहको भूमिका, यदुनाथ पोखरेलका भावधारा र काव्यचेतना, नेपाली नाट्य परम्परा र मोतीराम भट्टको चेतना, ऋतुविचारले खेलेका काव्यशिल्पका क्षितिज, देवकोटाका नाटकः भावभूमि र नाट्य कर्तृत्व, रिमालका कवितामा प्रतीकको भूमिका आदि रहेका छन् ।

माथि उल्लिखित शीर्षकसित सम्बन्धित उपशीर्षकहरूका लेखमा कुनै न कुनै विधा सम्बन्धित भएर आएका छन् ।

समालोचक पराजुलीद्वारा लेखिएको नेपाली साहित्यको परिक्रमा (२०४५) समालोचनात्मक कृतिलाई भाषाशैलीका दृष्टिले हेर्दा यहाँ कृतिकारको मूल्याङ्कनमा केही उरलिएको र भाषा वाङ्मयको क्षेत्रमा वस्तुनिष्ठ भाषाको प्रयोग भएको देखिन्छ । त्यस्तै सरल र सहज, स्तरीयता तथा सुरुचिपूर्ण भाषाशैलीको प्रयोग पनि रहेको छ । समालोचक संस्कृतका विद्वान् भएकाले यस कृतिभित्र यस्ता थुप्रै समास र संस्कृत

शब्दहरूको प्रयोग पनि भएकै पाइन्छ । जस्तै (हृदयवर्जक पृष्ठ ८६) यिनका समालोचनामूलक लेखमा कविसुलभ रागात्मकता पाइन्छ ।[६]

प्रस्तुत नेपाली साहित्यको परिक्रमा (२०४५) समालोचनात्मक कृतिलाई प्रभावको दृष्टिले हेर्दा पूर्वीय र पाश्चात्य सैद्धान्तिक मान्यतामा घोटिएका रचना नभई सहज र स्वस्फूर्त रूपमा समालोचनात्मक लेख आएका छन् तर सामान्य प्रभाव र प्रयोग भने भएको देखिन्छ । यस कृतिभित्रका लेखलाई प्रकारका दृष्टिले हेर्दा व्याख्यात्मक, ऐतिहासिक, प्रभाववादी, मनोविश्लेषणात्मक, प्रगतिवादी, तुलनात्मक, निर्णयात्मक, व्याख्यात्मक जस्ता समालोचनात्मक पद्धतिको प्रयोग देख्न सकिन्छ ।

समष्टिमा भन्दा समालोचक पराजुलीको यो कृति कुनै वाद र मान्यतामा अडिग भई लेखिएको भन्दा पनि शोधखोजपूर्ण गवेषणात्मक समालोचनात्मक पद्धतिमा केन्द्रित भई प्रस्तुत भएको छ । यहाा ऐतिहासिक पक्ष प्रबल रहेको छ । त्यस्तै तुलनात्मक पक्षलाई पनि उत्तिकै महत्त्व दिइएको छ । यहाा समालोचकको दोष पक्षभन्दा गुण पक्षलाई बढी औंल्याएर शोधखोजपूर्ण लेखहरूतर्फ साहित्यकारको कलम बढी चलेको देखिादा कृतिभित्रका लेखलाई खोजपूर्ण एवम् अन्वेषणात्मक तथा गुणग्राही समालोचनाको रूपमा हेर्नु वाञ्छित देखिन्छ ।

**४.३.२ निष्कर्ष:**

साहित्यकार एवं समालोचक ठाकुर पराजुली म्याग्दी जिल्लाका मात्र नभई राष्ट्रिय स्तरकै उत्कृष्ट समालोचकका रूपमा चिनिन्छन् । यिनले साहित्यका समालोचना विधाका अतिरिक्त कविता, कथा, समीक्षा र निबन्ध विधामा पनि कलम चलाएका छन् तर यिनको सर्वाधिक सफल समालोचना विधा नै रहेको छ । यिनले हालसम्म एक मात्र नेपाली साहित्यको परिक्रमा (२०४५) समालोचनात्मक कृति प्रकाशित गरेका छन् । यिनी  समालोचना विधामा शोधखोज, अन्वेषणमूलक समालोचकका रूपमा चिनिन्छन् । यिनका समालोचनात्मक लेखमा दोष पक्षलाई भन्दा

---

[२] गायत्री आचार्य, **ठाकुर पराजुलीको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५५ ।

गुण पक्षलाई अत्यधिक मात्रामा देखाइएको छ । पूर्वीय र पाश्चात्य मान्यताको राम्रो ज्ञान भएपनि आफ्नै शैली र दृष्टिकोणका साथमा मौलिक ढााचामा शोधखोजमूलक समालोचना लेख्नु समालोचक एवं साहित्यकार पराजुलीको समालोचनात्मक प्रवृत्ति हो । यिनका समालोचनामा सरल, सरस र वस्तुनिष्ठ भाषाको प्रयोग पाइन्छ । औचित्यपूर्णता, प्रभावकारिता, संवेदनशीलता र संप्रेषणीयता पाइनु यिनको कृतिगत वैशिष्ठ्य हो ।

## ४.४ हरि बन्दी (२००१)

हरि बन्दीको जन्मथलो डडेलधुरा हो भने कर्मथलो म्याग्दी र काठमाडौं बन्न पुगेको छ । यिनी वि.सं. २००१ मा जन्मेका हुन् । यिनी पिता दीप ब. खड्का र माता नारायणी खड्काको ज्येष्ठ सुपुत्र हुन् । यिनले एम.ए. पोस्ट ग्रेजुएट डिप्लोमासम्मको अध्ययन गरेका छन् । बन्दीको नेपाली साहित्यमा प्रवेश 'गुन्द्रुकै हा' कविताबाट प्रारम्भ भएको हो । यिनका हालसम्म १. आआफ्नो महाभारत (हास्यव्यङ्ग्यसङ्ग्रह, २०३५) २. रत्न ब. विष्टको जीवनी (जीवनी, २०४२) ३. उल्टोपट्टि (हास्यव्यङ्ग्यसङ्ग्रह २०५२) कृति प्रकाशित छन् । यिनका विभिन्न लेख, रचना राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित हादै आएका छन् ।

### ४.४.१ रत्न ब. विष्टको जीवनी (२०४२) कृतिको अध्ययन

रत्न ब. विष्टको जीवनी (२०४२) जीवनी सन् १९०९ मा सुदूरपश्चिमाञ्चलको डडेलधुरा जिल्लामा जन्मिएका नेपालका भूतपूर्व प्रधानन्यायाधीश रत्न ब. विष्टको जीवनी हो । प्रस्तुत जीवनीमा रत्न ब. विष्टको बाल्यकालदेखि बुढ्यौलीसम्मका यथार्थ घटनाक्रमलाई सविस्तार वर्णन गरिएको छ । प्रस्तुत जीवनी कृतिभित्र विष्टका पुर्ख्यौली स्थिति, पारिवारिक अवस्था, बालककाल, शिक्षादीक्षा, जागिरे अनुभव, जागिरका सिलसिलामा देशका विभिन्न भागमा पुगी जनतालाई न्याय दिलाएका कुराहरूलाई वर्णन गरी लेखिएका छन् । देश र जनताका पक्षमा रही न्यायाधीश भएर राम्राराम्रा कामहरू गरेका प्रसङ्ग देख्न सकिन्छ । न्यायाधीश पेसामा आवद्ध भएका बेला आफूले भोगेका तिता अनुभूतिको अभिव्यक्ति पनि पाइन्छ । शिक्षा हासिल गर्न बाबुआमा त्यागी

अलमोडा, इलाहावाद गई दुःख गरी दुई दाजुभाइले अध्ययन गरेको प्रसङ्ग उल्लेखनीय छ । त्यस्तै अध्ययनका सिलसिलामा बाबुको देहावसानले पढाइमा धक्का पुगेका प्रसङ्ग छन् । इलाहावाद छाडी काठमाडौं आएर त्रिचन्द्र कलेजमा कुशल प्राध्यापन गरेका कुराहरू छन् । प्रस्तुत जीवनीमा आफूले सफलता प्राप्त गर्न केही दुःख सहनुपर्छ भन्ने भाव पाउन सकिन्छ । यसमा न्याय सेवामा संलग्न विष्टले न्यायिक क्षेत्रमा देखिएको ढिलासुस्ती, नातावाद, कृपावादको अन्त्यका लागि गरेका प्रयासको चर्चा पाइन्छ । न्यायिक पेसामा संलग्न रहादा विभिन्न ओहदामा रही विराटनगरका कारखाना, डोटी पिस कमिसन, पोखरा गोलीकाण्ड जााच कमिसन जस्ता महत्त्वपूर्ण ठाउामा गरेका कामको सफलता र असफलताको चर्चा पाइन्छ । पहिलो अन्तर्राष्ट्रिय एसियाली न्यायाधीशहरूको सम्मेलनमा सहभागी भएका कुराको प्रसङ्ग छन् । प्रस्तुत कृतिमा कतै जागिरे र न्यायिक पेसा त कतै साहित्य, सङ्गीत र खेलकुदप्रतिको रुचिको चर्चा छन् । यहाा विष्टको दिनचर्या अध्ययनमै बित्ने गरेको प्रसङ्ग उल्लेख छ । विष्टका इमान्दारीका, अनुशासित, आज्ञाकारिता सक्षमता, निस्वार्थी, कर्मशील जस्ता पक्षको निस्वार्थ भावले कृतिमा प्रशंसा गरिएको पाइन्छ ।

रत्न ब. विष्टको जीवनी (२०४२) जीवनीमा वर्णनात्मक शैलीको प्रयोग पाइन्छ । प्रस्तुत कृतिमा लेखक व्यक्ति स्तुतिभन्दा टाढा जान सकेका छैनन् । यहाा विष्टका राम्रा पक्षको मात्र प्रशंसा गरिएको छ । दुर्वल पक्षको चर्चा हुन सकेको छैन । तर यसले जीवनी विधाको मर्मलाई भने स्वीकार गरेको देखिन्छ । भाषा सरल र सरस छ ।

### ४.४.२ उल्टोपट्टि (२०५२ निबन्धसङ्ग्रह) को अध्ययन

उल्टोपट्टि (२०५२) हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह बन्दीको पहिलो हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहभित्र ३७ वटा फुटकर हास्यव्यङ्ग्यहरू सङ्गृहीत गरिएका छन् । जुन निम्न छन् - बुई चढ्ने मान्छे, फड्को, सोझो, आफ्नो मान्छे, ब्लडप्रेसर, छैनबजार, टाइगरज्यूको देहावसान, मैले नदेखेको काठमाडौं, जिर्णोद्वारबाट जीवनोद्वार, फोटो छपाउने रहर, हाकिमवाद, हाकिम साहेबको भोजन, जनसंख्या सुर,

ट्याक्स फ्रि आलु, महिला र मैला, भाउ बढ्यो, नेपाल चरम विकासतिर, सरकारी काम कहिले जाला घाम, राष्ट्रिय सम्पत्तिको दुरूपयोग, काठमाडौंलाई सर्वश्रेष्ठ राखौं, वादविवाद ग्रस्त दैनिकी, कलियुगको करामत, तुरुन्त, हाइटेन्सन, काम र कुरा, भजनलेखन, पिएच्डी. कि खिचडी ? सुरसारुपि बजेट र आधार पेटको भोज भतेर, नुनको सोफ्रो, छापिदै छ नयाा पञ्चतन्त्र, के छ ? जिन्दगी : बौलाहाको बयान, ड्राइ भेजिटेवल, इन्टरन्यासनल, टी.भी. र टी.बी. विडम्बना, उल्टोपट्टि ।

प्रस्तुत उल्टोपट्टि (२०५२) हास्यव्यङ्ग्यसङ्ग्रहमा विषयगत विविधता पाइन्छ । प्रस्तुत सङ्ग्रहमा निबन्धकारले आफू बााचेको भौतिक जगत्मा जेजे कुराहरू देखे, तिनै कुराहरूलाई विषयवस्तुको रूपमा प्रस्तुत गरेका छन् । प्रस्तुत सङ्ग्रहभित्र निबन्धकारले नेपाली समाजका राजनीतिक, सामाजिक, शैक्षिक, धार्मिक, भौतिक, आर्थिक, विषयवस्तुलाई विशेष जोड दिएका छन् । यस सङ्ग्रहमा स्वार्थीले सोफ्रा मानिसमाथि बुई चढ्ने प्रवृत्तिको विरोध गरिएको छ । त्यस्तै इमान्दार, निस्वार्थी मान्छेले प्रगति गर्न नसकेको तर जाली फटाहा मान्छेले फड्का मार्दै अगाडि बढेको यथार्थ प्रस्तुत छ । राजनीतिका नाममा चाकडी नगर्नेहरू सधैा तलको तलै पर्ने कुराको उल्लेख पाइन्छ । प्रसतुत सङ्ग्रहमा धेरै सोफ्रा मानिसले कहिल्यै प्रगति गर्न नसक्ने कुरा दर्शाइएको छ । त्यस्ता सोफ्रा मानिसहरू सधैं अर्काको पेलाइमा पर्ने र तिनले जीवनमा कहिल्यै ठाडो मुन्टो गरेर समाजमा हिड्न नपाउने यथार्थलाई प्रस्तुत गरिएको छ । त्यस्तै दुनियाामा कोही आफ्नो मान्छे नभएको र आफ्नो मान्छेको आशा गरी बस्दा जीवनमा धेरै दुःखकष्ट व्यहोर्नुपर्ने स्थितिको प्रस्तुति पाइन्छ । प्रस्तुत सङ्ग्रहमा मान्छेमा रहेको असन्तुष्टि प्रवृत्तिले गर्दा सानादेखि ठूला मानिससम्मलाई ब्लडप्रेसरले आक्रान्त पारेको स्थितिको चित्रण छ । धनको अभावमा आजभोलिको बजार गरिबका निम्ति शून्य हुने बजारिया स्थितिप्रति व्यङ्ग्य गरिएको छ । प्रस्तुत सङ्ग्रहमा राणाकालीन सामन्ती परिवारमा मान्छेलाई भन्दा पशुलाई बढ्ता माया गरेको देखाएर मान्छेमा हराउादै गएको मानवताप्रति चिन्ता व्यक्त गरिएको छ । प्रस्तुत सङ्ग्रहमा कर्मचारीतन्त्रप्रति पनि व्यङ्ग्य गरिएको छ । गरिबलाई दुई छाक खान धौधौ भएको तर हाकिमलाई पार्टी

नै पार्टीले सताएको देखाएर असमान वितरणप्रति व्यङ्ग्य गरिएको छ । त्यस्तै सरकारी कर्मचारीले देश र जनताप्रति उत्तरदायित्वविहीन भएर कार्य गरेको प्रति आपत्ति जनाइएको छ । आजकलका मान्छेमा आएको विलासितासम्बन्धी धारणाप्रति पनि व्यङ्ग्य गरिएको छ । वर्तमान परिवेशमा उच्च शिक्षा हासिल गरेर पनि बेरोजगार हुनुपर्ने स्थितिप्रति पनि चिन्ता व्यक्त गरिएको पाइन्छ । व्यापारका नाममा सरकारले सही नीति नबनाउादा ग्राहकहरू ठगिंदै गएकोप्रति आक्रोश व्यक्त पाइन्छ ।

उल्टोपट्टि (२०५२) हास्यव्यङ्ग्यसङ्ग्रह आत्मपरक शैलीमा रचना गरिएको निबन्धसङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा मानवीय जीवनका सत्य, तथ्य, तिता, मिठा कुराहरूलाई हास्यव्यङ्ग्य पारामा कलात्मक ढङ्गमा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहमा व्यङ्ग्य, कथात्मक, कवितात्मक, प्रश्नात्मक शैलीको प्रयोग पाइन्छ ।

उल्टोपट्टि (२०५२) हास्यव्यङ्ग्यको भाषा सरल भइकन बौद्धिक खालको छ । यस सङ्ग्रहमा संस्कृत, तत्सम, तद्भव तथा आगन्तुक शब्दको प्रयोग पाइन्छ ।यहाा कतैकतै उखानटुक्काको प्रयोग पनि भएको छ । जस्तै रातभरि उपियाले टोक्छ, दिन भरि रुपियााले टोक्छ (पृष्ठ ६४), कुवाको भ्यागुतो हुनु (पृष्ठ ६०) । प्रस्तुत सङ्ग्रहमा हिन्दी भाषाको प्रयोग पनि देख्न सकिन्छ ।

### ४.४.३ निष्कर्ष

हरि बन्दी म्याग्दीका साहित्यकार भएपनि लामो समयदेखि काठमाडौंमा रहादै बस्दै आएका छन् । यिनी नेपाली साहित्यमा हास्यव्यङ्ग्य निबन्धकारका रूपमा चिनिन्छन् । यिनले आफ्ना निबन्धमा युगीन समसामयिक परिवेशलाई हस्यौली-ठट्यौली पारामा प्रस्तुत गरेका छन् । यिनका निबन्धमा निजात्मक, व्यङ्ग्यात्मक, वर्णनात्मक शैलीको प्रयोग पाइन्छ । निबन्ध सरल भइकन व्यङ्ग्यपूर्ण हुन् । यिनी निबन्धकारका अतिरिक्त जीवनीकार पनि हुन् । यिनका साहित्यिक रचनामा राष्ट्रियता, मानवता, देशप्रेम, विकृति, विसङ्गति जस्ता प्रवृत्ति देख्न सकिन्छ ।

### ४.५ होमनाथ सुवेदी (२००४)

होमनाथ सुवेदी म्याग्दी जिल्लाको ताकममा वि.सं. २००४ मा जन्मेका हुन् । यिनले स्नातकोत्तर तहसम्मको अध्ययन गरेका छन् । यिनी नेपाली साहित्यमा 'अविवेक' कथाको प्रकाशनसागै प्रवेश गरेका हुन् । यिनले आख्यानका अतिरिक्त नेपाली साहित्यको कविता, इतिहास र लोकसाहित्य जस्ता विधामा कलम चलाएका छन् । यिनका प्रकाशित कृतिहरू निम्नलिखित छन् - १. न्याउली (२०४३) उपन्यास २. रत्ना (२०४३) उपन्यास ३. त्रिमूर्ति (२०४४) उपन्यास ४. नजर (२०४४) उपन्यास

५. वीणा (२०४५) ६. द्यौराली (२०५१) उपन्यास ७. नेपाली लोककथा छन्त्यालको छेऊबाट (२०५२) लोककथासङ्ग्रह ८. अङ्कुर (२०५३) उपन्यास (९) प्रवासी स्वर (२०५५) कवितासङ्ग्रह १०. ताकमदर्पण (२०५५) इतिहास ११. यमपुरीको महल (२०६४) उपन्यास ।

### ४.५.१ होमनाथ सुवेदीका औपन्यासिक कृतित्वको सङ्क्षिप्त अध्ययन

उपन्यासकार होमनाथ सुवेदीको पहिलो प्रकाशित उपन्यास 'न्याउली' (२०४३) हो भने अन्तिम उपन्यास 'यमपुरीको महल' (२०६४) हो । यिनका हालसम्म ८ वटा उपन्यासहरू प्रकाशित छन् । यिनका उपन्यासहरूमा विषयगत विविधता पाइन्छ । सुवेदीका उपन्यास अधिकांश त ग्रामीण परिवेश अंशत सहरिया परिवेशलाई आधार मानी लेखिएका छन् । उपन्यासमा गाउाले जीवनको यथार्थताको प्रभावमा नै बढी जोड दिइएको छ । उनका उपन्यासमा गाउामा हुने गरेका शोषण दमनलाई एकातिर देखाइएको छ भने अर्कातर्फ सामन्त, दलालवर्गले गरिब निमुखा जनतामाथि गरेको रजाइालाई पनि देखाइएको छ । उपन्यासकार सुवेदीका अधिकांस उपन्यास नारीकेन्द्री छन् । उपन्यासमा पुरुषले नारीमाथि गर्ने थिचोमिचोलाई नै प्रमुखता दिइएको छ । नारीका यौनेच्छा, कुण्ठा, तृष्णालाई पनि उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यासमा समाजमा देखिने अनमेल विवाह, विधवा प्रथा, बहुविवाह, जस्ता सामाजिक कुरीतिलाई पनि देखाइएको छ । तत्कालीन समाजको बिग्रादो, खस्कादो अवस्था, परम्परित आडम्बरीय प्रवृत्तिको पनि चित्रण पाइन्छ । यिनका उपन्यासमा बेरोजगारी समस्या, डेरा गरी काठमाडौंमा बस्नुपर्ने बाध्यता, अन्तर्पीडा, रुग्ण, वीभत्स र स्वमूर्ख वर्तमान

सहरी पर्यावरण, घुसखोरी, बेस्यावृत्ति, आभिजात्य संस्कृतिका मान्छेहरूका आचरण र प्रवृत्तिलाई पनि उपन्यासमा देखाएको पाइन्छ । समाजमा हुने सत् र असत् पक्षबीचको द्वन्द्व पनि देख्न सकिन्छ । यिनका उपन्यासमा मानवीय स्वतन्त्रतामाथि हुने दमनको तीव्र विरोध गरिएको छ । वर्तमान राजनैतिक गन्ध पनि यिनका उपन्यासमा देख्न सकिन्छ । मानिस स्वतन्त्र प्राणी हो । ऊ स्वतन्त्र भएर बाँच्न चाहन्छ भन्ने विचार पाइन्छ । मजदुरका समस्या, शोषितपीडितवर्गका अन्तर्पीडा पनि यहाँ अत्यन्त सहज रूपमा देखाइएको छ । भौतिकवादी दर्शन मात्र नभएर पूर्वीय आत्मज्ञानको प्रभाव पनि पाइन्छ । यिनका उपन्यास मार्क्सवादी चिन्तनले प्रभावित छन् । उनका उपन्यासमा दाजुभाइमाथि हुने गरेको शोषण र दमनलाई पनि देखाइएको पाइन्छ ।

उपन्यासकार होमनाथ सुवेदीका उपन्यासहरूमा संरचनागत भिन्नता रहेको छ । न्याउली, रत्ना उपन्यासमा आदि, मध्य र अन्त्यको समानुपातिक संरचनागत वितरण पाइन्छ भने अन्य उपन्यासहरूमा संरचनागत तालमेल पाइदैन । यिनका केही उपन्यासहरू स्वैरकल्पनाको प्रयोग देख्न सकिन्छ । उपन्यास लघुआयामदेखि लिएर बृहत् आकारका छन् ।

होमनाथ सुवेदीका उपन्यासमा चरित्रगत भिन्नता देख्न सकिन्छ । उपन्यासमा सत्असत्, अन्तर्मुखी, बहिर्मुखी, वर्गीय, मञ्चीय, गतिशील, स्थिर, उच्च,निम्न जस्ता प्रवृत्तिगत पात्रहरू रहेका छन् । यिनका उपन्यासहरू नारीकेन्द्री हुनाले नारीकै समस्याहरू बढी देखिएका छन् । पुरुषले नारीमाथि गर्ने वैयक्तिक दमन एकातिर रहेका छन् भने अर्कातर्फ सामाजिक संस्कारबाटै ठगिन पुगेका नारीका स्थितिहरू पनि यहाँ देख्न सकिन्छ । उपन्यासमा शोषक र सामन्तहरूको प्रतिनिधित्व गर्ने खलपात्रहरू पनि रहेका छन् भने अर्कातर्फ शोषित र पीडित वर्गको प्रतिनिधित्व गर्ने पात्रहरू पनि उत्तिकै रहेका छन् । चरित्रहरू अधिकांश ग्रामीण परिवेशबाट निर्मित छन् भने केही पात्रहरू सहरिया सभ्यताबाट प्रभावित भएका छन् । समग्रमा यिनका उपन्यासमा ग्रामीण र सहरिया सभ्यतासित मेल खाने उपन्यासको कथावस्तुसित मिल्ने खालका पात्रहरू नै बढी रहेको देखिन्छ ।

उपन्यासकारले ग्रहण गरेको विषयवस्तुलाई चरित्रका माध्यमबाट अगाडि बढाउनका लागि परिवेशको आवश्यकता पर्दछ । सुवेदीका उपन्यासका परिवेशको कार्यपीठिका ग्रामीण हो । यिनका सबै उपन्यास ग्रामीण परिवेशमा केन्द्रित रहेर लेखिएका छन् । ग्रामीण परिवेशको गर्भभित्र सहरिया परिवेशको छिटफुट प्रयोग पनि देख्न सकिन्छ । यहाा उपन्यासकारले ग्रामीण परिवेशअन्तर्गत धौलागिरि र गण्डकी अञ्चलको परिवेशलाई समेटेका छन् । यिनका उपन्यासमा मूलतः म्याग्दी जिल्लाकै परिवेश नै बढी देखिन्छन् । म्याग्दी जिल्लाका ताकम, मुना, मुदी, बेनी, पुला, बाबियाचौर, अर्थुङ्गे, दरबाङ, भैरहवा, झापा, हेटौडा र त्यसका आसपासमा रहेका नदी, ताल, छहरा, गाउाठाउा आदिलाई पनि यिनले उपन्यासको परिवेश बनाएका छन् । यी उल्लिखित परिवेशका अतिरिक्त पोखरा, काठमाडौं र अमेरिकासम्मका परिवेश पनि उपन्यासमा देख्न सकिन्छ । यिनका उपन्यासमा कतै बृहत् परिवेश त कतै सूक्ष्म परिवेश रहेका छन् ।

होमनाथ सुवेदीका उपन्यासहरू प्रथम तथा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरी लेखिएका छन् । द्वन्द्वका दृष्टिले सुवेदीका उपन्यास सबल देखिन्छन् । यिनका उपन्यासमा आन्तरिक तथा बाह्य द्वन्द्व दुवै देख्न सकिन्छ । बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग पनि रहेको छ ।

भाषिक शिल्पका दृष्टिले हेर्दा सुवेदीका उपन्यासहरू भिन्न-भिन्न देखिन्छन् । प्रारम्भका उपन्यासमा भौगोलिक परिवेश, जाति, वंशअनुरूपको भाषाको प्रयोग भएको छ भने उत्तरार्ध चरण तिर आएर परिवर्तित, परिमार्जित भाषाको प्रयोग देख्न सकिन्छ । यिनका उपन्यासमा तत्सम, तद्भव र नेपाली झर्रा (स्थानीय भाषिका) शब्दको प्रयोग देख्न सकिन्छ । उखान, टुक्का, बिम्ब, प्रतीकको प्रयोग पनि रहेको छ । नेपाली लोकोक्तिको प्रयोग पनि कहीा कतै देख्न सकिन्छ (जसको भैंसी उसको लट्ठी, आफू त महादेव उत्तानो पर कसले देला वर) । संस्कृत सूक्तिको प्रयोगले उपन्यास बढी आस्वाद्य बनेका छन् (जस्तै ऋण कला धृतं पिवेत्) (पृष्ठ ९५) । यिनका उपन्यासमा

वर्णनात्मक, विश्लेषणात्मक, व्यङ्ग्यात्मक, प्रतीकात्मक, बिम्वात्मक, शैलीको प्रयोग पाइन्छ ।[३]

## ४.५.२ 'प्रवासी स्वर' (कवितासङ्ग्रह २०५५) को अध्ययन

'प्रवासी स्वर' (२०५५) कवितासङ्ग्रह होमनाथ सुवेदीको पहिलो प्रकाशित कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा लामाछोटा ४१ वटा गद्य/पद्य शैलीका कविताहरू सङ्कलित छन् । ती हुन्- आज, आाट, भक्कानो, फूल, कल्पनाको डााको प्रति, के कस्तो, के यस्तो, म मानिस भइन, प्रकाश, सुकेर टुसाएको पथ, उर्पखुट्टी लाएर, बेदना, आतङ्क, बााच्ने कसरी बहाना, बन्धन, क्षोभ, सिर्जन, यो हिडुनुपर्ने धरती, कामदारको चित्कार कस्तो विडम्बना, म कहाा छु, प्रवासी, प्रवासीको दिल, समान, यो कस्तो नरक, यो के हो ? म एक क्लब, प्रवासीको सपना, कल्पना, मैले पिउादै पिउन्न, पुकार, प्रेम वा अभिनय, म आजको नारी हुा ।

प्रवासी स्वर (२०५५) कवितासङ्ग्रहमा विषयगत विविधता पाइन्छ । प्रस्तुत सङ्ग्रहमा राष्ट्रियता, मानवता, सामाजिक, सांस्कृतिक, शैक्षिक,आर्थिक, भौतिक पक्षलाई जोड दिइएको छ । प्रस्तुत सङ्ग्रहमा कविले आफूले स्वदेश र प्रवासमा रहादा बस्दा, देखे भोगेका यथार्थ कुराहरूलाई व्यक्त गरेका छन् । कविलाई प्रवासभन्दा स्वदेशमा नै बढी राम्रो र रमणीय लागेको भाव अभिव्यक्त पाइन्छ । प्रस्तुत सङ्ग्रहमा मनोविज्ञान, मानसिक जगत्को पीडा, प्रेम, घृणा, राष्ट्रियता, मानवता संवेदना तथा पीडालाई उद्घाटन गरिएको छ । प्रवासमा बसेर नेपालीले भोग्नुपरेका पीडाको चित्रण छ । तत्कालीन समाजको परम्परागत मूल्य र मान्यता, व्यवस्था र सामाजिक जीवनको चित्रण छ । जााड, रक्सी, जुवा, चोरी डकैती र वेश्यावृत्तिले उत्पन्न गरेको सामाजिक पीडालाई देखाइएको छ । धनी ठूलावडाले गरिब निमुखामाथि गर्ने धाकधम्कीको विरोध गरिएको छ । हत्या, त्रास, डर, धम्की, वैमनस्यता, शत्रुता, बन्धनबाट समाजले मुक्ति पाउनुपर्ने विचार व्यक्त भएको पाइन्छ । आफ्नो समाजको चेतना, प्रगति र उन्मुक्तिको

---

[३] बालकृष्ण शर्मा, **होमनाथ सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्व,** अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०५६ ।

कामना गरिएको छ । प्रस्तुत सङ्ग्रहमा एकातर्फ मानवतावादी चिन्तन प्रकट छ र अर्कातर्फ हरेक समाजबाट मानवताको ह्रास हुादै गएकोप्रति पनि चिन्ता प्रकट गरिएको छ । प्रस्तुत सङ्ग्रहमा प्रवासमा रहादा झल्कने राष्ट्रियताको मोह स्वदेशमा झल्काउनु पर्ने विचार व्यक्त भएको पाइन्छ । सम्पूर्ण नेपालीलाई स्वदेश, स्वधर्ती, स्वमाटामा रमाउन आग्रह गरिएको छ । वर्तमान समयमा आएर पशुमा मानवता स्थापित हुादै गएको तर मानिसमा मानवता हराउादै गएकोतर्फ रोष प्रकट भएको छ । यहाा प्राकृतिक मोह झल्किएको पाइन्छ । मानिस प्रकृतिको काखमा रमाउनुपर्छ भन्ने भाव पाइन्छ । प्रकृतिको चित्रण गर्ने क्रममा कतै शान्त र सौम्य त कतै भयानक स्थितिको चित्रण पाइन्छ । कवि यही धर्तीमै दुःख सुख गरी जीवन जिउन चाहन्छन् ।

प्रवासी स्वर (२०५५) कवितासङ्ग्रह संरचनागत दृष्टिले हेर्दा दस पङ्क्तिदेखि (के यस्तो, पृ. २३) सन्तानब्बे पङ्क्ति (कामदारको चित्कार, पृ. ४४) र अनुच्छेद योजनाका दृष्टिले एकदेखि सोह्र अनुच्छेदसम्म रहेका छन् । कुनै कुनै कवितामा अनुच्छेद विभाजन गरिएको छ भने कुनैमा अनुच्छेद विभाजन गरिएको छैन । प्रस्तुत सङ्ग्रहका कविता एकचालीस मध्ये चालीस वटा कविता गद्यमा रचिएका छन् र एउटा कविता पद्यमा रचिएको पाइन्छ ।

प्रवासी स्वर कविता सङ्ग्रहमा रस चेतनाका दृष्टिले हेर्दा थोरबहुत गरी नौ वटै रसको प्रयोग पाइन्छ । प्रवासी जीवनको पीडा र देशप्रेम यसको प्रमुख आकर्षक रस हो ।

आउन बस दुःखीको काखमा खाएर नुनपानी
गए नि जाऊ, चुहाइ थोरै मधुर कहानी (पृष्ठ ३४)

प्रवासीस्वर कवितासङ्ग्रहलाई लय चेतनाका दृष्टिले हेर्दा एउटा कविता स्रग्धरा छन्दमा रचिएको छ भने अरू सबै गद्यलयमा रचिएका छन् ।

प्रवासी स्वर कवितासङ्ग्रहको भाषा प्रयोग सरल, स्पष्ट, कोमल र बोधगम्य छ । यहाा भाषिक चमत्कारभन्दा विचार र अनुभूतिको प्रस्तुतीकरणमा जोड दिएको पाइन्छ । नेपाली इतर भाषिक शब्दको प्रयोग अत्यन्त कम छ । लोकोक्तिको प्रयोग

गरिएको छ । कतै भाषिक विचलन देख्न सकिन्छ । वर्णनात्मक, नाटकीकरण तथा आत्मकथनात्मक तीनवटै शैलीको प्रयोग गरिएको छ । आलङ्कारिक दृष्टिले हेर्दा यहाा शब्दालङ्कार र अर्थालङ्कारको समुचित प्रयोग पाइन्छ ।[४]

### ४.५.३ निष्कर्ष

साहित्यकार होमनाथ सुवेदी नेपाली साहित्यमा कथा विधाबाट प्रवेश गरेपनि उपन्यासकारका रूपमा नै बढी चिनिन्छन् । यिनी औपन्यासिक क्षेत्रमा राष्ट्रवादी, मनोवैज्ञानिक, प्रगतिशील र बौद्धिक उपन्यासकारको रूपमा चिनिन्छन् । यिनका प्राय सबै उपन्यासको विषय समाज र त्यस समाजभित्रका पारिवारिक समस्यामा केन्द्रित देखिन्छन् । हाम्रो वरपरका समाज, संस्कृति र दर्शनलाई मनोवैज्ञानिक ढङ्गले प्रस्तुत गर्नु सुवेदीको औपन्यासकारिता हो । साहित्यकार सुवेदी कविता विधामा स्वच्छन्दतावादी, प्रगतिवादी कविको रूपमा चिनिन्छन् । यिनका कवितामा प्रवासमा रहादा बस्दाका तिता अनुभव व्यक्त गरिएको छ । राष्ट्रियता, मानवता, देशप्रेम, समाजसुधार, विकृतिविसङ्गतिको विरोध यिनका कृतिगत वैशिष्ट्य हुन् ।

निष्कर्षमा भन्दा सुवेदी पूर्वीय र पाश्चात्य मान्यताको राम्रो ज्ञान भएका साहित्यकार हुन् । यिनमा राष्ट्रिय भावना प्रबल देखिन्छ । स्वदेशी र विदेशी भूमिबाट नेपाली साहित्य र समाजको विकासमा मरिमेट्ने साहित्यकारको रूपमा सुवेदीलाई चिन्न सकिन्छ ।

## ४.६ ध्रुवलाल शर्मा (२००५)

ध्रुवलाल शर्माको जन्म वि.सं. २००५ मा म्याग्दी जिल्लाको अर्थुङ्गे भन्ने ठाउामा भएको हो । यिनी पेसाले शिक्षक भएपनि निरन्तर साहित्यमा लागिरहने व्यक्तित्व हुन् । यिनी पिता गंगादत्त शर्मा र माता मन्दोदरीका ज्येष्ठ सुपुत्र हुन् । यिनले सि.एड. (आइ.ए.) सम्मको शिक्षा हासिल गरेका छन् । यिनी नेपाली साहित्यमा '१८ सालका सवाई' कविता प्रकाशन गरी प्रवेश गरेका हुन् । यिनका हालसम्म १. आमाको सम्झना

---

[४] ऐजन, पृष्ठ ९७ ।

(कवितासङ्ग्रह २०६३) २. यौटा कथाको कथा (कथासङ्ग्रह २०६३) ३. खोरभित्रको स्वर (गीतिसङ्ग्रह २०६४) प्रकाशित छन् । यिनी साहित्यका अतिरिक्त विभिन्न साहित्यिक तथा साहित्येतर सङ्घसंस्थामा पनि संलग्न रहादै आएका छन् ।

### ४.६.१ आमाको सम्झना (कवितासङ्ग्रह २०६२) को अध्ययन

आमाको सम्झना (२०६२) कवितासङ्ग्रह शर्माको पहिलो कविता सङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा विषयवस्तुगत विविधता पाइन्छ । प्रस्तुत सङ्ग्रह शर्माको यथार्थ प्रस्तुतिमा आधारित सङ्ग्रह हो । यस सङ्ग्रहमा सामाजिक, सांस्कृतिक, राजनैतिक, भौतिक, आर्थिक, शैक्षिक जस्ता विषयसित सम्बन्धित विभिन्न विषयवस्तुहरू रहेका छन् । यहाा युगीन परिवेशका दुखेसो र सुखेसोका अभिव्यक्ति छन् । शोषक, सामन्त, दलालहरूले गरिब जनतामाथि गरेको अन्याय थिचोमिचोको प्रस्तुति पाइन्छ । सामन्त र दलालहरूले देशको छवि नै मास्न लागेको प्रति चिन्ता व्यक्त गरिएको छ । नेपाली भूमिलाई राजसंस्था र राजनीतिक दलहरूको मिलेमतोमा कङ्गाल पार्न लागेका प्रति चिन्ता प्रकट छ । त्यस्तै नेपाली राष्ट्रियता र अखण्डतालाई जोगाउनुपर्छ भन्ने भाव पाइन्छ । यस सङ्ग्रहमा वर्तमान मानिस बााचेको जिन्दगी देखेर निराशा व्यक्त भएको पाइन्छ । त्यस्तै देश परिस्थितिको दास भएको देख्दा चिन्ता व्यक्त गरिएको छ । यहाा कविका जिन्दगीप्रति व्यक्तिगत नैराश्यता व्यक्त भएका छन् । सम्पूर्ण नेपालीलाई फुटेर होइन जुटेर अघि बढ्न आह्वान गरिएको छ । नेपाल आमाप्रति सदा श्रद्धा राख्नुपर्छ भनिएको छ । यस सङ्ग्रहमा राष्ट्रियता र स्वाभिमान बेचेर पैसाको निम्ति विदेशिएका नेपालीलाई स्वदेश फर्कन आग्रह गरिएको छ । त्यस्तै मानसिक तनावले आत्मालाई कमजोर पार्नु हादैन भन्ने भाव पनि पाइन्छ । नेपाली भाषा, कला र संस्कृतिको सदा सम्बर्द्धन र संरक्षण गरिनुपर्छ भन्ने विचार प्रस्तुत सङ्ग्रहका कवितामा पाइन्छ । नेपाल आमाप्रति सदा श्रद्धाभाव व्यक्त गर्नुपर्ने धारणा कविको रहेको छ ।

ध्रुवलाल शर्माको आमाको सम्झना कवितासङ्ग्रहमा जम्मा उनान्पचास वटा फुटकर कविता सङ्गृहित गरिएका छन् । संरचनागत दृष्टिले हेर्दा प्रस्तुत सङ्ग्रहका कविताहरू एक अनुच्छेददेखि पााचौ अनुच्छेदसम्ममा विस्तारित छन् । त्यस्तै यहाा धेरै

कविताहरू अनुच्छेदविहीन रहेका छन् । प्रस्तुत सङ्ग्रहमा तेह्र पंक्तिका कवितादेखि लिएर उनान्सत्तरी पङ्क्तिका कविताहरू पनि छन् ।

प्रस्तुत आमाको सम्झना कविता सङ्ग्रहमा रस विधानले हेर्दा यहाा शान्त, वीर, करुण, वीभत्स रस प्रमुख भएर आएका छन् भने अन्य रसहरू छिटफुट मात्रामा आएका छन् । वीर रसको उदाहरण -

भारतीय मुसोलिनीहरूको
रित्तो फुइा पाएर हुन सक्छ
अमेरिकी ईदी अमिनहरूको
वासी बुइ पाएर हुन सक्छ
वा कही कुनै जारहरूको
खोक्रा दाउको सुई पाएर हुन सक्छ
यहुदी वस्ती छानी छानी
यहााका नाजीहरू यतिखेर
नाङ्गो नरसंहारमा उत्रेका छन् (पृष्ठ ६७)

छन्दविधानका दृष्टिले हेर्दा प्रस्तुत सङ्ग्रहका सबै कविताहरू छन्दविहीन गद्यलयमा लेखिएका छन् ।

भाषिक विधानका दृष्टिले हेर्दा प्रस्तुत सङ्ग्रहमा सरल, सरस र परिष्कृत परिमार्जित भाषाको प्रयोग पाइन्छ । त्यस्तै संस्कृत तत्सम, तद्भव तथा आगन्तुक शब्दको प्रयोग पनि रहेको छ । कतै कतै भाषिक विचलन छ । कविताको भाषा स्वाभाविक रूपमा आलङ्कारिक र काव्यात्मक बनेको छ । वर्णनात्मक, व्यङ्ग्यात्मक, आत्मकथनात्मक शैलीको प्रयोग पाइन्छ । आलङ्कारिक दृष्टिले हेर्दा यहाा शब्दालङ्कार र अर्थालङ्कार दुबै प्रयोग पाइन्छ ।

### ४.६.२ यौटा कथाको कथा (कथासङ्ग्रह, २०६३) को अध्ययन

यौटा कथाको कथा (२०६३) कथासङ्ग्रह ध्रुवलाल शर्माको दोस्रो प्रकाशित कृति हो । प्रस्तुत कथासङ्ग्रहमा शर्माले आफूले देखे, भोगेका अनुभूतिलाई कथाका माध्यमबाट व्यक्त गरेका छन् । प्रस्तुत कथासङ्ग्रह शर्माको विविध विषयवस्तुको सागालो पनि हो । यस कथासङ्ग्रहमा शर्माले आफ्नो कथालेखनको मुख्य विषयवस्तु नेपाली ग्रामीण समाजलाई बनाएका छन् । प्रस्तुत सङ्ग्रह वर्तमान नेपाली समाज र त्यसले विद्यमानसम्म भोग्दै आएका अनुभूतिलाई देख्न सकिन्छ । यस सङ्ग्रहमा ग्रामीण नेपाली समाजको झल्को नै प्रस्तुत भएको छ । यहाा नेपाली नारीहरूले भोग्नुपरेका पीडा, बाध्यतालाई प्रस्तुत गरिएको छ । खस्कादो नेपाली समाज र त्यसका विसङ्गत पक्षहरूको उजागर गरिएको छ । प्रस्तुत सङ्ग्रहमा चेलिबेटी बेचबिखन, बालविवाह, बहुविवाह, अन्तर्जातीय विवाहलाई देखाइएको छ । राज्य संयन्त्रमा देखिएको घुसखोरीतन्त्रलाई पनि प्रस्तुत गरेको पाइन्छ । सरकारी कार्यालयमा हुने ढिलासुस्ती, हैकमवाद, भ्रष्टाचारी प्रवृत्तिको विरोध छ । सरकारी निम्नस्तरका कर्मचारीले भोग्नुपरेका पीडा छन् । त्यस्तै अन्तर्जातीय विवाहलाई प्राथमिकता दिइएको छ । प्रस्तुत सङ्ग्रहमा सम्पूर्ण नेपालीले वीर सहिदहरूप्रति सम्मान, गर्नुपर्ने धारणा पाइन्छ । गरिबीको मारले पिल्सिएका नेपालीको पिडादायी अवस्थाको चित्रण छ । राजनीतिक दलहरूले नेपाली गरिब जनताप्रति गरेको बेवास्ताको भन्डाफोर गरिएको छ । प्रस्तुत सङ्ग्रहमा सौता हाल्ने प्रवृत्तिप्रति विरोध जनाइएको छ । नेपाली जनताले स्वविवेक र आफ्नै कमाइले खान पाउनुपर्छ भन्ने कुरा व्यक्त छ । खराब प्रकृतिका मानिसले समाजको आदर्शलाई बिगार्ने हादा त्यसप्रति सचेत हुन आग्रह गरिएको छ । सामन्ती संस्कार, कालोबजारी, घुसखोरी तन्त्रप्रतिको तीव्र विरोध छ । न्याय, सुशासन, इमान्दारिताप्रति विशेष लगाव राखिएको पाइन्छ । नेपाली प्रकृति धर्तीप्रति सबैले माया, श्रद्धा भाव राख्नुपर्छ भन्ने भाव प्रस्तुत सङ्ग्रहका कथामा व्यक्त भएको पाइन्छ ।

यौटा कथाको कथा कथासङ्ग्रह सामाजिक विषयवस्तुमा आधारित कथासङ्ग्रह हो । यसमा ग्रामीण समाजभित्रका ऐतिहासिक, सांस्कृतिक, भौतिक, आर्थिक, शैक्षिक,

पारम्परिक यथार्थलाई प्रस्तुत गरिएको छ । वर्तमान समाज र उसले भोग्दै आएका विभिन्न विकृति र विसङ्गतिको नमुना प्रस्तुत सङ्ग्रहमा देख्न सकिन्छ ।

यौटा कथाको कथा कथा सङ्ग्रहमा जम्मा पन्ध्र वटा कथाहरू सङ्कलित छन् । सम्पूर्ण कथाहरू संरचनागत आयामका दृष्टिले हेर्दा लघु आकारका देखिन्छन् । कथाको संरचनामा आदि, मध्य र अन्त्यको क्रमिक मिलान भएको पाइन्छ ।

यौटाकथाको कथा कथासङ्ग्रह पात्रविधानका दृष्टिले हेर्दा अत्यन्त न्यून पात्रको प्रयोग गरी लेखिएको पाइन्छ । पात्रहरू प्रायः ग्रामीण परिवेशबाट निर्मित छन् । पात्रका भाषिकसीप, बोलाइ, क्रियाकलाप, ग्रामीण परिवेशसित मिल्दाजुल्दा छन् । प्रस्तुत सङ्ग्रहमा विशेषगरी नारीको समस्यालाई प्रमुखता दिइएको छ । पात्रहरू गतिशील, मञ्चीय, आबद्ध, सत्, असत्, उच्च, निम्न, सामन्त, शोषित सबै वर्गका देख्न सकिन्छ ।

यौटाकथाको कथा कथासङ्ग्रहलाई परिवेश विधानका दृष्टिले हेर्दा परिवेश एउटै नभई भिन्नभिन्न स्वरूपमा आएका छन् । यस सङ्ग्रहमा ग्रामीण परिवेश नै बढ्ता देख्न सकिन्छ । ग्रामिण परिवेशअन्तर्गत म्याग्दी जिल्लाका आसपासका क्षेत्रहरू बढी आएका छन् भने छिटफुट नेपालगञ्ज, भैरहवा, गोर्खासम्मका परिवेशको चित्रण पनि छन् । परिवेश विधानका दृष्टिले हेर्दा यिनका कथा सफल मानिन्छन् ।

यौटाकथाको कथा कथासङ्ग्रहमा सरल भाषाको प्रयोग गरिएको छ । नेपाली स्थानीय भाषिकाको प्रयोग पनि पाइन्छ । त्यस्तै संस्कृत तत्सम, झर्रा तथा आगन्तुक शब्दको प्रयोग पनि देख्न सकिन्छ । उखान, टुक्का, बिम्व, प्रतीकको प्रयोगले कथाको रमणीयतामा सुगन्ध थपेको छ । अनुकरणात्मक शब्दको प्रयोग कतैकतै देख्न सकिन्छ । कथा प्रथम तथा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरी रचना गरिएका छन् ।

### ४.६.३ खोरभित्रको स्वर (गीतिकाव्य २०६४) को अध्ययन

खोरभित्रको स्वर (२०६४) गीतिकाव्य शर्माको अन्तिम कृति हो । प्रस्तुत गीतिकाव्यमा गरिब निम्नवर्गका किसानले भोग्नुपरेका पीडा र बाध्यतालाई मुख्य विषयवस्तु वनाइएको छ । प्रस्तुत काव्यमा सम्पूर्ण गरिबीका पीडा र व्यथा बोलेका

छन् । गरिबले एकछाक खान र जिउन अर्काको घरमा धाउनुपर्ने बाध्यात्मक स्थितिको चित्रण यस काव्यमा रहेको छ । आफ्ना छोराछोरी श्रीमतीको मायाले साहुको घरमा भारी बोक्न बाध्य एक गरिब किसानको पीडा र साहुको घरमा काम गर्दा खेप्नुपरेका दुःखका कहानीहरू प्रस्तुत काव्यमा मुख्य विषयका रूपमा आएका छन् । ठूला साहुमहाजन सामन्तले गरिब जनताको श्रम शोषण गरी आफू महान कहलाएको यथार्थ छ । सामन्तको घरमा मरिमरि काम गर्दा उल्टै न्याय नपाएको स्थिति पनि पाइन्छ । न्यायका लागि सम्बन्धित निकायमा पुग्नुपरेको तर त्यहाा पनि न्याय नपाइ पीडा बोकेर फर्कनु परेको यथार्थ छ । काव्यमा राज्यव्यवस्थामा परिवर्तन आए पनि जनताका दुःखमा परिवर्तन आउन नसकेको स्थितिप्रति खेद व्यक्त पाइन्छ । हिजोका महासामन्त, शोषक, दलाल आजका राजनीतिक कार्यकर्ता बन्दै हिडेको र नेपाली जनतालाई ठग्दै हिाडेको तीतो यथार्थ प्रस्तुत छ । राजनीतिक दलले राष्ट्रियताका नाममा आफ्नो स्वार्थ पूरा गरेको र देशलाई कङ्गाल बनाउादै लगेको परिस्थितिप्रति व्यङ्ग्य पाइन्छ । प्रस्तुत काव्यमा पञ्चायती व्यवस्थाको क्रूर शासनपद्धतिप्रति व्यङ्ग्य छ । त्यस्तै बहुदलीय व्यवस्था आएर पनि गरिबका मर्का बुझ्न नसकेकाप्रति खेद प्रकट छ । आजका राजनीतिक दलहरूले देशलाई नाङ्गो पार्दै लगेको, देश सधैा गरिबीको मारमा पिल्सिदै गएको यथार्थलाई प्रस्तुत काव्यमा सहज रूपमा व्यक्त गरेको देखिन्छ ।

खोरभित्रको स्वर शर्माको सामाजिक यथार्थमा आधारित गीतिकाव्य हो । प्रस्तुत काव्यमा शर्माले आफ्नो युग र समाजमा रहने क्रममा जेजस्तो देखे, अनुभव गरे त्यसैलाई गीतिलयका माध्यमबाट प्रस्तुत गरेका छन् । विशेष गरी यो काव्य गरिब किसानको मर्मलाई समेटी प्रस्तुत गरिएको गीतिकविता हो । यहाा गरिब किसानका आवाजलाई बुलन्द गरी उठाइएको छ । शोषक, सामन्त र दलाल वर्गलाई तलैदेखि निमिट्यान्न पार्नुपर्ने क्रान्तिकारी विचार यस काव्यमा व्यक्त भएको पाइन्छ ।

खोरभित्रको स्वर गीतिकाव्यमा जम्मा २७५ वटा गीतिश्लोकहरू रहेका छन् । तिनमा गरिबका पीडा व्यक्त छन् । सरकार, राजनीतिक दल र व्यवस्थाप्रति तीव्र

आक्रोश पोखिएको छ । संरचनागत आयामका दृष्टिले हेर्दा प्रस्तुत काव्य मध्यम खालको कृति हो ।

खोरभित्रको स्वर गीतिकाव्यलाई रसविधानका दृष्टिले हेर्दा करुण रस नै मुख्य रस बनेर आएको छ । अन्य रसहरू न्यून छन् । गरिबको पीडा र व्यथा नै रसाभिव्यक्तिको मुख्य केन्द्र बनेर आएको देख्न सकिन्छ । करुण रसको उदाहरण-

दुई छोरा फूलजस्ता भोकभरि मरे
लोग्ने चााहि पञ्चायतको बाटो खन्दा मरे
सात मैना पैलादेखि एक्लो रुदैन
यो जिन्दगी चन्दन पारीदिन काटी रााछु । (पृष्ठ ६८)

खोर भित्रको स्वर गीतिसङ्ग्रहको भाषा अत्यन्त सरल, सहज, मिठास र लयपूर्ण छ । यसलाई लोकलयमा गाउन सकिन्छ । शब्दालङ्कार र अर्थालङकार दुवैको प्रयोग पाइन्छ । वर्णनात्मक, विश्लेषणात्मक, व्यङ्ग्यात्मक शैलीको प्रयोग गरी कविता लेखिएका छन् । संस्कृत तत्सम, तद्भव तथा आगन्तुक शब्दको प्रयोग पनि पाइन्छ ।

### ४.६.४ निष्कर्ष

शर्मा म्याग्दीका सामाजिक यथार्थवादी, प्रगतिवादी स्वर उराल्ने साहित्यकार हुन् । यिनले आफ्ना ३ वटै रचनामा समाजका यथार्थ वस्तुस्थितिलाई अत्यन्त सरल, सहज भाषामा विधागत स्वरूप दिई प्रस्तुत गरेका छन् । यिनका रचनाको मूल विषयवस्तु ग्रामीण नेपाली समाज हो । यसका अतिरिक्त राष्ट्रिय, अन्तर्राष्ट्रिय परिवेशलाई पनि यिनले आफ्ना रचनामा विशेष महत्त्व दिएकै पाइन्छ । यिनी कथा विधामा सामाजिक यथार्थवादी प्रगतिवादी कथाकारको रूपमा चिनिन्छन् भने कवितामा प्रगतिवादी कविका रूपमा चिनिन्छन् । यिनका रचना सरल हुादाहुादै मर्मस्पर्शी, हृदयस्पर्शी रहेका छन् । यिनले सरल, सरस र मिठासपूर्ण भाषामा रचना प्रस्तुत गर्दछन् । वर्णनात्मक, विश्लेषणात्मक, विवरणात्मक, प्रश्नात्मक शैलीमा साहित्यिक रचना प्रस्तुत गर्नु यिनको वैशिष्ठ्य हो ।

### ४.७ भरतकुमार श्रेष्ठ (२००९, राखु)

भरतकुमार श्रेष्ठ वि.सं. २००९ मा म्याग्दी जिल्लाको भगवती गा.वि.स. (राखु) को रमणीय बजार हटिया टोलमा जन्मेका हुन् । यिनी पिता भूमिनारायण श्रेष्ठ र माता रत्न कु. श्रेष्ठका सुपुत्र हुन् । यिनले एम.ए. बी.एड. सम्मको शिक्षा हासिल गरेका छन् । यिनी नेपाली साहित्यमा वागलुङबाट प्रकाशित 'निर्झर' कविता प्रकाशन गरी प्रारम्भ गरेका छन् । हाल यिनका निम्नलिखित पुस्तकाकार कृतिहरू प्रकाशित हुन् । आकांक्षाहरूले डसेको जिन्दगी (कवितासङ्ग्रह २०४८), फूल झरेको जिन्दगी (कवितासङ्ग्रह २०४९), तीनपत्रे चट्टानभित्रको जिन्दगी (कवितासङ्ग्रह २०४९) । यिनले साहित्यका अतिरिक्त विभिन्न साहित्यिक र साहित्येतर सङ्घसंस्थामा रहेर काम गरेका छन् । हाल यिनी शिक्षण पेशाबाट अवकाश लिई विदेशको भूमिकामा रहादै वस्दै आएका छन् ।

### ४.७.१ आकांक्षाले डसेको जिन्दगी (कवितासङ्ग्रह २०४८) को अध्ययन

आकांक्षाले डसेको जिन्दगी (२०४८) कवि श्रेष्ठको एक दशकको अनुभूतिलाई समेटी तयार पारिएको कवितासङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा कविले ८३ वटा कविता संकलित गरेका छन् । यो सङ्ग्रह २ भागमा विभक्त छ । पहिलो खण्डमा कविता क्रमलाई देखाएका छन् । जसमा ७४ वटा कविता संकलित छन् भने दोस्रो खण्डमा गीतक्रम रहेको छ । जसमा १० वटा गीतहरू संकलित छन् । समष्टिमा प्रस्तुत सङ्ग्रह बृहत आकारको देखिन्छ ।

आकांक्षाले डसेको जिन्दगी (२०४८) कवितासङ्ग्रह कवि श्रेष्ठको वैयक्तिक अनुभव र अनुभूतिमा आधारित कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा कविले आफ्नो समाज, देश र परिवेशलाई जस्तो देखे त्यस्तै रूपमा प्रस्तुत गरेका छन् । यहाा कविका भावना तीव्रतम रूपमा सल्बलाएका छन् । युगीन समसामयिक परिस्थितिको चित्रण पाइन्छ । विशेष गरी यहाा कविले प्राकृतिक सौन्दर्य, स्वच्छन्द प्रवृत्ति, व्यङ्ग्य, विद्रोह र जनपक्षीयतालाई प्रमुखता दिएका छन् । यहाा गरिबी, भोकमरी, जिउनुको विवशता जस्ता पक्षलाई पनि देखाएको देखिन्छ । प्रस्तुत सङ्ग्रहमा पलायनवादी प्रवृत्तिलाई

टड्कारो रूपमा देखाइएको छ । आजका वर्तमान युवालाई लक्षित गर्दै युवा विदेशतिर पलायन हुनु दुःखको कुरा हो भन्ने भाव कविको पाइन्छ । यहाा कवि अभाव, गरिबी र दरिद्रतासित जुध्न सम्पूर्ण नेपालीलाई आग्रह गर्दछन् । जीवन सङ्घर्षको पर्याय हो; सङ्घर्ष गर्न सक्नेले जीवन सार्थक पार्न सक्छ भन्ने भाव प्रस्तुत सङ्ग्रहका कवितामा पाइन्छ । त्यस्तै प्रस्तुत सङ्ग्रहमा सहिदहरूप्रतिको अपमानलाई पनि देखाइएको छ । सहिदको सम्मान सम्पूर्ण नेपालीले गर्नुपर्ने धारणा कवि राख्छन् । प्रस्तुत सङ्ग्रहमा नेपाली धर्ती, प्रकृति र जन्मभूमिप्रतिको प्रेमलाई पनि देखाएकै छ । यहाा कवि हिमाल हाासेको देख्न चाहन्छन् । हरेक नेपालीले आफ्नो नङ्ग्रा नेपाली माटामा कोरेर नेपाली धर्ती उर्वरा बनाएको हेर्न चाहन्छन् । रोग, भोक, शोक र दरिद्रतासित नेपाली पिल्सिएको देख्न कवि चाहदैनन् । सम्पूर्ण नेपालीले जातीय गौरव गर्नुपर्ने, राष्ट्रिय अखण्डता र स्वतन्त्रतामाथि कसैले खेलवाड गर्न नहुने धारणा कवि राख्छन् । प्रस्तुत सङ्ग्रहमा रोजीरोटीको समस्या, अभावका समस्या र सामाजिक समस्यालाई पनि उत्तिकै मात्रामा देखाइएको छ । प्रस्तुत सङ्ग्रहमा कवि सम्पूर्ण नेपालीमा समानता हुनुपर्ने कुरामा जोड दिन्छन् । हरेक नेपालीको मुहारमा सुखका रेखा कोरिएको देख्न चाहन्छन्; निर्वाध रूपमा जीवन जिएको देख्न चाहन्छन् तर अहिलेसम्म नेपालमा यो परिस्थिति आउन नसकेको प्रति कविले चिन्ता प्रकट गरेका छन् । प्रस्तुत सङ्ग्रहमा उज्यालो भविष्यको कामना गरिएको छ । जनवादी स्वर मुखरित पाइन्छ । त्यस्तै यहाा मार्क्सवादी चिन्तन पनि प्रस्तुत भएको छ । मार्क्स, लेनिन र माओको सिद्धान्तलाई लागु गरिनुपर्ने धारणा कविको पाइन्छ । यस सङ्ग्रहमा नेपाली माटो, धर्तीलाई हराभरा गराउनुपर्ने विचार व्यक्त छ । यहाा कवि नयाा र नौलो संसारको खोजीमा छन् । जुन संसारमा कविले कहिल्यै पनि नेपालीले रोग, भोक, शोकसित पिल्सिनु नपरोस् । यहाा कवि राष्ट्रनिर्माणमा सम्पूर्ण नेपालीलाई एकजुट हुन आग्रह गर्दछन् । मान्छेमा प्रेमभावना विजाङ्कुर हादै जानुपर्ने धारणा राख्छन् । प्रस्तुत सङ्ग्रहमा कविको नैराश्यवादी चिन्तन प्रबल बनेर आएको देखिन्छ । कवि युगीन स्थिति देखेर विरक्त बनेका छन् । कवि आासु आासुको दहमा नुहाएर जीवन जिउन बाध्य आजको मान्छेको

स्थिति देखेर दु:ख व्यक्त गर्दछन् । प्रस्तुत सङ्ग्रहमा प्रेमका संयोग र वियोगका क्षणको चित्रण पनि पाइन्छ । यहाा कवि व्यक्तिजीवनमा हुने घात, प्रतिघात, आस्था, अनास्थाबीचको द्वन्द्व, दु:ख वेदना तथा संवेदनाको अन्तरतम तहसम्म पुगेर त्यसलाई गहन अनुभूतिको रूपमा व्यक्तिगत  रूपमै भएपनि अभिव्यक्त गर्न चाहन्छन् ।

प्रस्तुत आकांक्षाले डसेको जिन्दगी कविता सङ्ग्रह स्वच्छन्दतावादी प्रगतिवादी मान्यतामा रही रचना गरिएको कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा कविको आत्मभाव प्रकट भएको छ । यहाा कविले नेपाली समाज र नेपाली जनताको खास्कदो स्थितिको चित्रण गरेका छन् । यस सङ्ग्रहमा कविले नेपाली जनता र समाजको सन्दर्भ ल्याएर राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशलाई पनि देखाउने जमर्को गरेका छन् । यहाा कवि युगीन समसामयिक मानव जीवन देखेर चिन्तित बनेका छन् । कविले आफूलाई जिन्दगीको एक्लो मानवयात्रीका रूपमा ठहऱ्याएका छन् । कवि व्यक्तिमा प्रेमभाव देखाउन सके मान्छेमा विद्यमान विसङ्गत पक्ष र असमानता सजिलै अन्त्य हुने धारणा राख्छन् । समष्टिमा कविता राष्ट्रियता, देशप्रेम, मानवता जस्ता पक्षमा केन्द्रीत देखिन्छ ।

आकांक्षाले डसेको जिन्दगी कवितासङ्ग्रह बृहद आयाममा रचना गरिएको कृति हो । यस कृतिमा कविले एक दशकभित्र रचना गरिएका कवितालाई समावेश गरेका छन् । संरचनागत दृष्टिले हेर्दा यिनका कविता बृहत् आयामका देखिन्छन् । कविता क्रममा रहेका ७३ वटै कविता गद्यलयमा रचना गरिएका छन् । कविता गद्यात्मक हुादाहुादै पूर्णतः लयात्मक छन् । बिम्ब र प्रतीकको प्रचुर प्रयोग रहेको पाइन्छ । बिम्ब र प्रतीकको कारण कविता प्रयोगवादको निकट बन्न पुगे जस्तो आभास पाइन्छ तर कविता प्रगतिवादी मान्यतामा रही लेखिएका छन् । भाषा बौद्धिक किसिमको छ । यहाा कविले शान्त, अद्भुत, करुण, वीर, □ृङ्गार जस्ता रसको प्रयोग अत्यधिक गरेका छन् । वर्णनात्मक, विश्लेषणात्मक, प्रश्नात्मक, बिम्बात्मक शैलीको प्रयोग यिनका कविता सङ्ग्रहमा देख्न सकिन्छ । प्रस्तुत सङ्ग्रहमा स्वतः शब्द चयनमा आउने अनुप्रासयुक्त शब्दलाई बढी महत्त्व दिइएको छ । लामालामा वाक्य गठन र अभिव्यक्ति गरेर नथाक्ने अभिव्यक्ति प्रेमी कविका रूपमा यिनका कविता आएका छन् ।

### ४.७.२ निष्कर्ष

साहित्यकार भरतकुमार श्रेष्ठ म्याग्दी जिल्लावासी नागरिक भएपनि लामो समय जिल्लाबाहिर रहेर शिक्षण र साहित्य दुवै पेसालाई आगाल्ने व्यक्तित्व हुन् । यिनले नेपाली साहित्यको कविता विधामा महत्त्वपूर्ण योगदान गरेका छन् । यिनका ३ पुस्तकाकार कृतिहरू प्रकाशित छन् । यिनी नेपाली साहित्यमा स्वच्छन्दतावादी प्रगतिवादी साहित्यकारको रूपमा चिनिन्छन् । यिनले आफ्ना रचनामा युगजन्य परिस्थितिलाई जे जसरी जस्तो देखे त्यस्तै रूपमा प्रकट गरेका छन् । यिनका कवितामा गरिबीपन, सामाजिक, सांस्कृतिक समस्या, रोग, भोक, शोक, आर्थिक विषमता, जिन्दगी जिउनुको विवसता, दरिद्रता जस्ता मानवीय समस्यासित सम्बन्धित विविध पक्षको उद्घाटन गरिएको छ । मानवता, प्रेम, सहिष्णुता, प्रकृतिप्रेम, काल्पनिकता, यथार्थता, राष्ट्रियता, स्वतन्त्रता, देशप्रेम, विश्ववन्धुत्व कवि श्रेष्ठका साहित्यिक मूल प्रवृत्ति हुन् । यिनले आफ्ना रचनामा स्तरीय भाषाको प्रयोग गरेका छन् । संस्कृत तत्सम शब्दका साथै आगन्तुक शब्दको प्रयोग पनि पाइन्छ । यिनका रचना वर्णनात्मक, प्रश्नात्मक, विश्लेषणात्मक शैलीमा रचिएका छन् ।

## ४.८ नवराज कार्की (२००९)

नवराज कार्की वि.सं. २००९ वैशाख ३० गतेका दिन म्याग्दी जिल्लाको घारमा जन्मेका हुन् । यिनी जिल्ला बाहिर रहेर नेपाली साहित्यलाई निरन्तर सेवा गर्ने व्यक्तित्व मानिन्छन् । यिनले स्नातकोत्तर तहसम्मको शिक्षा हासिल गरेका छन् । कार्की नेपाली साहित्यमा २०२८ सालमा मातृभूमि पत्रिकामा (?) कथा प्रकाशन गरी देखा परेका हुन् । यिनका हालसम्म सिलसिला (कवितासङ्ग्रह २०४०), मनभित्रको आाँधी (कवितासङ्ग्रह २०५३), एकदनक (हास्यव्यङ्ग्य कवितासङ्ग्रह २०५९), सतीको श्राप (गीतिनाटक ?) प्रकाशित छन् । यिनी साहित्यका अतिरिक्त शिक्षण पेसामा पनि संलग्न व्यक्तित्व हुन् । यिनले शिक्षण पेसामा संलग्न रहेका बखत विभिन्न साहित्यिक र गैरसाहित्यिक सङ्घसंस्थामा रही कार्य गरेका छन् । हाल यिनका केही कथा, उपन्यास र बालकविता प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

### ४.८.१ सिलसिला (कवितासङ्ग्रह २०४०) को अध्ययन

सिलसिला (२०४०) कार्कीको पहिलो कविता र मुक्तकसङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा कविता र मुक्तक गरी जम्मा ६३ वटा रचना सङ्गृहीत गरिएको छ । यस सङ्ग्रहमा कार्कीले ग्रामीण र सहरिया सभ्यताका परिवेशलाई मुख्य विषयवस्तु बनाएका छन् । यहाा सहरिया र ग्रामीण परिवेशका विविध पक्षको नमुना देख्न सकिन्छ । प्रस्तुत सङ्ग्रहमा नेपाली राष्ट्रियता, प्रकृति, मानवता, प्रेम, जीवनजगत, नेपाली धर्तीलाई पनि विषयवस्तु बनाएको पाइन्छ । यहाा प्रकृतिको वर्णन गर्ने क्रममा हिउाद यामको प्रकृतिलाई विशेष रूपमा देखाइएको छ । हिउादयाममा कपडाको अभावमा गरिब जनताले झेल्नु परेको पीडाको नमुना यहाा देख्न सकिन्छ । त्यस्तै आफू जन्मेको गाउा, ठाउा र धर्तीप्रति कविको चिन्तालाई पनि यहाा व्यक्त गरिएको छ । कवि आफ्नो जन्मभूमि, प्राकृतिक सौन्दर्यले भरिपूर्ण भएपनि रुढिवादी परम्परा, मान्यता र विकासको लहर नपुग्नाले बिरानो बन्दै गएको प्रति दुःख व्यक्त गर्दछन् । यहाा कवि आफ्नो गाउाठाउा स्वर्गतुल्य भएको देख्न चाहन्छन् । प्रस्तुत सङ्ग्रहमा ग्रामीण जनताले एक छाक खान, लाउन पनि अर्काको घरमा गएर मजबुरी गर्नुपर्ने बाध्यात्मक स्थितिको झलक देख्न सकिन्छ । मान्छेमा हराउादै गएको मानवतावादी भावनाप्रति पनि चिन्ता व्यक्त गरिएको छ । प्रस्तुत सङ्ग्रहमा चरीको अनिर्णित यात्रालाई देखाउादै आजकलको मान्छे अनिर्णित यात्रा गर्न बाध्य छ भन्ने भाव पनि पाइन्छ । प्रस्तुत सङ्ग्रहमा कविको जीवनप्रतिको नैराश्यता प्रस्तुत छ । कवि जिन्दगी देखेर व्यग्र बनेका छन् । यहाा भाग्यवादी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । भाग्यका भरमा कर्मलाई बिगार्न नहुने विचार प्रस्तुत सङ्ग्रहमा पाइन्छ । यहाा मान्छेमा विकसित बन्दै गएको दानवी स्वभाव प्रति पनि रोष व्यक्त गरिएको छ । प्रस्तुत सङ्ग्रहमा राजाको प्रशंसा गर्दै राजाले जनताको भावना बुझी काम गर्नुपर्ने धारणा पाइन्छ । त्यस्तै यहाा सहरिया सभ्यताप्रतिको विरोध पनि रहेको छ । सहरिया सभ्यतामा विकसित बन्दै गएको स्वार्थी, दानवी, अमानवीयता, असहयोगी प्रवृत्तिप्रति व्यङ्ग्य हानिएको छ । मान्छेको जीवनलाई बेवारिसे लाससरह मान्दै आएको सहरिया सभ्यताप्रति चिन्ता प्रकट पाइन्छ । प्रस्तुत

सङ्ग्रहमा प्रेमका सफलता र असफलताका प्रसङ्गलाई देखाइएको छ । मायाप्रीतिका प्रसङ्गहरू छन् । जवानी अवस्थाको स्थितिको चित्रण पाइन्छ । यहाा राजनीतिक व्यङ्ग्य पनि रहेको छ । नेपाली सोझा गरिब जनताको बुईचढी स्वार्थ लुट्ने आजका नेताप्रति व्यङ्ग्य गरिएको छ । स्वच्छ, निर्मल पानीझैं मान्छेको विचारमा पनि स्वच्छ, निर्मल भावना आउनुपर्ने धारणा पाइन्छ । यहाा नेपाली संस्कृति, चाडवाडको चर्चा गरिएको छ । नेपाली धर्ती, प्रकृति, जन्मभूमिलाई सबैले माया गर्नुपर्ने भाव प्रस्तुत सङ्ग्रहमा देख्न सकिन्छ ।

सिलसिला कविता र मुक्तक सङ्ग्रहमा निजात्मक शैलीको प्रयोग पाइन्छ । यहाा जीवन यात्राका क्रममा कविले देखे, भोगेका यथार्थ अनुभूतिलाई व्यक्त गरेका छन् । कवितामा राष्ट्रियता, मानवता, देशप्रेम, दया, माया, प्रेम, सेवा,सहयोग जस्ता भावहरू झल्किएका छन् । यहाा कविले नेपालीलाई अर्काको भरमा नभई स्वविवेकले कार्य गर्न र देश सपार्न आग्रह गरेका छन् । प्रस्तुत सङ्ग्रहमा कविका भावनाहरू स्वच्छन्दतावादी प्रगतिवादी मान्यताअनुरूप अभिव्यक्त भएका छन् ।

सिलसिला कविता र मुक्तक सङ्ग्रहलाई संरचनागत दृष्टिले हेर्दा यहाा कविताहरू प्रायः अनुच्छेदविहीन छन् भने केहीमा १, २, ३ अंक दिएर अनुच्छेद विभाजन गरिएको छ । यहाा १९ पंक्तिका कवितादेखि ७३ पंक्तिसम्मका कविताहरू रहेका छन् । मुक्तकहरू भने लघु आयाममा संरचित नै देखिन्छन् ।

प्रस्तुत सिलसिला कविता र मुक्तक सङ्ग्रहलाई लयविधानका दृष्टिले हेर्दा यहाा करुण, वीर, शृङ्गार, शान्त रस नै बढी प्रयोग भएका छन् भने अन्य रस छिटफुट प्रयोग भएका पाइन्छन् । विप्रलङ्ग शृङ्गारको उदाहरण

फर्केको छ तिम्रो सङ्घारमा
धेरैचोटि निराश भएर
पछ्याइरहेछ तैपनि
तिमीलाई नै बतास भएर
खित्का छाडेर हाास्न पनि नसक्ने भएको छु (पृष्ठ ४२)

सिलसिला कविता र मुक्तक सङ्ग्रहमा सरल, सरस र मिठासपूर्ण भाषाको प्रयोग पाइन्छ । यहाा नेपाली झर्रा शब्दका साथै आगन्तुक शब्दको प्रयोग पनि रहेको छ । संस्कृत श्लोकको प्रयोग पनि पाइन्छ । (कर्मण्डेवा धिकारेस्तुमा फलेषु कदाचन ( पृष्ठ ३६) । प्रस्तुत सङ्ग्रहमा वर्णनात्मक, व्यङ्ग्यात्मक, प्रश्नात्मक, विम्वात्मक, प्रतिकात्मक शैलीको प्रयोग पाइन्छ । बिम्ब र प्रतीकको प्रयोगले कविता बौद्धिकताको निकट पुगेका छन् ।

### ४.८.२ मनभित्रको आाधी (गीत र कवितासङ्ग्रह २०५३) को अध्ययन

मनभित्रको आँधी (२०५३) गीत र कवितासङ्ग्रह कार्कीको दोस्रो गीत र कवितासङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा ५३ वटा रचनाहरू सङ्गृहीत छन् । यस सङ्ग्रहमा कविले नेपाली धर्ती, प्रकृति, राष्ट्रियता, माया, प्रेम, विकृति, विसङ्गति आदिलाई विषयवस्तु बनाएको पाइन्छ । प्रस्तुत सङ्ग्रहमा ग्रामीण परिवेशको झल्को पाइन्छ । एक छाक खान र परिवार पाल्न रोजगारका नाममा विदेशिनुपर्ने एक नेपाली युवक लाहुरेको कथा व्यथालाई समेटिएको छ । यहाा नेपाली चेलीका विलौना व्यक्त भएका छन् । नेपाली चेलीले घरमा खेप्नुपर्ने पिडाका ज्वलन्त नमुना देख्न सकिन्छ । प्रस्तुत सङ्ग्रहमा सहरिया विसङ्गत पक्षलाई पनि देखाइएको छ । सहरिया सभ्यतामा हुर्केका नेपाली युवायुवतीको स्वभाव, व्यवहार र क्रियाकलापलाई पनि प्रस्तुत गरिएको पाइन्छ । प्रस्तुत सङ्ग्रहमा कविले नेपाली धर्ती, प्रकृतिलाई माया गर्नुपर्ने विचार व्यक्त गरेका छन् । सम्पूर्ण मानवलाई साहित्यिक रचनामार्फत जीवनलाई नयाा दिशा दिन आग्रह गरिएको छ । त्यस्तै यहाा युगीन परिवेशबाट विरक्तिएको एक युवकको कथा व्यथालाई पनि समेटिएको छ । सम्पूर्ण मान्छेलाई निरुद्देश्य र निरूपाय भएर नरहन आग्रह गरिएको पाइन्छ । प्रस्तुत सङ्ग्रहमा कवि नयाा जीवनको चाहना गर्छन् । जीवनमा जित्नेले मात्र शुभकामना नपाएर हार्नेले पनि शुभकामना पाउनुपर्ने धारणा राख्छन् । यहाा वनैया फलफूलको सौन्दर्यको वखान छ । मान्छेलाई केही गर्न आह्वान गरिएको छ । प्रस्तुत सङ्ग्रहमा काठमाडौं सहरको विसङ्गत पक्षको चित्रण पनि पाइन्छ । मान्छेलाई अघि बढ्न प्राकृतिक हुरी झैं हुरी आउनुपर्ने धारणा पाइन्छ । यस

सङ्ग्रहमा प्रेमी प्रेमिकाका संयोग र वियोगका घटनाहरू पोखिएका छन् । नेपाली गाउाले जीवनका घाम, छाया, सुख, दुःख, उकाली-ओराली, भञ्ज्याङ, चौतारी, हिमाल, पहाडका प्रसङ्गहरू छन् । नेपाली धर्ती र जन्मदिने आमाप्रति श्रद्धा भाव व्यक्त गरिएको छ । सम्पूर्ण कविता राष्ट्रियताको भावनाले अभिप्रेरित भएको देखिन्छ ।

मनभित्रको आँधी देशप्रेमले अभिप्रेरित भई रचना गरिएको सङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा राष्ट्रियता र प्रेमका सवाललाई मुख्य रूपमा उठाएको पाइन्छ । त्यस्तै नेपाली धर्ती र प्रकृतिको चित्रण पनि प्रस्तुत सङ्ग्रहमा देख्न सकिन्छ । प्रस्तुत सङ्ग्रहमा सम्पूर्ण नेपालीलाई नेपाल र नेपाली रहुञ्जेल स्वदेश र स्वजाति, स्वसंस्कृतिका निम्ति केही गर्न आग्रह गरिएको छ । संसार मायाको जाल हो । माया मै जीवन अडिएको भाव प्रस्तुत सङ्ग्रहका गीतमा पाउन सकिन्छ । यहाा ग्रामीण र सहरिया सभ्यताप्रति पनि व्यङ्ग्य गरिएको छ । सम्पूर्ण कविता र गीत स्वच्छन्दतावादी प्रगतिवादी मान्यतामा लेखिएका छन् । यहाा कतैकतै क्रान्तिकारी भाव व्यक्त भएको पाइन्छ ।

मनभित्रको आँधी संरचनागत ढााचाले हेर्दा दुई खण्डमा विभाजित छ । पहिलो खण्डमा कविता क्रमसित सम्बन्धित सत्र वटा कविता सङ्गृहीत गरिएको छ भने दोस्रो खण्डमा गीतक्रमसित सम्बन्धित एकचालीस वटा गीत सङ्गृहीत गरिएको छ । सम्पूर्ण कविताहरू मध्ये केहीमा अनुच्छेद विभाजन गरिएको छ भने कुनैमा गरिएको छैन । यहाा पााच पंक्तिका कवितादेखि एकचालीस पङ्क्तिसम्मका कविताहरू रहेका छन् । गीतहरू भने लघु आयाममा रचिएको पाइन्छ ।

मनभित्रको आँधी लय विधानका दृष्टिले हेर्दा कविता गद्यलयमा रचिएका छन् भने केही गीत गीतिलयमा रचिएका छन् । कविता गद्यात्मक हुादाहुादै लयात्मक छन् । तिनलाई सजिलै लय दिन सकिन्छ । यस सङ्ग्रहका रचना रसविधानका दृष्टिले हेर्दा यहाा शृङ्गारिक रस मुख्य रस बनेर आएको छ भने अन्य रसहरूमा वीर, करुण र शान्त रस सहायक रसका रूपमा आएका छन् । शृङगारिक रसको उदाहरण -

रहिछ्यौ तिमी आकाशकी तारा

के छुन सक्थे म

भइछ्यौ तिमी म देखि टाढा

के हुन सक्थे म (पृष्ठ ९५)

मनभित्रको आँधी सङ्ग्रहमा सरल र सरस भाषाको प्रयोग पाइन्छ । यहाा संस्कृत भाषाका शब्दका साथै तद्भव र आगन्तुक शब्दको प्रयोग पनि देख्न सकिन्छ । यस सङ्ग्रहमा वर्णनात्मक, विश्लेषणात्मक, प्रतीकात्मक शैलीको प्रयोग पाइन्छ । यहाा प्रथम तथा तृतीय दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

### ४.८.३ एक दनक (हास्यव्यङ्ग्य कवितासङ्ग्रह २०५९) को अध्ययन

एक दनक (२०५९) हास्यव्यङ्ग्य कवितासङ्ग्रह कार्कीको प्रथम हास्यव्यङ्ग्य सङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा कार्कीले नेपाली राष्ट्रिय राजनीतिका अतिरिक्त विभिन्न सामाजिक, शैक्षिक, प्रशासनिक, आर्थिक पक्षलाई विषयवस्तु बनाएका छन् । यहाा कार्कीले युगीन समाजका यथार्थ पक्षलाई आफूले जस्तो देखे, भोगे त्यस्तै रूपमा हास्यव्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरेका छन् । प्रस्तुत सङ्ग्रहमा नेपालको प्रतिबिम्ब देख्न सकिन्छ । यहाा राष्ट्रिय राजनीतिका नाममा नेता, शासक, भ्रष्टाचारी, घुसखोरी तन्त्रले देशलाई खोक्रो पार्दै लगेको ज्वलन्त नमुना यहाा देख्न सकिन्छ । यस कृतिमा सहिदका नाममा ठगी गर्नेहरूप्रति विरोध जनाइएको छ । यहाा राजनीतिक व्यङ्ग्य प्रवल रूपमा आएको छ भने अन्य पक्ष गौण रहेका छन् । प्रस्तुत सङ्ग्रहमा शैक्षिक व्यङ्ग्य पाइन्छ । शिक्षा क्षेत्रमा देखिएको विदेशी भाषाको अनिवार्यता (अंग्रेजी) र एकछाक खाएर पनि बोर्डिङ्गमा छोराछोरीलाई पढाउनुपर्ने बाध्यात्मक स्थतिको चित्रण पाइन्छ । त्यस्तै मानवीय स्वभावप्रति पनि व्यङ्ग्य गरिएको छ । मानिस आफूले बनाउन भन्दा अर्काले बनाएको संरचना भत्काउन खप्पिस छ भन्ने कुरालाई व्यङ्ग्य रूपमा प्रस्तुत गरिएको छ । यहाा नेता, सांसद र मन्त्रीले देश र जनताकानिम्ति भन्दा आफ्नै स्वार्थ पूरा गर्दै हिाडेकोप्रति आपत्ति जनाइएको छ । नेपाल भौगोलिक, प्राकृतिक, सांस्कृतिक रूपले विश्वमा चिनिए पनि आर्थिक रूपले भने विश्वमा गरिब राष्ट्रको रूपमा चिनिदै गएकोप्रति चिन्ता व्यक्त गरिएको छ । त्यस्तै नेताहरूमा मन्त्री बन्न हुने

होडवाजीको व्यङ्ग्य प्रस्तुत छ । प्रस्तुत सङ्ग्रहमा प्रशासनिक व्यङ्ग्य पनि पाइन्छ । नेपाली प्रशासनमा हाकिमदेखि मातहतसम्मका कर्मचारीहरूले भ्रष्टाचार र घुसखोरी गरी अकुत सम्पत्ति कमाउने गरेको यथार्थलाई प्रस्तुत गरिएको छ । त्यस्तै स्वदेशमा रोजगार नपाई विदेशतिर पलायन हुनुपर्ने नेपालको राष्ट्रिय परिस्थितिप्रति नै व्यङ्ग्य गरिएको पाइन्छ । यस सङ्ग्रहमा वर्तमान कानुनी व्यवस्थाप्रति पनि व्यङ्ग्य छ । कानुन ठूलावडाका लागि मात्र हुने तर निम्नगरिब असहाय वर्गका लागि नहुने गरेकोप्रति आपत्ति जनाइएको छ । यहाा सहरिया सभ्यताप्रति व्यङ्ग्य पाइन्छ । सहरमा बस्ने मानिसको पिडादायी स्थितिको झलक देख्न सकिन्छ ।

एक दनक कार्कीको नेपालको राष्ट्रिय परिवेश सुहाउादो विषयवस्तुमा आधारित हास्यव्यङ्ग्य सङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा कार्कीले नेपालको राजनीति, सामाजिक, प्रशासनिक, आर्थिक, भौतिक, शैक्षिक, व्यापारिक जस्ता विविध पक्षमा हुादै आएका यथार्थ घटनाक्रमलाई मुख्य विषय बनाई हास्यव्यङ्ग्य शैलीमा प्रस्तुत गरेका छन् । यस सङ्ग्रहले नेपालको यथार्थ स्थितिलाई प्रतिबिम्बित गरेको छ । यहाा कार्कीले स्वच्छन्दतावादी प्रगतिवादी मान्यतामा रही आफ्ना धारणाहरू व्यक्त गरेका छन् । यहाा कविले सम्पूर्ण नेपाली नागरिक, नेता, हाकिम, मन्त्री, सांसद, व्यापारी आदिलाई आ-आफ्नो वैयक्तिक स्वार्थ त्यागी देश बनाउने आग्रह गरेका छन् ।

एकदनक हास्यव्यङ्ग्य कवितासङ्ग्रह आत्मपरक शैलीमा कविता रचना गरिएको सङ्ग्रह हो । यस सङ्ग्रहमा ५४ वटा लघु हास्यव्यङ्ग्य कविताहरू सङ्गृहीत छन् । प्रत्येक कविताले कुनै न कुनै कोणबाट नेपाली राष्ट्रिय परिवेशप्रति व्यङ्ग्य गरेको देखिन्छ ।

एक दनक हास्यव्यङ्ग्य कविता सङ्ग्रहभित्रका सम्पूर्ण कविता गद्यलयमा रचिएका छन् । यहाा कविले सरल भाषामा कविता प्रस्तुत गरेका छन् । कविता सरल भइकन व्यङ्ग्यपूर्ण छन् । यस सङ्ग्रहमा व्यङ्ग्यात्मक, निजात्मक, वर्णनात्मक, विश्लेषणात्मक शैलीको प्रयोग पाइन्छ । कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग अत्यधिक रहेको देखिन्छ ।

### ४.८.४ सतिको श्राप (गीतिनाटक ?) को अध्ययन

सतीको श्राप (?) कार्कीको पहिलो गीतिनाटक हो । प्रस्तुत नाटकमा ऐतिहासिक विषयवस्तु पाइन्छ । यो नाटक राजा प्रताप मल्लको पालामा घटित नाटक हो । यहाा वि.सं. १६९८ देखि १७०६ सम्मको अवधिमा काजी भीममल्लको दुःखान्त हत्या घटनालाई मुख्य विषयवस्तु बनाई प्रस्तुत गरिएको छ । यहाा आख्यान पक्ष न्यून छ । नाटकमा १ दृश्य र सात अङ्कहरू रहेका छन् । नाटक पद्यमा रचना गरिएको छ । नाटकको कथावस्तु झिनो प्रकृतिको छ । नाटक अन्तमा पुगेर दुःखान्तमा परिणत हुन पुगेको देखिन्छ । यहाा विभिन्न अनुष्टुप, लोक तथा वर्णमात्रिक र मात्रिक छन्दको प्रयोग पाइन्छ ।

प्रस्तुत नाटकमा अङ्क र दृश्ययोजनालाई ध्यानमा राखी हेर्दा यहाा छोटाछोटा दृश्यको प्रयोग गरिएको छ । त्यस्तै सम्वादहरू पनि अत्यन्त छोटा, मितव्ययी र क्षीण प्रकृतिका छन् । यहाा आख्यानलाई पूर्वार्द्ध र उत्तरार्ध गरी २ खण्डमा बााडिएको छ । काजी भीम मल्लको हत्या हुनु भन्दा अगाडिको भाग पूर्वार्द्ध रहेको छ भने हत्या पछिको घटनाक्रमलाई उत्तरार्ध भनी तोकिएको छ । खास गरी यस नाटकमा नाटकको थालनी उत्कर्षकालबाट भएर अपकर्षमा गएर टुङ्गिएको छ । काजी भीम मल्लको भोट जानुपूर्वको भाग उत्कर्षकाल हो भने काजी भीम मल्लको हत्यापछि सती भूवनदेवीको प्रतिक्रियासम्मको भाग अपकर्षकाल हो । यहाा ४ अंकसम्मको भागलाई पूर्वार्द्ध मानिएको छ भने ५ देखि ७ अङ्कसम्मको भागलाई उत्तरार्ध भनिएको छ । त्यस्तै यहाा पूर्वार्द्धले नायकको भोट सफलतासम्म र उत्तरार्धले नायकको दुर्भाग्य वा अपकर्षलाई चित्रित गरेको छ । त्यस्तै अङ्क १ र २ लाई प्रारम्भ ३, ४ लाई मध्य र ७ लाई अन्त्य भागको रूपमा आयोजना गरिएको छ ।

प्रस्तुत सतीको श्राप दुःखान्त घटनामा आधारित गीति नाटक हो । यहाा त्रास र करुणालाई फलागमतिर पुऱ्याइएको छ । यस नाटकलाई दुःखान्तमा परिणत गर्नमा चारित्रिक दोषलाई मुख्य मानिएको छ । मुख्य चरित्रको चारित्रिक दोषका कारण प्रस्तुत नाटक दुःखान्तमा परिणत भएको मानिन्छ । यस नाटकको नायक भीम मल्लमा

देशभक्ति साथै राजभक्ति अत्यन्त प्रवल देखिन्छ । ऊ सत् पात्र पनि हो । यहाा उसैको चारित्रिक दोषका कारण नाटक दुःखान्त बन्न पुगेको छ ।

प्रस्तुत नाटकमा असत् प्रवृत्तिको पात्रलाई पनि देखाइएको छ । नरदेव मयासिङ असत् प्रवृत्तिको पात्र हो । उसैको षडयन्त्रबाट नायक भीममल्लको असामयिक निधन भएको छ । त्यस्तै राजामा रहेको इमान्दारी र अदूरदर्शीपनाका कारण पनि प्रस्तुत नाटक दुःखान्तमा परिणत भएको पाइन्छ । यहाा रानी अनन्तप्रिया र काजिनी भूवनदेवीको चरित्रलाई पनि देखाइएको छ । अनन्तप्रिया र काजिनी भूवनदेवी दुःखान्तीय कारकको प्रतिशोध गर्ने व्यक्तित्वहरू हुन् । यिनीहरू यहाा सत् पात्रकै रूपमा चिनिन्छन् । तर राजामा रहेको निश्छल राजनैतिक अवोधताका कारण नरदेव मयासिङदेवले दुःखान्तीय कीटाणुको निर्णायक भूमिका खेल्न सफल भएको देखिन्छ ।

प्रस्तुत सतीको श्राप गीति नाटक सरल भाषामा लेखिएको नाटक हो । यहाा कविताको पदयोजना र लयलाई उचित समायोजना गरिएको छ । भाव, बिम्ब र प्रतीक योजनाद्वारा दुःखान्त चेतलाई कमलो पाराले संचारित गराउने प्रयत्न गरिएको पाइन्छ । यहाा गीति चेतलाई बढी महत्त्व दिएको देखिन्छ ।

### ४.८.५ निष्कर्ष

साहित्यकार नवराज कार्की म्याग्दी जिल्लाका साहित्यकार भएपनि लामोसमयदेखि राजधानीमा बसी नेपाली साहित्यिक यात्रालाई इाटा थप्न विशेष सहयोग पुऱ्याउने साहित्यकार हुन् । यिनले नेपाली साहित्यमा कविता, गीत र नाटक विधामा कलम चलाएका छन् । यिनका हालसम्म (१) सिलसिला, (२) मनभित्रको आाधी (३) एकदनक, (४) सतीको श्राप कृतिहरू प्रकाशित छन् । यिनले आफ्ना रचनामा समसामयिक यथार्थ पक्षलाई मुख्य आधार मानी प्रस्तुत गरेका छन् । यिनी गीतकारका रूपमा पनि चिनिन्छन् । गायन क्षेत्रमा यिनको सफलता उल्लेखनीय रहेको देखिन्छ । साहित्यकार कार्कीका रचनामा प्रकृति प्रेम, राष्ट्रियता, सामाजिकता, मानवता, विश्ववन्धुत्व, एकता, विकृति, विसङ्गति जस्ता विविध प्रवृत्ति भेट्न सकिन्छ । यिनका रचना सरल भइकन बौद्धिकताको निकट पुगेका छन् । यिनले आफ्ना रचनामा

स्वच्छन्दतावादी प्रगतिवादी तथा सामाजिक यथार्थवादी मान्यतालाई प्रश्रय दिएको देखिन्छ । साहित्यकार कार्कीका कृतिहरूमा बिम्बात्मक, प्रतीकात्मक, व्यङ्ग्यात्मक, वर्णनात्मक र विश्लेषणात्मक शैलीको प्रयोग देख्न सकिन्छ ।

## ४.९ बानिया कान्छा (कर्णबहादुर बानिया, २०१२)

कर्ण ब. बानियाको साहित्यिक नाम बानिया कान्छा हो । यिनी वि.सं. २०१२ मा म्याग्दी जिल्लाको पुला भन्ने ठाउामा जन्मेका हुन् । यिनले साहित्य र साहित्येतर दुवै विधामा कलम चलाएका छन् । यिनी नेपाली साहित्यमा 'जिन्दगी एक भुल रहेछ' कविता 'साहस' पत्रिकामा प्रकाशन गरी प्रवेश गरेका हुन् । हाल यिनका निम्नलिखित पुस्तकाकार कृतिहरू प्रकाशित छन् । १. अटेरी चल्लो (बालकथासङग्रह २०४४) (२) एक अनौठो जङ्गल (बालकथासङ्ग्रह २०४९) (३) आधुनिक विश्वको इतिहास (इतिहास २०५१) (४) पाल्पाको भगवती जात्रा (इतिहास र संस्कृति २०५३) (५) मनका तरङ्ग (कविता सङ्ग्रह २०५३) (६) पाल्पा गौडा : एक ऐतिहासिक अध्ययन (२०६३) (७) चकलेटको पोको (बालकथा सङ्ग्रह २०६२) (८) बानिया वंशको नालीवेली (वंशावली २०६२) । साहित्यकार बानिया कान्छा केही समय जिल्लामा रहेपनि हाल लामो समयसम्म पाल्पा जिल्लामा शिक्षण पेसामा रही साहित्य र साहित्येतर दुवै विधामा कलम चलाइरहेका छन् । यिनी विभिन्न सङ्घसंस्थामा पनि आवद्ध रहेको पाइन्छ ।

### ४.९.१ अटेरी चल्लो (बालकथासङ्ग्रह २०४४) को अध्ययन

अटेरी चल्लो कथाकार बानिया कान्छाको प्रथम बालकथासङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहलाई कथाकारले २०४४ सालमा पुस्तकाकारको रूप दिएका हुन् । यस सङ्ग्रहमा कथाकारले बालबालिकाको स्वभाव, समस्या र क्रियाकलापलाई मुख्य आधार मानेका छन् । प्रस्तुत सङ्ग्रहमा बालबालिकासम्बन्धी विभिन्न सामाजिक, शैक्षिक, पौराणिक, ऐतिहासिक विषयलाई कथाको मुख्य विषयवस्तु बनाएको पाइन्छ । यस सङ्ग्रहमा सम्पूर्ण घटना वा क्रियाकलाप बालबालिकाको स्वभाव र व्यवहारसित सम्बन्धित भएर आएका छन् । यहाा बालबालिकालाई सधै असल र राम्रो कार्य गर्न

प्रेरित गरेको पाइन्छ । बालबालिका आजका कोपिला हुन्, भोलि गएर सबल राष्ट्रको नेतृत्वकर्ता बन्न सक्छन् भन्ने कुरालाई दर्शाउदै यहा बालबालिकाले आजैबाट राम्रो बानी, व्यवहार र चरित्र प्रस्तुत गर्दै जानुपर्छ भन्ने कुरामा जोड रहेको पाइन्छ । प्रस्तुत सङ्ग्रहमा बालबालिका अटेरी हुनुहुन्न, अटेरी गर्नाले बालबालिकाले धोका पाउन सक्छन् भन्ने कुरा देखाइएको छ । त्यस्तै यहा बालबालिका जिज्ञासु हुन्छन्, संगतले बालबालिकामा सकारात्मक र नकारात्मक दुवै प्रभाव पार्न सक्छ भन्दै उनीहरूलाई राम्रो साथीको सङ्गतमा लाग्न प्रेरित गरेको पाइन्छ । यहा ऐतिहासिक विषयवस्तुमा आधारित बालक पृथ्वीनारायण शाहको स्वभावलाई पनि चित्रित गरिएको छ । बालक पृथ्वी गोरखनाथ बाबासितको भेटमा डराइ खीर खानलाग्दा खीर भुइमा खसेको प्रसङ्ग उल्लेखनीय छ । प्रस्तुत सङ्ग्रहमा बालबालिका रिसाहा हुनुहुदैन । रिसले अरूलाई होइन आफैलाई खान्छ भनिएको छ । बालबालिका सधै मिलेर बस्नुपर्छ, साथीभाइसित कहिल्यै झगडा गर्नुहुदैन, सबैसित सहयोगको लेनदेन गर्नुपर्छ । शिक्षा जत्तिको महान् केही छैन, शिक्षा आर्जन गर्न कहिल्यै पछि पर्नु हुदैन भनिएको छ । त्यस्तै पढाइमा असफलता प्राप्त गर्दैमा हार खानु हुदैन, एकदिन अवश्य सफल बन्न सकिन्छ भन्ने पक्षलाई यहा प्रस्तुत गरिएको छ । विद्यार्थी अध्ययनशील बन्नुपर्छ, विद्यालयमा गएर खुरुखुरु पढ्नुपर्छ । विद्यालयबाट भाग्ने, नदीमा पौडने, रुख चढ्ने, साथीभाइसित चल्ने जस्ता नकारात्मक प्रवृत्तिलाई बालबालिकाले सानैदेखि त्याग्नुपर्छ भन्ने कुरामा जोड रहेको पाइन्छ ।

प्रस्तुत सङ्ग्रहमा ग्रामीण परिवेशको निम्नवर्गीय परिवारको बाध्यात्मक स्थितिलाई पनि देखाइएको छ । यहा आफ्नो सन्ततिलाई पढाउन आफ्नो घरको अचल सम्पत्ति बेच्नुपर्ने विवश स्थितिको झलक देख्न सकिन्छ । त्यस्तै यहा बालबालिकालाई सधै एकतामा रहन जोड दिइएको छ । एउटै परिवारमा जन्मने दाजुभाइबीच कहिल्यै झगडा गर्न नहुने सधै मिलेर बस्नुपर्ने तथा एकतामा रहादा सधै सुख र सन्तोष प्राप्त गर्न सकिने पक्षमाथि जोड छ । प्रस्तुत सङ्ग्रहमा बालबालिकाप्रति अभिभावकको दायित्वका बारेमा पनि प्रकाश पारिएको छ । हरेक अभिभावकले आफ्ना सन्ततिलाई

सधै राम्रा पक्ष मात्र सिकाउादै लैजानुपर्छ । उनीहरूका सामुन्ने गलत र खराब आचार प्रस्तुत गर्नुहुादैन भनिएको छ । यहाा बालबालिका शिक्षित हुनुपर्ने, लोभी नहुने, घमण्डी नहुने, अर्काको लहैलहैमा लागेर हिाड्न नहुने माथि बढी जोड छ । बालबालिका मनोरञ्जन चाहन्छन् । उनीहरूको रुचि र स्वभावलाई ख्याल राख्दै अभिभावकले आफ्ना दायित्व पूरा गर्दै जानुपर्ने कुरामा विशेष ध्यान आकृष्ट गरेको देखिन्छ ।

अटेरी चल्लो बालकथासङ्ग्रह बालबालिकाको हित, कल्याण, सेवा सहयोग, स्वभाव, समस्या र क्रियाकलापसित प्रत्यक्ष सम्बन्ध राखी प्रस्तुत गरिएको सङ्ग्रह हो । यहाा बालकथाकारले बालबालिकालाई भविष्यको सुन्दर फूलको कल्पना गरेका छन् । आज तिनीहरूले राम्रो बानी व्यवहार, शिक्षादीक्षा आर्जन गर्दै गएमा भोलि गएर तिनीहरू परिवार, समाज र राष्ट्रको सवल नेतृत्वकर्ता बनेर निस्किन सक्ने धारणा कथाकारको रहेको पाइन्छ । यसरी प्रस्तुत सङ्ग्रहका सम्पूर्ण कथाहरू बालबालिकासित नै प्रत्यक्ष सम्बन्धित देखिन्छन् । यहाा कथाकारले ग्रामीण परिवेशलाई आधार मानी आफ्नो कार्यपीठिका तयार पारेका छन् । निजात्मक शैलीमा रचना गरिएका सम्पूर्ण कथा छोटा भइकन अत्यन्त रोचक, मार्मिक र घटनाप्रधान छन् । कथा अत्यन्त छोटो संरचना र लघु आयाममा लेखिएका छन् ।

पात्रविधानका दृष्टिले हेर्दा प्रस्तुत सङ्ग्रहका कथामा अधिकांश पात्र ग्रामीण परिवेशबाट लिएको पाइन्छ । कथाको कार्यपीठिका नै ग्रामीण परिवेश भएकाले यहाा कथाकारले आफ्नै गाउाठाउाका परिवेश सुहाउादो पात्रको चयन गरेका छन् । त्यस्तै यहाा छिटफुट पौराणिक र ऐतिहासिक विषयवस्तुसित मिल्दाजुल्दा पात्रहरू पनि प्रयोग भएका छन् । (भीष्म, शन्तनु, पृथ्वीनारायण शाह, गोरखनाथ, पृष्ठ ८१, ७३) विशेष गरी यहाा मानवीय र मानवेत्तर दुवै किसिमका पात्रको प्रयोग पाइन्छ । मानवेत्तर पात्रहरूमा चितुवा, कुकुर, कुखुरा, स्याल आदिको प्रयोग देख्न सकिन्छ । पात्रगत दृष्टिले हेर्दा प्रस्तुत सङ्ग्रह सफल देखिन्छ ।

अटेरी चल्लो कथासङ्ग्रहमा ग्रामीण परिवेशको चित्रण अत्यधिक गरिएको छ । यहाा कथाकारले जन्मथलो वरिपरिको भौगोलिक परिवेशलाई नै बढी चित्रण गरेका

छन् । छिटफुट ऐतिहासिक, पौराणिक र सहरिया परिवेशको चित्रण पनि यस सङ्ग्रहमा देख्न सकिन्छ ।

अटेरी चल्लो कथासङ्ग्रहमा क्षीण सम्वादको प्रयोग धेरै देख्न सकिन्छ । कहीा कतै बहुल सम्वादको पनि प्रयोग भएकै छ । सम्पूर्ण कथा निजात्मक शैलीमा रचिएका छन् ।

अटेरी चल्लो कथा सङ्ग्रहमा सरल भाषाको प्रयोग पाइन्छ । तर कतैकतै कथाकारको बौद्धिकताको कसीले कथा सरल हुादाहुादै पनि स्तरीयतातर्फ उन्मुख भएका छन् । यहाा कथाकारले आफ्नै स्थानीय भाषिकाको प्रयोग अत्यधिक गरेका छन् ।

(खिसीट्युरी, फेक्टा, तोरीराख्ये, तोपेर, दफनिन्थे, पृष्ठ ३०)

यहाा वर्णनात्मक, विश्लेषणात्मक, व्याख्यात्मक, संवादात्मक, बिम्बात्मक, प्रतीकात्मक शैलीको प्रयोग पनि देख्न सकिन्छ । यिनका कथामा कतैकतै वाक्य गठनमा अस्पष्टता आएको देखिन्छ ।

### ४.९.२ एक अनौठो जङ्गल (बालकथासङ्ग्रह २०४९) को अध्ययन

बानिया कान्छाको एक अनौठो जङ्गल (२०४९) दोस्रो प्रकाशित बालकथासङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा कथाकारले हितोपदेश र पञ्चतन्त्रमा आधारित पशुपक्षीका कथालाई आधार मानी बालबालिकाको स्वभाव, क्रियाकलाप तथा राजनीतिक पक्षमाथि प्रकाश पारेका छन् । प्रस्तुत सङ्ग्रह मानवेत्तर पात्रको प्रयोग गरी रचना गरिएको कथा सङ्ग्रह हो । यहाा जम्मा ७ वटा कथा सङ्कलित गरिएको छ । प्रस्तुत सङ्ग्रहका कथा पूर्व प्रकाशित कथासङ्ग्रहका कथाभन्दा अलि भिन्दै स्तरीय, लामा संरचनामा रचिएका छन् । प्रारम्भिक कथामा भन्दा यिनी कथामा राष्ट्रिय सन्दर्भ बढी जोडिएको पाइन्छ । प्रस्तुत सङ्ग्रहमा पशुपक्षीका कथामार्फत् बालबालिकालाई नैतिकता, आदर्श, मर्यादा, कर्तव्यमा हिड्न प्रेरणा दिलाएको देखिन्छ । यहाा बालबालिकालाई कहिल्यै पनि नराम्रो काम गर्नुहुादैन । अर्काको लहैलहैमा लागेर आफू ठगिने कार्य कहिल्यै गरिनु हुादैन भनिएको छ । त्यस्तै चोर्नु महापाप हो । चोरी गर्नेहरू कुनै न कुनै पापको सजाय

भोग्न विवश छन् भन्दै बालबालिकालाई चोर्नबाट टाढा रहन आग्रह गरिएको छ । प्रस्तुत सङ्ग्रहमा एकतामा बढी जोड दिइएको छ । एकताको बल नै श्रेष्ठ बल हो । तसर्थ यहाा सबै बालबालिका, परिवार, समाज, राष्ट्रलाई एकतामा रहन आह्वान गरिएको छ । यहाा एक सुन्दर जोडी परेवाको आनन्ददायी जीवनचर्यालाई पनि देखाएको पाइन्छ । परेवाको जोडी झैं बालबालिका पनि आनन्ददायी जीवन व्यतीत गर्दै जानुपर्ने कुरामा जोड देखिन्छ । त्यस्तै प्रस्तुत सङ्ग्रहमा राजनीतिक व्यङ्ग्यलाई पनि पशुपक्षीका कथाामार्फत देखाइएको छ । राजनीतिका नाममा ठगी गर्दै हिड्नेहरूको एक दिन पोल खोली उनीहरूको सर्वस्व भताभुङ्ग हुने यथार्थलाई यस सङ्ग्रहमा प्रस्तुत गरेको देखिन्छ । त्यस्तै यहाा फोहोरी चुनाव र वर्गसङ्घर्षका कुरालाई पनि देखाएको पाइन्छ ।

एक अनौठो जङ्गल कथासङ्ग्रह बालकथाकार कान्छाको निजात्मक शैलीमा लेखिएको कथासङ्ग्रह हो । यस कथासङ्ग्रहमा कथाकारले झिनो विषयवस्तुमार्फत व्यक्ति चरित्र तथा राजनैतिक व्यङ्ग्यलाई प्रस्तुत गरेका छन् । यहाा बालबालिकालाई सत्चरित्र, कर्तव्यनिष्ठ, कुशल, व्यवहारोपयोगी बन्न सत्प्रेरणा दिएको देखिन्छ ।

एक अनौठो जङ्गल कथासङ्ग्रहभित्रका कथा संरचनागत दृष्टिले हेर्दा पूर्ववर्ती कथाहरू भन्दा केही लामा छन् । मानवीय पात्रभन्दा भिन्न मानवेत्तर पात्रको प्रयोग गरी रचना गरिएकाले कथा पूर्णतः रोचक रहेका छन् । यहाा मानवीय पात्रको प्रयोग देखिादैन । सबै मानवेत्तर पात्रको प्रयोगले कथालाई आकर्षक तुल्याएका छन् । यहाा सम्वाद पक्ष पनि सबल नै देखिन्छ । भाषा सरल, सरस र स्तरीय रहेको छ । छोटो छोटा वाक्यको प्रयोग पाइन्छ । यहाा व्यङ्ग्यात्मक, वर्णनात्मक, विश्लेषणात्मक शैलीको प्रयोग नै अत्यधिक देख्न सकिन्छ ।[५]

### ४.९.३ मनका तरङ्ग (कवितासङ्ग्रह २०५३) को अध्ययन

मनका तरङ्ग (२०५३) बानिया कान्छाको प्रथम कवितासङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा कविले आफूले, देखे, भोगेका विभिन्न सामाजिक, राजनैतिक, नैतिक, शैक्षिक

---

[५] ऐजन, पृष्ठ ९३ ।

जस्ता विषयहरूलाई विषयवस्तु बनाएका छन् । प्रस्तुत सङ्ग्रहमा कविका भावना सशक्त रूपमा आएका छन् । यहाा कविले राष्ट्रियताको महत्त्वमाथि प्रकाश पारेका छन् । आफू जन्मेको जन्मथलो र कर्मथलोलाई कहिल्यै बिर्सन नहुने धारणा प्रस्तुत सङ्ग्रहमा पाइन्छ । राष्ट्रियताप्रतिको माया सबै नेपालीलाई हुनुपर्ने धारणा यहाा कविले व्यक्त गरेका छन् । त्यस्तै यहाा कविले सम्पूर्ण नेपालीलाई स्वदेश, स्वठाउामा रम्न, मिहिनेतको पसिना आफ्नै देशमा पोख्न आग्रह गरेका छन् । विदेशी भूमिमा पुगेका नेपालीप्रति लक्षित गर्दै कविले विदेश जानेहरू आफ्नो राष्ट्रियता बेचेर जान्छन् । त्यहाा उनीहरूको अस्तित्व छैन । उनीहरूले त्यहाा कुकुरले नपाउने दुःख पाइरहेको, विदेशको गल्ली-गल्ली चाहार्दै हिडेको प्रति व्यङ्ग्य हानेका छन् । प्रस्तुत सङ्ग्रहमा कवि अत्यन्त भावुक बन्दै जीवन र संसारप्रति आफ्नो छुट्टै धारणा व्यक्त गर्छन् । कविका विचारमा जीवन सुख दुःखको संगम हो, पानीको फोका हो, शीतको थोपा हो, अनुभव र अनुभूतिको सङ्ग्रह हो भन्दै जीवनलाई परिभाषित गर्न पुगेका छन् । यस कविता सङ्ग्रहमा कविको राजनीतिक व्यङ्ग्य पनि रहेको छ । यहाा कवि आजकलका नेताप्रति लक्षित गर्दै यहाा स्वस्थ राजनीतिको अभाव रहेको प्रति खेद व्यक्त गर्दछन् । राजनीतिका नाममा नेताहरूले जनतालाई मकुण्डो भिराएको प्रति तीव्र आक्रोश व्यक्त गरिएको छ । त्यस्तै आजको सहरीया परिवेशप्रति पनि कविको उत्तिकै व्यङ्ग्य रहेको छ । आजको सहर दुर्गन्ध, फोहोरी, स्वार्थी बन्दै गएको प्रति कविको घृणा व्यक्त गर्दछन् । यहाा अभिनेता नेता बन्दै गएको, शिक्षक व्यापारीको नाउमा ट्युसन र कोचिङ्ग सेन्टर खोल्दै विद्यार्थीलाई ठग्दै हिाडेको, मान्छेमा मानवता हराउादै गई पशुवत चरित्र देखाएकामा तीव्र आक्रोश पाइन्छ । यहाा आजको युवावर्गप्रति लक्षित गर्दै युवामा राष्ट्रियताको नामनिसाना पनि नदेखेको प्रति दुःख व्यक्त गरिएको छ । आजका युवाहरूमा हराउादै गएको नेपाली, कला, संस्कृति, फेसन, देखेर कवि छक्क पर्छन् । युवा स्वार्थी, फेसनदार, विभिन्न धूमपान, मद्यपानतर्फ आकर्षित भई आफ्नो जिन्दगी वर्वाद गरेकोमा कविको चिन्ता पाइन्छ । त्यस्तै यहाा मद्यपान नेपालीको प्रिय भ्फोल पदार्थ भएकोमा व्यङ्ग्य गरिएको छ । यहाा कवि सम्पूर्ण नेपालीलाई राष्ट्रियता, धर्ती,

प्रकृति र संस्कृतिलाई जोगाउन आग्रह गर्दै सम्पूर्ण नेपालीलाई स्वराष्ट्र, स्वसंस्कृतिमा रमाउन र स्वदेशको कर्ममा लाग्न आग्रह गरेका छन् ।

प्रस्तुत मनका तरङ्ग कवितासङ्ग्रह कविको वैयक्तिक भावनामा आधारित कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा कविले आत्मपरक शैलीमा आफ्ना भावनालाई व्यक्त गरेका छन् । यस सङ्ग्रहमा कविको राष्ट्रियताप्रतिको माया ममता अत्यन्त प्रगाढ रूपमा व्यक्त भएको पाइन्छ । प्रस्तुत सङ्ग्रहमा कविले सम्पूर्ण नेपालीलाई आफ्नो राष्ट्रको स्वाभिमान र अस्तित्व जोगाउन आग्रह गरेका छन् ।

मनका तरङ्ग कवितासङ्ग्रहमा जम्मा १८ वटा कविताहरू संकलित छन् । संरचनागत आयामका दृष्टिले हेर्दा सम्पूर्ण कविता छोटा आयाममा रचना गरिएका छन् । यहाा कहीाकतै अनुच्छेद विभाजन गरिएको छ भने प्रायः कविता अनुच्छेदविहीन छन् । यस सङ्ग्रहभित्र छिटफुट मात्रामा मुक्तकको प्रयोग पनि देख्न सकिन्छ । मनका तरङ्ग (२०५३) कविता सङ्ग्रहमा गद्यलयको प्रयोग पाइन्छ । कविता गद्यात्मक हुादाहुादै लयात्मक छन् । यहाा शान्त, वीभत्स, करुण रस मुख्य रसका रूपमा आएका छन् भने अन्य छिटफुट मात्रामा प्रयोग भएका छन् । यहाा सरल भाषाको प्रयोग पाइन्छ । प्रारम्भिक कविताभन्दा पछिल्ला कवितामा परिमार्जित भाषाको प्रयोग छ । कविता सरल भइकन मर्मस्पर्शी रहेका छन् । यहाा कविले वर्णनात्मक, विश्लेषणात्मक, प्रश्नात्मक, आत्मपरक, व्यङ्ग्यात्मक शैलीको प्रयोग गरेका छन् ।[६]

### ४.९.४ चकलेटको पोको (बालकथासङ्ग्रह २०६२) को अध्ययन

चकलेटको पोको (२०६२) बालकथा सङ्ग्रह बानिया कान्छाको तेस्रो बालकथा सङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा जम्मा ५ वटा बालकथाहरू सङ्गृहीत छन् । अठोट, मेलमिलाप, विनोद र माया, चकलेटको पोको, जुनेली ।

प्रस्तुत सङ्ग्रहमा बालकथाकारले बालबालिकाको क्षेत्रसित सम्बन्धित विभिन्न घटनाक्रमलाई कथाका माध्यमबाट व्यक्त गरेका छन् । यहाा बालअधिकार, संरक्षण र हितका पक्षलाई एकातिर उठाइएको छ भने अर्कातिर बालमनोविज्ञानलाई पनि चित्रण

[६] ऐजन, पृष्ठ ७७ ।

गरेको पाइन्छ । यहाा बालबालिकालाई आदर्श, नियम र कर्तव्यमा हिड्न प्रेरणा दिएको देखिन्छ । प्रस्तुत सङ्ग्रहमा अभिभावकले बालभावनाको कदर गर्नुपर्ने कुराको उल्लेख छ । बालभावना, बालस्वभाव, बालचरित्रमाथि प्रकाश पारिएको छ । प्रकृतिप्रतिको महत्त्वलाई पनि देखाएको पाइन्छ । बालबालिका एक आपसमा मिलेर बस्नुपर्ने, झगडा गर्न नहुने कुराको उल्लेख छ । प्रस्तुत सङ्ग्रहमा बालबालिकामा जातीय भावनाको विकास हुनुहादैन । जातीय भावनाले समाज र परिवारमा विखण्डन ल्याउाछ भन्ने कुरालाई औंल्याइएको छ । यहाा प्रकृतिको चित्रण गर्ने क्रममा पाल्पा जिल्लामा अवस्थित श्रीनगरडााडाको प्राकृतिक अवस्थाको चित्रण पाइन्छ । यस सङ्ग्रहमा धनी र गरिबबीचको विभेदलाई पनि देखाइएको छ । गरिबीका कारण अर्काको घरमा काम गर्न बाध्य एक अबोध बालिकाको मार्मिक, कारुणिक स्थितिको चित्रण पनि यस सङ्ग्रहमा देख्न सकिन्छ ।

चकलेटको पोको बालमनोविज्ञान बालस्वभाव, बालअधिकार र संरक्षणका पक्षमा रही रचना गरिएको सङ्ग्रह हो । यस सङ्ग्रहमा ग्रामीण परिवेशका विभिन्न स्थितिको चित्रण पाइन्छ । परिवारमा हुने छोराछोरीबीचको विभेद, मनमुटाव, सामाजिक स्थितिको झलक यहाा देख्न सकिन्छ । समग्रमा प्रस्तुत सङ्ग्रह बालबालिकाको यथार्थ स्थितिको चित्रण गर्न सफल देखिन्छ । यहाा बालबालिकालाई सत्मार्ग, सत्सन्देश, सत्दिशा, कर्तव्य र अधिकारका पक्षमा लाग्न प्रेरणा दिएको देखिन्छ ।

चकलेटको पोको कथासङ्ग्रह लघु आयाममा लेखिएको कृति हो । यस भित्रका सम्पूर्ण कथाहरू छोटा भइकन रुचिकर छन् । बालबालिकाले रुचिका साथ पढ्न मन पराउाछन् ।

यस सङ्ग्रहको कार्यपीठिका ग्रामीण समाज हो । त्यसैले यहाा परिवेश सुहाउादो पात्रहरूको चयन गरिएको छ । पात्रहरू निम्नवर्गलाई प्रतिनिधित्व गर्ने बढी छन् भने छिटफुट उच्च वर्गका देखिन्छन् । यहाा बहुल संवादको प्रयोग बढी देखिन्छ । कथा सरल, सरस भइकन परिमार्जित भाषाको प्रयोग पाइन्छ । स्थानीय नेपाली भाषिकाको

प्रयोग पनि देख्न सकिन्छ । (अलच्छिनी, छौडाछौडी, पृष्ठ १) वाक्यहरू छोटा छन् । यहाा वर्णनात्मक, विश्लेषणात्मक तथा व्याख्यात्मक शैलीको प्रयोग रहेको छ ।

### ४.९.५ निष्कर्ष

साहित्यकार बानिया कान्छा म्याग्दी जिल्लाका मात्र नभई नेपाली साहित्यिक माहोलका सुप्रसिद्ध साहित्यकार मानिन्छन् । यिनले नेपाली साहित्यमा कविता विधाबाट प्रवेश गरेपनि अत्यधिक सफलता बालकथा र इतिहासमा पाएका छन् । यिनको साहित्यका अतिरिक्त साहित्येतर विधामा पनि कलम उत्तिकै सफल चलेको छ । यिनका हालसम्म १. अटेरी चल्लो (बालकथासङ्ग्रह) (२) मनका तरङ्ग (कविता सङ्ग्रह) (३) एक अनौठो जङ्गल (बालकथासङ्ग्रह) (४) चकलेटको पोको (बालकथासङ्ग्रह) (५) पाल्पाको भगवती जात्रा (इतिहास) (६) पाल्पा गौंडा एक अध्ययन (इतिहास) (७) बानिया वंशको वंशावली जस्ता थुप्रै पुस्तकाकार कृतिहरू प्रकाशित छन् । बानिया कान्छाको साहित्यिक लेखन क्षेत्र बालकथा र कविता तथा साहित्येतरतर्फ इतिहास र वंशावली हो । यिनी दुवै विधामा सफल मानिन्छन् । यिनलाई बालकथाकार, कवि र इतिहासकार भन्ने र चिन्ने गरिन्छ । यिनका दुबै विधाका रचनामा बालमनोविज्ञान, राष्ट्रियता, समसामयिकता, प्राकृतिक मोह, संस्कृति, इतिहास, दर्शन, मानवता, विश्ववन्धुत्व जस्ता मूल प्रवृत्ति भेट्न सकिन्छ । साहित्यकार बानियाले आफ्ना रचनामा सरल, सरस र मिठासपूर्ण भाषाको प्रयोग गरेका छन् । बालकथासङ्ग्रहमा स्थानीय भाषिकाको प्रयोग अत्यधिक देख्न सकिन्छ । नेपाली तत्सम, तद्भव तथा आगन्तुक र उखान, टुक्काको प्रयोगले यिनका रचना उत्कृष्ट बनेका छन् । वर्णनात्मक, विश्लेषणात्मक, व्यङ्ग्यात्मक, प्रश्नात्मक, बिम्बात्मक, शैलीमा रचना गर्नु साहित्यकार बानिया कान्छाका वैशिष्ट्य हो ।

### ४.१० कृष्ण बानिया (२०१६)

निबन्धकार कृष्ण बानियाको जन्म वि.सं. २०१६ मा म्याग्दी जिल्लाको पुलाचौर भन्ने ठाउामा भएको हो । यिनी पिता गजेन्द्र ब. बानिया र माता लीलावती बानियाका सुपुत्र हुन् । यिनले एम.ए.सम्मको औपचारिक शिक्षा हासिल गरेका छन् । यिनी नेपाली

साहित्यमा 'अविस्मरणीय इलाम यात्रा' यात्रा संस्मरणमूलक निबन्धमार्फत देखापरेका हुन् । हाल यिनका 'केही अनुभव केही अनुभूति' (यात्रा संस्मरण २०६३) कृति प्रकाशित छ । यिनी पेसाले कर्मचारी भए पनि साहित्यलाई माया गरिरहने व्यक्तित्व हुन् । यिनका फुटकर लेख अद्यपि पनि स्थानीय पत्रिकामा प्रकाशिन हुादै आएका छन् । यिनी साहित्यका अतिरिक्त साहित्यिक तथा साहित्येतर सङ्घसंस्थामा पनि आवद्ध छन् ।

### ४.१०.१ केही अनुभव केही अनुभूति (२०६३) कृतिको अध्ययन

केही अनुभव केही अनुभूति (२०६३) संस्मरण कृष्ण बानियाको प्रथम प्रकाशित यात्रासंस्मणमूलक निबन्धसङ्ग्रह हो । यस सङ्ग्रहभित्र जम्माजम्मी १५ वटा संस्मरणात्मक निबन्धहरू सङ्गृहीत रहेका छन् । प्रस्तुत सङ्ग्रहमा निबन्धकारले जागिरका सिलसिलामा देखेभोगेका र अनुभव गरेका यथार्थ घटनालाई संस्मरणमूलक ढङ्गमा प्रस्तुत गरेका छन् । खासगरी यहाा अनुभव र अनुभूतिलाई मुख्य विषयवस्तु बनाइएको छ । प्रस्तुत सङ्ग्रहमा निबन्धकारले अन्तर्राष्ट्रिय परिवेशलाई उतारेका छैनन् । यहाा निबन्धकारको वैयक्तिक अनुभव र अनुभूति नै बढी सल्बलाएको पाइन्छ भने केही राजनीतिक, प्रशासनिक, समसामयिक व्यङ्ग्य पनि भेट्न सकिन्छ । प्रस्तुत सङ्ग्रहमा कतै मानव नरसंहारका घटना छन् त कतै कर्मचारीतन्त्रमा हुने माफिया र घुसखोरीका घटना छन् । प्रस्तुत सङ्ग्रहमा स्वार्थी मानिसको चरित्रलाई पनि देखाइएको छ । त्यस्तै सरकारी कर्मचारीले पदीय दायित्व पूरा नगरेको प्रति खेद व्यक्त गरिएको छ । यस सङ्ग्रहमा यात्राका क्रममा मुक्तिनाथ, डडेलधुरा, दार्जिलिङ, इलाम, सिक्किम, मकवानपुर, बारा, तानसेनका ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, पर्यटकीय, प्राकृतिक महत्त्वका स्थलहरूको चिनारी पाइन्छ । त्यस्तै निर्वाचन प्रणालीमा हुने धाांधली, गुण्डागर्दीको तीव्र विरोध गरिएको छ । प्रस्तुत सङ्ग्रहमा जन्मभूमिप्रतिको माया र ममतालाई पनि देखाइएको छ । लेखकका जन्मभूमि छोड्दाका अनुभव र अनुभूतिको अभिव्यक्ति छन् । समष्टिमा प्रस्तुत सङ्ग्रह निबन्धकारको यात्रासंस्मरणमूलक अनुभव अनुभूतिमा आधारित भई रचना गरिएको कृतिका रूपमा चिनिन्छ ।

केही अनुभव केही अनभूति नियात्रासंस्मरणमूलक कृतिमा निजात्मक शैलीको प्रयोग छ । यहाा निबन्धकारको वैयक्तिक भावना, देशप्रेम, मातृत्व, बन्धुत्व, जीवनजगत्प्रतिको दृष्टिकोण, जिउनाको सार्थकता, सुन्दर समाज निर्माण गर्ने सुनौलो परिकल्पना मौलाएको पाइन्छ । त्यस्तै आफ्नो जीवनको भोगाइबाट शिक्षा लिदै नेपाली सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय, प्रकृतिप्रदत्त, प्राकृतिक सौन्दर्यताको महत्त्व गाउाले जीवनको मौलिकताको प्रतिबिम्ब पनि यस सङ्ग्रहमा देख्न सकिन्छ ।

केही अनुभव केही अनुभूति नियात्रासङ्ग्रहलाई परिवेशगत दृष्टिले हेर्ने हो भने परिवेशमा व्यापकता देखिन्छ । नेपालका मुक्तिनाथ, डडेलधुरा, म्याग्दी, इलामदेखि लिएर भारतका दार्जिलिङ, सिक्किम, सिलगढीसम्मको परिवेशलाई निबन्धकारले समावेश गरेका छन् ।

केही अनुभव केही अनुभूति निबन्ध सङ्ग्रहमा सरल भाषाको प्रयोग पाइन्छ । संस्कृत तत्सम, तद्भव तथा आगन्तुक शब्दको प्रयोग पनि रहेको छ । निबन्धकार इतिहासका विद्यार्थी हुनाले यहाा छिटफुट ऐतिहासिक महत्त्वका शब्दहरू पनि रहेकै छन् । सरल नेपाली झर्रा शब्दको प्रयोग छ । (जस्तै निउरो, वेथे, टुसा, ऐसेंलु पृष्ठ ८४) । त्यस्तै नेपाली उखानको प्रयोग पनि पाइन्छ । (जस्तै मर्नुभन्दा बहुलाउनु बेस पृष्ठ ८, आकासको फल आाखातरी मर (पृष्ठ ६७) । प्रस्तुत सङ्ग्रहमा निजात्मक, वर्णनात्मक, विश्लेषणात्मक, प्रश्नात्मक, व्यङ्ग्यात्मक शैलीको प्रयोग देख्न सकिन्छ ।

### ४.१०.२ निष्कर्ष

कृष्ण बानिया म्याग्दी जिल्लाका चिरपरिचित साहित्यकार हुन् । यिनी पेसाले कर्मचारी भएपनि साहित्यप्रति निरन्तर समर्पित व्यक्तित्व पनि हुन् । यिनी नेपाली साहित्यमा यात्रा संस्मरणमूलक निबन्धकारको रूपमा चिनिन्छन् । यिनको 'केही अनुभव केही अनुभूति' संस्मरणमूलक कृतिमात्र प्रकाशित छ । प्रस्तुत कृतिमा निबन्धकारले देखे, भोगेका अनुभव र अनुभूतिलाई मुख्य विषयवस्तु बनाएको पाइन्छ । निबन्धमा निजात्मकता, काल्पनिकता, यथार्थता, मानवता, प्रकृतिप्रेम, जीवनदर्शन, विश्ववन्धुत्व, मातृत्व, देशप्रेम जस्ता विविध प्रवृत्ति भेट्न सकिन्छ । यिनका निबन्ध सरल, सरस

भइकन मर्मस्पर्शी छन् । निबन्ध वर्णनात्मक, विश्लेषणत्मक, प्रश्नात्मक, व्यङ्ग्यात्मक शैलीमा लेखिएका छन् ।

## **४.११ मीन द्वन्द्वी (मीन ब. श्रेष्ठ) (२०१७)**

मीन द्वन्द्वी म्याग्दी जिल्लाको सिगां, तातोपानी भन्ने ठाउामा वि.सं. २०१७ मा जन्मेका हुन् । यिनी पिता दुर्गा ब. श्रेष्ठ तथा माता बालकुमारी श्रेष्ठका सुपुत्र हुन् । यिनी नेपाली साहित्यमा कविता विधाबाट देखापरेका छन् । हाल यिनको 'उलिनी मन' (२०५७) कवितासङ्ग्रह प्रकाशित छ । यिनले कविताका अतिरिक्त उपन्यास विधामा पनि कलम चलाएका छन् । यिनका लेखरचना विभिन्न पत्रपत्रिकामा प्रकाशित हाुदै आएका छन् ।

### **४.११.१ उलिनी मन (कवितासङ्ग्रह २०५७) को अध्ययन**

उलिनी मन (२०५६) मीन द्वन्द्वीको समसामयिक विषयवस्तुमा आधारित कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा कविले युगीन परिस्थितिमा नेपाल र नेपालीले भोग्नुपरेका पीडा, बाध्यता, वर्तमान राजनीतिक परिवेश, शासनपद्धति, प्रकृति, संस्कृति आदिलाई मुख्य विषयवस्तु बनाएका छन् । प्रस्तुत सङ्ग्रह कविको क्रान्तिकारी विचार धारामा आधारित सङ्ग्रह पनि हो । यहाा कविले देश र नरेशका निम्ति आमुल परिवर्तन आउनुपर्ने क्रान्तिकारी विचार व्यक्त गरेका छन् । यस सङ्ग्रहमा कविले व्यतीत वर्षका नैराश्यता, पीडालाई एकातिर देखाएका छन् भने अर्कातिर आर्थिक विषमता र गरिबीका कारण भोकभोकै मर्नुपर्ने गरिब नेपालीका विवशतालाई पनि देखाएका छन् । यहाा कवि स्वतन्त्र र स्वाधिनताको माग गर्दछन् । नेपाली जनताले स्वतन्त्रतापूर्वक बााच्न पाउनुपर्छ भन्ने धारणा कविको रहेको पाइन्छ । प्रस्तुत सङ्ग्रहमा कवि परम्परित शासनपद्धतिको तीव्र विरोध गर्दछन् । परम्परित शासनपद्धतिले कहिल्यै पनि नेपाल र नेपालीको हित गर्न नसक्ने कुरामा कविको ठोकुवा रहेको छ । कवि निरङ्कुशतन्त्रको अन्त्यका लागि सम्पूर्ण नेपाली एकजुट भई अघि बढ्न आह्वान गर्दछन् । निरङ्कुशतन्त्रको अन्त्यका लागि नेपालीले कति प्रयास गरेपनि त्यही पुरानो खरीबोट रूप र रङ परिवर्तन गरी आउने गरेको र त्यसलाई नेपालीले सदाका लागि निर्मुल पार्न

नसकेकोप्रति खेद व्यक्त गरेको देखिन्छ । प्रस्तुत सङ्ग्रहमा जनताले परिवर्तन महसुस गर्न नपाएको प्रति गुनासो व्यक्त भएको छ । बिहानीमा पनि नेपालीले सन्त्रास र भयको जिन्दगी बााच्नुपरेको अहिलेको जटिल स्थितिप्रति कवि व्यङ्ग्य गर्दछन् । प्रस्तुत सङ्ग्रहमा सरकार र माओवादीबीचको द्वन्द्वलाई पनि देखाइएको छ । माओवादीले गाउागाउामा हत्या, आतङ्क, अपहरण मच्चाएर नेपाली जनतालाई आतङ्कित पारेको प्रति कविको दुःख व्यक्त भएको पाइन्छ । त्यस्तै यहाा युद्धका बेलाको विकट रोल्पा जिल्लामा सरकारको ध्यान पुग्न नसकेको तथा माओवादीले रोल्पाली जनतालाई दुःख दिनुसम्म दिइरहेको स्थितिको चित्रण छ । प्रस्तुत सङ्ग्रहमा सहिदहरूप्रति नेपाली जनताले देखाएको उदासीनता र अपमानलाई देखाइएको छ । त्यस्तै जन्मभूमि र जन्मथलो, प्रकृत्ति, संस्कृतिप्रतिको माया ममतालाई पनि यहाा देखाएको पाइन्छ । यहाा सम्पूर्ण नेपालीलाई एकजुट भई राष्ट्रनिर्माणमा जुट्न आह्वान गरिएको छ । त्यस्तै म्याग्दी, बागलुङ, पर्वत र मुस्ताङ जिल्लाको चित्राकृति पनि प्रस्तुत भएको पाइन्छ ।

प्रस्तुत उलिनी मन द्वन्द्वीको आत्मपरक शैलीमा रचना गरिएको कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा कविका वैयक्तिक अनुभव र अनुभूति अत्यन्त राम्रोसाग सल्बलाएका छन् । यहाा कवि युगीन नेपाली सामाजिक, राजनीतिक व्यवस्था प्रति खेद व्यक्त गर्दछन् तथा नयाा र नौलो संसारको चाहना राख्छन् । यस सङग्रहमा कवि देश र समाज बनाउन सम्पूर्ण नेपालीमा एकपटक क्रान्तिकारी विचार सल्बलाएर आउनुपर्ने धारणा राख्छन् । कवि परम्परित सोच र मान्यताले नेपालीका दुःख र दर्दलाई कहिल्यै बुझ्न नसक्ने ठोकुवा गर्छन् । यहाा कविका क्रान्तिकारी भावहरू नै बढी व्यक्त भएका छन् ।

उलिनी मन कवितासङ्ग्रह स्वच्छन्दतावादी प्रगतिवादी मान्यतामा रही रचना गरिएको सङ्ग्रह हो । यस सङ्ग्रहमा जम्मा २७ वटा कविता सङ्गृहीत गरिएको छ । सम्पूर्ण कविता भावपूर्ण छन् । संरचनागत आयामका दृष्टिले हेर्दा प्रस्तुत सङ्ग्रहका कविता लघु आयामदेखि बृहत् आयामसम्मका रहेका छन् । यहाा चौध पंक्तिका कवितादेखि त्रियानब्बे पंक्तिसम्मका कविता प्रस्तुत भएका छन् । अनुच्छेद विभाजनमा

समानता देखिदैन । यहाा दुई अनुच्छेददेखि दश अनुच्छेदसम्मका कविता देख्न सकिन्छ । कविता सरल भइकन ओजस्वी र अर्थपूर्ण रहेका छन् । यस सङ्ग्रहमा गद्यलयको प्रयोग पाइन्छ । कविता गद्यात्मक हुादा हुादै लयात्मक छन् । पद्यको संकेतसम्म पनि फेला परेको देखिदैन ।

प्रस्तुत उलिनी मन कवितासङ्ग्रहमा शृङ्गार, अद्भूत, करुण, शान्त रस नै मुख्य भएर आएका छन् भने अन्य रसको छिटफुट मात्र प्रयोग पाइन्छ । यस सङ्ग्रहमा सरल र सहज भाषाको प्रयोग गरिएको छ । यहाा संस्कृतका तत्सम, तद्भव तथा आगन्तुक शब्दको प्रयोग पनि देख्न सकिन्छ । वर्णनात्मक, विश्लेषणात्मक, बिम्बात्मक शैलीको प्रयोगले कविता ओजस्वी बनेका छन् ।

### ४.११.२ निष्कर्ष

मीन द्वन्द्वी म्याग्दी जिल्लाका महत्त्वपूर्ण साहित्यकार मानिन्छन् । यिनले नेपाली साहित्यको कविता विधामा कलम चलाएका छन् । हालसम्म यिनको 'उलिनीमन' कवितासङ्ग्रह प्रकाशित छ । कवि द्वन्द्वी नेपाली साहित्यमा आधुनिक स्वच्छन्दतावादी प्रगतिवादी धाराका कविका रूपमा चिनिन्छन् । यिनले आफ्ना साहित्यिक रचनामा आफू बााचेको समाज र त्यसका सकारात्मक र नकारात्मक दुवै पाटोलाई जस्ताको तस्तै उतारेका छन् । यिनका रचना गद्यात्मक रहादा रहादै पनि लयात्मक र ओजपूर्ण रहेका छन् । मानवता, प्रकृतिप्रेम, बिश्वबन्धुत्व, देशप्रेम, राष्ट्रियता, सामाजिक सांस्कृतिक विकृति, विसङ्गति, जीवन दर्शन द्वन्दीको साहित्यिक प्रवृत्ति हो । यिनले आफ्ना रचनामा निजात्मक, वर्णनात्मक, विश्लेषणात्मक शैलीको प्रयोग गर्छन् । यिनका रचना सरल, सहज भइकन ओजस्वी छन् ।

## ४.१२ भक्त कार्की (२०२४)

पेसाले शिक्षक भएपनि निरन्तर नेपाली साहित्यलाई माया गरिरहने साहित्यकार भक्त कार्की हुन् । यिनी म्याग्दी जिल्लाको पुलाचौरमा वि.सं. २०२४ वैशाख १६ गतेका दिनमा जन्मिएका हुन् । यिनी पिता दिल ब. कार्की र माता कलावती कार्कीका सुपुत्र हुन् । यिनी नेपाली साहित्यमा कविता विधाबाट प्रारम्भ गरेका हुन् । यिनका हालसम्म

१. मनका कोसेली (कवितासङ्ग्रह २०५७) (२) खोइ मेरा खेलौनाहरू (बालगीतसङ्ग्रह २०६१) (३) चड्कन (हाइकुसङ्ग्रह ०६४) (४) चञ्चल (वालहाइकुसङ्ग्रह २०६४) (५) प्रतिविम्व (ताङ्कासङ्ग्रह २०६४) पुस्तकाकार कृतिहरू प्रकाशित छन् । यिनी कविता विधाका अतिरिक्त कथा, गजल विधामा पनि संलग्न रहेको देखिन्छ । यिनका लेखरचना स्थानीय पत्रपत्रिकामा निरन्तर प्रकाशित हुादै आइरहेका छन् ।

### ४.१२.१ मनका कोसेली (कवितासङ्ग्रह २०५७) को अध्ययन

मनका कोसेली (२०५७) कार्कीको पहिलो कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा कार्कीले युगीन समाजका विविध विषयलाई विषयवस्तु बनाएका छन् । यस सङ्ग्रहमा वर्तमान समाज र उसले देख्दै, भोग्दै आएका सामाजिक, सांस्कृतिक आर्थिक, नैतिक, शैक्षिक विकृति विसङ्गतिलाई मुख्य विषयवस्तु बनाइएको छ । यस संग्रहमा गरिव निम्नवर्गका एक छाक खान गल्ली-गल्ली चाहर्नुपर्ने बाध्यात्मक स्थितिको चित्रण देख्न सकिन्छ । नारीका बिलौना पीडालाई एकातर्फ देखाइएको छ भने अर्कातिर देश र समाज बनाउन नारी वर्गको खााचो औंल्याइएको छ । देशभरका नारीलाई एकजुट भई उठ्न आह्वान गरिएको पाइन्छ । प्रस्तुत सङ्ग्रहमा राजनीतिक व्यङ्ग्य पनि रहेको छ । आजकलका नेताले आफ्नै स्वार्थ पूरा गर्दै हिडेको प्रति तीव्र आक्रोश पाइन्छ । यस सङ्ग्रहमा सम्पूर्ण नागरिकलाई सत्य, न्याय, तथा इमान्दारीका बाटामा लाग्न प्रेरित गरिएको पाइन्छ । सहिदहरूप्रति हुादै आएको अपमानप्रति प्रस्तुत सङ्ग्रहले खेद व्यक्त गरेको छ । सहिदको सम्मान र सपना साकार पार्नुपर्ने धारणा प्रस्तुत सङ्ग्रहमा पाइन्छ । समाजमा हुने हत्या, हिंसा, डकैती, अत्याचारका घटनालाई यहाा समाजका मानिस मिलेर अन्त्य गर्नुपर्ने विचार पाइन्छ । यस सङ्ग्रहमा नेपाली संस्कृति, सभ्यता, भाषाको संरक्षण गर्नुपर्छ । नेपाल र नेपाली धर्तीलाई सदा माया गरिरहनुपर्ने धारणा पाइन्छ । राष्ट्रियताको सवालमा नेपाली एकजुट भई अघि बढ्न आग्रह गरिएको छ । त्यस्तै यस सङ्ग्रहमा बेरोजगारी समस्यालाई पनि देखाइएको छ । नेपाल राष्ट्रलाई शान्तिमय बनाउने सदिच्छा व्यक्त गरिएको पाइन्छ । नेपाली भएर नेपालीको अस्तित्व मेटिदै गएको प्रति चिन्ता व्यक्त गरिएको छ । मान्छेमा हुने भनाइ र गराई बीचको

भिन्नतालाई औंल्याइएको छ । सम्पूर्ण कलमवीरहरूलाई एकजुट भई देश निर्माणतर्फ प्रेरित हुने खालका रचना प्रस्तुत गर्न आग्रह गरिएको पाइन्छ । यहाा शिक्षकलाई ज्ञानदाता, सर्वगुण सम्पन्न व्यक्तिको रूपमा चिनाइएको छ । मान्छेमा बढ्दै गएको दानवी स्वभावप्रति चिन्ता व्यक्त पाइन्छ ।

मनका कोसेली आत्मपरक शैलीमा रचना गरिएको कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा गरिव विपन्न, निमुखा, असहाय, असक्त वर्गको आवाजलाई उठाएको पाइन्छ । नारीवादी चिन्तन, बेरोजगारी समस्या, समाजमा हुने सामाजिक, सांस्कृतिक र वैयक्तिक कमजोरीलाई पनि यस सङ्ग्रहमा प्रस्तुत गरिएको छ । सूक्ष्मातिसूक्ष्म कुराहरूलाई विषयवस्तु बनाई कविता रचना गर्नु प्रस्तुत सङ्ग्रहको वैशिष्ट्य हो । समग्रमा कविता छोटा भएर पनि भावात्मक, मर्मस्पर्शी छन् ।

मनका कोसेली कविता सङ्ग्रहमा जम्मा ५६ वटा कविताहरू सङ्गृहीत छन् । यहाा ५ पक्तिका कवितादेखि लिएर ५३ पंक्तिका कविताहरू रहेका छन् । सम्पूर्ण कविताहरूमध्ये २० वटा कवितामा अनुच्छेद विभाजन गरिएको छैन भने बााकी कवितामा अनुच्छेद विभाजन गरिएको छ । कविता प्राय छोटा आयाममा रचिएका छन् ।

मनका कोसेली कवितासङ्ग्रहभित्रका कविता लयविधानका दृष्टिले हेर्दा सम्पूर्ण कविता गद्यलयमा रचिएका छन् । पद्यलयको प्रयोग हुन सकेको छैन । केही कविता गीतिलयमा रचिएको देखिन्छ । गीति कविताको नमुना-

सर्वप्रथम नमस्कार
सवैलाई छ मेरो नमस्कार
महिला दिदी बहिनी हो दिव्य ज्योति बाल है
छ मेरो शुभकामना !! (पृष्ठ १५)

प्रस्तुत सङ्ग्रहभित्रका केही कविता छन्दमा लेख्ने प्रयास भएपनि त्यो अपुरो देखिन्छ । यहाा छन्दगत त्रुटि प्रशस्त रहेका छन् ।

मनका कोसेली कविता सङ्ग्रहलाई रस विधानका दृष्टिले हेर्दा यहाा शान्त करुण र वीर रस नै मुख्य रसका रूपमा आएका छन् । भन्ने अन्य रस छिटफुट मात्रामा प्रयोग भएका छन् । वीर रसको उदाहरण-

हे संसारका श्रमिक महिला हो
अन्तर्राष्ट्रिय मोर्चा बनाऊ

तमाम शोषण, उत्पीडन, अन्याय र अत्याचार हटाऔं (पृष्ठ २)

मनका कोसेली कवितासङ्ग्रहमा सरल, सरस र मिठासपूर्ण भाषाको प्रयोग पाइन्छ । यहाा संस्कृत, तत्सम, तद्भव तथा आगन्तुक र झर्रा शब्दको प्रयोग पनि रहेको छ । सम्पूर्ण कविता वर्णनात्मक, विश्लेषणात्मक, प्रश्नात्मक शैलीमा रचिएका छन् । यसमा कविबद्ध र निबद्ध दुवै प्रौढोक्तिको प्रयोग देख्न सकिन्छ ।

### ४.१२.२ खोइ मेरा खेलौना (बालगीतसङ्ग्रह २०६१) को अध्ययन

खोइ मेरा खेलौना (२०६१) बालगीतसङ्ग्रह कार्कीको पहिलो बालगीत सङ्ग्रह हो । यस सङ्ग्रह भित्र बालबालिकासित सम्बन्धित विभिन्न घटनाहरू प्रस्तुत गरिएका छन् । यहाा बालबालिका आदर्श, नैतिकवान, ज्ञानी, बुद्धिमानी, कर्तव्यवान बन्नुपर्ने कुरामा जोड दिएको देखिन्छ । प्रस्तुत सङ्ग्रहमा बालबालिका शान्ति चाहन्छन्, हत्या, हिंसाबाट सधैं टाढा रहन्छन् भनिएको छ । बालबालिका आफ्ना साथीहरूसित मिलेर बस्नुपर्छ । सानैदेखि राम्रो बानीव्यहोरा बसाल्दै जानुपर्छ, साथी भाइबीचमा कहिल्यै झगडा गर्नु हुादैन भनिएको छ । त्यस्तै आजका बालबालिका भोलिका राष्ट्रका कर्णधार हुन् । त्यसैले बालबालिकाले सानैदेखि असल स्वभाव ग्रहण गर्दै जानुपर्छ । बगैचाको हेरचाह गर्नु बालबालिकाको आफ्नै स्वभाव हो । बालबालिकाले कलिला मुना, फल, बिरुवा टिप्नु हुन्न भनिएको छ । बालबालिकाले कहिल्यै सडेगलेका खाना खानु हुादैन, सधैं ताजा खाना खानुपर्छ भनिएको छ । यस बालगीतसङ्ग्रहमा बालअधिकार र संरक्षणका सवालहरू छन् । श्रम शोषण गरिनुहुन्न, उनीहरूलाई राम्रो शिक्षा दिइनुपर्छ भन्ने कुरामा जोड छ । बालबालिकाले विद्यालयमा गई अध्ययन गर्दा साथीभाइबीच धनी, गरिब, ठूलो, सानो जातपातका कुरा नगरी मिलेर बस्नुपर्ने कुरामा आग्रह

गरिएको छ । त्यस्तै बालबालिका दसैं, तिहार, जस्ता चाडवाडमा अत्यन्त खुशीका साथ रमाउने गरेको प्रसङ्ग छ । प्रस्तुत सङ्ग्रहमा हावाहुरी चलेका बेला घरबाट बाहिर निस्कन नहुने, भाइबहिनीसित घरमा मिलेर बस्नुपर्ने जस्ता कुराको व्यवहारिक पक्षमाथि जोड दिइएको छ । यस सङ्ग्रहमा असारेमासको प्रकृतिको चित्रण गर्दै यसबेला बालबालिका खुब रमाउने गरेको कुराको प्रसङ्ग उल्लेख छ । आफूभन्दा ठूलालाई आदर गर्ने, सानालाई माया गर्नुपर्ने दायित्वबोध छ । अरूको कुरा काट्न, ढाट्न र रिस गर्न नहुने, चराचुरुङ्गीलाई मार्न नहुने, उनीहरूको संरक्षण गरिनुपर्ने कुरामा बालबालिकालाई शिक्षा दिइएको देखिन्छ । प्रस्तुत सङ्ग्रहमा नेपाली प्रकृति, संस्कृति र राष्ट्रियतालाई बालबालिकाले खुबै माया गर्ने गरेको प्रसङ्ग पाइन्छ ।

खोइ मेरा खेलौना बालगीतसङ्ग्रह बालबालिकाको स्वभाव, क्रियाकलापसित सम्बन्धित देखिन्छ । प्रस्तुत सङ्ग्रहमा कार्कीले बालबालिकाको सुन्दर भविष्य बनाउन विभिन्न घटनाको संयोजन गरी गीतिलयका माध्यमद्वारा प्रस्तुत गरेका छन् । यसमा चराचुरुङ्गीका प्रसङ्ग होस्, प्रकृतिका प्रसङ्ग होस्, या घरमा रहादा, बस्दा, विद्यालय जाादा, आउादा बालबालिकाले पालन गर्नुपर्ने नियम र कर्तव्यलाई प्रस्तुत गरिएको छ । जसले बालबालिकाको भविष्यलाई समुज्वल बनाउन विशेष टेवा पुऱ्याउने देखिन्छ ।

खोइ मेरा खेलौना आत्मपरक शैलीमा रचना गरिएको बालगीत सङ्ग्रह हो । यस सङ्ग्रहमा जम्मा ३८ वटा बालगीत सङ्गृहीत छन् । सम्पूर्ण बालगीतलघु आयाममा रचिएका छन् । प्रत्येक बालगीत बालबालिकासित सम्बन्धित घटना र परिवेश फरकफरक भएर आएका छन् । बालगीत एकै पटकमा मुखाग्र बनाउन सकिने खालका छन् । प्रस्तुत सङ्ग्रहका बालगीतमा संरचनागत सुगठन त्यति मिलेको देखिदैन । कहीा कतै लयात्मक प्रवाह शाब्दिक प्रयोगले अड्को थपेको देखिन्छ । बालगीत प्रभावपूर्ण छन् । यसमा वर्णनात्मक, लयात्मक शैलीको प्रयोग अधिक देख्न सकिन्छ ।

### ४.१२.३ प्रतिबिम्ब (ताङ्कासङ्ग्रह २०६४) को अध्ययन

प्रतिबिम्ब (ताङ्कासङग्रह २०६४) कार्कीको पहिलो ताङ्कासङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा कार्कीले वर्तमान युगको प्रतिबिम्ब उतारेका छन् । वर्तमान नेपाली समाजका राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक पक्षको व्यङ्ग्यात्मक प्रस्तुति प्रस्तुत सङ्गहमा देख्न सकिन्छ । प्रस्तुत सङ्ग्रहमा राजनीतिक व्यङ्ग्यलाई बढी महत्त्व दिइएको छ । यहाा लोकतन्त्र प्राप्ति हुनुभन्दा अघि र पछिका प्रसङ्गहरू उल्लेख छन् । लोकतन्त्र प्राप्तिभन्दा अघि दरवारियाहरूले नेपाली जनतालाई दुःख दिएका घटना यथार्थरूपमा प्रस्तुत भएका छन्ः यहाा सामन्ती सत्ताको तीव्र विरोध गरिएको छ । द्वन्द्वले नेपाली जनतालाई पारेको दूरगामी असरको निन्दा गरिएको पाइन्छ । द्वन्द्वका सिलसिलामा बालअधिकारको हनन भएको प्रति चिन्ता प्रकट भएको छ । प्रस्तुत सङ्ग्रहमा राजनीतिक दलहरूको स्वार्थी प्रवृत्तिलाई पनि देखाएको छ । हिजोका दलाल आजका मन्त्री बन्दै जनतालाई ठगेको यथार्थ प्रस्तुत छ । गरिब जनताले कहिल्यै सुख र शान्तिको चैन लोकतन्त्र प्राप्तिपछि पनि पाउन नसकेको तितो सत्य सावित छ । रायमाझी आयोगले लोकतन्त्रका विरोधीलाई लुकाएर राखेको प्रति खेद प्रकट पाइन्छ । प्रस्तुत सङ्ग्रहमा सहिदहरूको सम्मान हुन नसकेको प्रति चिन्ता व्यक्त गरिएको छ । सम्पूर्ण मानवलाई मानव सेवातर्फ अग्रसर हुन प्रस्तुत सङ्ग्रहले आग्रह गरेको देखिन्छ ।

प्रतिबिम्ब ताङ्कासङ्ग्रह नेपालको परिवेश सुहाउादो प्रतिबिम्ब हो । जहाा राजनीतिक पक्षलाई बढी प्रमुखता दिएको देखिन्छ । राजनीतिका नाममा ठगी र गिरोह बन्दै देश र जनतालाई ठग्दै हिाडेका आजका राजनीतिक दल र नेताप्रति प्रस्तुत सङ्ग्रहले व्यङ्ग्य हानेको छ । हिजोका महासामन्त, दलाल आजका राजनीतिक कर्मी बनेर जनतालाई सास्ती दिादै हिाडेको, आफ्नो स्वार्थ पूरा गर्दै हिडेको, यथार्थलाई प्रस्तुत सङ्ग्रहले व्यङ्ग्यार्थमा प्रस्तुत गरेको छ । यहाा राजतन्त्रको विरोध गर्दै लोकतन्त्रको आह्वान गरिएको छ । लोकतन्त्र प्राप्तिपछि पनि नेपाली जनताले कुनै परिवर्तन नदेखेको प्रति आक्रोश व्यक्त गरेको पाइन्छ । यहाा समग्र राष्ट्रिय सवालका दृष्टिमा नेपाली नेपाली एकजुट हुन आह्वान गरेको पाइन्छ । नेपाली भाषा, कला, संस्कृति तथा सहिदको सम्मानमा जोड दिएको देखिन्छ ।

प्रतिबिम्ब ताङ्कासङ्ग्रहमा जम्मा २०५ वटा ताङ्काहरू सङ्कलित छन् । जसमा नेपाली प्रकृति, जीवनजगत, समाजलाई विषयवस्तु बनाइएको छ । प्रस्तुत सङ्ग्रह सरल भाषामा लेखिएको सङ्ग्रह हो । यहाा व्यङ्ग्यात्मक, प्रतीकात्मक शैलीको प्रयोग पाइन्छ । छोटा भइकन रसिला बन्नु ताङ्काको मुख्य विशेषता हो ।

**४.१२.४ चड्कन (हाइकुसङ्ग्रह २०६४) को अध्ययन**

चड्कन भक्त कार्कीको प्रथम हाइकुसङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा युगिन समाजका विविध विषयवस्तुहरू पाइन्छन् । समाजमा हुने राजनीतिक, सामाजिक, आर्थिक, नैतिक र शैक्षिक पक्षको व्यङ्ग्य प्रस्तुति प्रस्तुत सङ्ग्रहमा देख्न सकिन्छ । प्रस्तुत सङ्ग्रहमा मानव अनुभवलाई कतै सोझै, कतै घुमाउरो, कतै विडम्बनालाई बेस्सरी बजार्दै अभिव्यक्ति दिइएको छ । यसमा राजनीतिक पक्षलाई हदैसम्म कारवाही गरेको देखिन्छ । यस सङ्ग्रहमा राजनीतिका नाममा कालो बजारी गर्दै हिड्ने आजका स्वार्थी नेताप्रति यस सङ्ग्रहमा झटारो हानिएको छ । प्रस्तुत सङ्ग्रहमा मायाप्रीतिका सवालहरूभन्दा सामाजिक कुरीति, राजनीतिक विकृति र विसङ्गतिमाथि बढी व्यङ्ग्य पाइन्छ । यहाा पथभ्रष्ट नेता र शासकहरूप्रति खबरदारी गरिएको छ । प्रस्तुत सङ्ग्रहमा बालहित र संरक्षणका सवालहरूलाई पनि उठाइएको छ । बालबालिकालाई राम्रो शिक्षा दीक्षा दिए भोलि गएर सभ्य, शिक्षित र सुसंस्कृत नागरिक बन्न सक्ने धारणा प्रस्तुत सङ्ग्रहमा पाइन्छ । त्यस्तै प्रस्तुतसङ्ग्रहमा नेपाल र नेपाली कला, भाषा, संस्कृतिका सवाललाई पनि उठाइएको छ । राष्ट्रमा देखिएको बेरोजगारी समस्या, पलायनवादी निति, अस्वस्थ सहरीकरणप्रति खेद व्यक्त भएको पाइन्छ । समग्रमा प्रस्तुत हाइकुसङ्ग्रह नेपालको युगिन दर्पण प्रस्तुत गर्न अत्यन्त सफल देखिन्छ ।

चड्कन कविको आत्मानुभूति हो । यस सङ्ग्रहमा कविले आजको समाजलाई जस्तो देखे, त्यसलाई अत्यन्त सरल, सहज र मिठासपूर्ण भाषामा व्यक्त गरेका छन् । हाइकु सरल भइकन सौन्दर्यपूर्ण र व्यङ्ग्यपूर्ण छन् ।

चङ्कन हाइकुसङ्ग्रहमा जम्मा ३२० हाइकुहरू सङ्गृहीत गरिएका छन् । हाइकु अत्यन्तै छोटा, सुत्रात्मक छन् तर तिनले युगीन परिवेशलाई बोकेका छन् । यहाा प्रतीकात्मक, सूत्रात्मक, बिम्बात्मक, व्यङ्ग्यात्मक, चित्रात्मक शैलीको प्रयोग पाइन्छ ।

## ४.१२.५ चञ्चल (बालहाइकुसङ्ग्रह २०६४) को अध्ययन

चञ्चल (२०६४) बालहाइकुसङ्ग्रह बालबालिकाको स्वभाव र क्रियाकलापसित सम्बन्धित हाइकुसङ्ग्रह हो । यसमा बालबालिकालाई मार्गनिर्देश गर्ने ज्ञानगुनका कुराहरू व्यक्त भएको पाइन्छ । प्रस्तुत सङ्ग्रहमा राजनीतिक व्यङ्ग्य पाइादैन । छिटफुट राष्ट्रिय सन्दर्भ रहेपनि सम्पूर्ण हाइकु बालबालिकाका घटना, सन्दर्भसित सम्बन्धित

छन् । प्रस्तुत सङ्ग्रहमा बालबालिका राष्ट्रका कर्णदार भएका नाताले तिनीहरूलाई सानैदेखि राम्रो शिक्षादीक्षा दिइनुपर्छ भन्ने कुरामा जोड दिइएको देखिन्छ । बालबालिकालाई युद्धको शिकार र बालश्रम शोषण गरिनु हुादैन भनिएको छ ।बालबालिका शान्ति क्षेत्र हुन् । तिनीहरूलाई राम्रो शिक्षादीक्षा दिइनुपर्छ । सानैदेखि असल र राम्रा कार्य सिकाउादै लैजानुपर्छ । सत्सङ्गत, असलबाटो, सत्कर्मको पाठ सिकाइनुपर्छ । जन्मभूमिप्रतिको माया ममतालाई सदा स्मरण गरिनुपर्छ भन्ने कुरामा जोड दिइएको छ । प्रस्तुत सङ्ग्रहमा बालबालिकालाई कर्मयोगी बनी महान् मानिस बन्न सत्प्रेरणा दिइएको देखिन्छ । बालबालिका सधैा उत्साहित बन्नुपर्ने, बालचाहनालाई सबैले बुझिदिनुपर्ने भाव प्रस्तुत सङ्ग्रहमा पाइन्छ । बालबालिका ज्ञानी, असल, बुद्धिमानी, स्पष्ट वक्ता महान् बन्नुपर्ने चाहना यहाा व्यक्त भएको छ । प्रस्तुत सङ्ग्रहमा बालबालिकालाई आदर्शको पाठमात्र नसिकाई जीवनमा अघि बढेर केही गर्न आग्रह समेत गरिएको छ । समग्रमा कविता बालबालिकाका सन्दर्भसित सम्बन्धित भएपनि यसले समग्र मानवलाई नै राम्रो शिक्षा दिएको देखिन्छ ।

प्रस्तुत चञ्चल (२०६४) बालहाइकुसङ्ग्रह बालबालिकाको क्षेत्राधिकारसित सम्बन्धित हाइकुसङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा जम्मा २०५ हाइकुहरू सङ्कलित छन् । हाइकु लघु आकारका भएपनि बिम्बात्मक, सूत्रात्मक छन् । सरल, सरस भाषामा

लेखिएका छन् । यसमा व्यङ्ग्य, प्रतीकात्मक, बिम्बात्मक, सूत्रात्मक शैलीको प्रयोग पाइन्छ । यसमा बालस्वभाव एवम् चाहना, रुचि र ज्ञानलाई महत्त्व दिइएको छ । आफ्नो परिवेशका साथै माया, प्रेम, सद्भाव, प्रकृतिको सुन्दरतालाई पनि उतारिएको पाइन्छ । यहाा बालकलाई महानताको ज्ञान, व्यवहारको ज्ञान, कोमलताको ज्ञान, कठोरताको ज्ञान दिन खोजिएको देखिन्छ ।

### ४.१२.६ निष्कर्ष

भक्त कार्की म्याग्दी जिल्लाका सक्रिय साहित्यकार हुन् । यिनले साहित्यका अतिरिक्त विभिन्न साहित्यिक सङ्घसंस्थामा रहेर काम गर्दै आएका छन् । यिनी नेपाली साहित्यमा कविता विधाबाट प्रवेश गरेका हुन् । यिनका लेखनको मुख्य विषय कविताका अतिरिक्त हाइकु र ताङ्का पनि रहेको पाइन्छ । यिनका हालसम्म मनका कोसेली (कवितासङ्ग्रह, २०५७), खोइ मेरा खेलौना (बालकवितासङ्ग्रह, २०६१) चञ्चल (बालहाइकुसङ्ग्रह २०६४), चड्कन (हाइकुसङ्ग्रह, २०६४), प्रतिविम्व (ताङ्कासङ्ग्रह २०६४) प्रकाशित छन् । यिनको लेखनको मुख्य क्षेत्र बालसाहित्य हो । यिनी बालसाहित्यकारको रूपमा म्याग्दी जिल्लामा चिनिन्छन् । यिनका रचनामा बालबालिकासित सम्बन्धित बालस्वभाव, चाहना, रुचि र ज्ञानलाई प्रस्तुत गरेको पाइन्छ । यसका अतिरिक्त नेपालको राष्ट्रिय राजनीतिको झलक पनि देख्न सकिन्छ । यिनका रचनामा बालमनोविज्ञान मानवता, राष्ट्रियता, देशप्रेम, विश्वबन्धुत्व, सामाजिक, राजनीतिक विकृति, विसङ्गति, आदर्श, सेवा, सहयोग जस्ता प्रवृत्ति भेट्न सकिन्छ । यिनको लेखन बालसाहित्यका अतिरिक्त गजल, तथा फुटकर लेख रचनातिर पनि मोडिएको छ । यिनका रचना सरल भइकन सूत्रात्मक, बिम्बात्मक, व्यङ्ग्यात्मक शैलीमा छन् । कतैकतै गेयात्मकताको प्रयोग पनि पाउन सकिन्छ ।

## ४.१३ अजयमिलन श्रेष्ठ (२०२६)

अजयमिलन श्रेष्ठको जन्म वि.सं.२०२६ मा म्याग्दी जिल्लाको सदरमुकाम बेनीबजारमा भएको हो । यिनी पिता लक्ष्मी प्र. श्रेष्ठ र माता पुतलीदेवी श्रेष्ठका सुपुत्र हुन् । यिनले एम.ए. सम्मको शिक्षा हासिल गरेका छन् । यिनी नेपाली साहित्यमा

'साहस' पत्रिकामा 'छोरा कि लाहुरे' (?) कविता प्रकाशन गरी प्रवेश गरेका हुन् । यिनले नेपाली साहित्यमा बालसाहित्य, गीत र कविताविधामा योगदान पुऱ्याएका छन् । यिनका निम्नलिखित पुस्तकाकार कृतिहरू प्रकाशित छन् -

१. गीताञ्जली २०६२ (२०६३) गीतसङ्ग्रह
२. अक्षरगीत (२०६३) बालसाहित्य
३. नववर्ष (२०६४) कवितासङ्ग्रह
४. गीताञ्जली-२ (२०६४) भजन/गीतसङ्ग्रह

### ४.१३.१ गीताञ्जली (गीतसङ्ग्रह २०६२) को अध्ययनः

गीताञ्जली (२०६२) श्रेष्ठको भक्ति, प्रीति र विन्तीमा आधारित गीतसङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा ३ भाग रहेका छन् । १ भक्ति २. प्रीति ३. बिन्ती । भक्ति यस सङ्ग्रहको पहिलो भाग हो । प्रस्तुत खण्डमा १२ वटा भक्ति गीतहरू रहेका छन् । यहाा भगवान् परमात्माको निस्वार्थ भावले भक्ति र वन्दना गरिएको छ । यहाा भगवान् परमात्माका विविध रूपहरू जस्तै शिव, पार्वती, गणेश, लक्ष्मी, सरस्वती, बुद्ध आदिको चर्चा गरिएको पाइन्छ । ईश्वरप्रति आशक्ति भएमा भगवान् प्राप्ति हुने धारणा भक्ति गीतहरूमा रहेको पाइन्छ ।

प्रीति गीताञ्जली गीतसङ्ग्रहको दोस्रो खण्ड हो । यस खण्डमा १२ वटा फुटकर गीतहरू सङ्कलित छन् । यस खण्डमा मायाप्रीतिका विविध क्षणहरूको झलक देख्न सकिन्छ । यहाा विशेष गरी प्रेमी र प्रेमिकाका क्रिया र प्रतिक्रियाका विविध स्वरूप रहेको पाइन्छ ।

बिन्ती गीताञ्जली गीतसङ्ग्रहको अन्तिम खण्ड हो । यस खण्डमा पनि १२ वटा फुटकर गीतहरू समावेश भएका छन् । यस खण्डमा भक्ति र प्रीति भन्दा अलि भिन्न भाव प्रस्तुत भएको पाइन्छ । यहाा युगिन समाजको झलक देख्न सकिन्छ । वर्तमान समाज र उसले खेप्दै आएका बिडम्वनाको चित्रण यस खण्डमा रहेको छ । त्यस्तै यहाा राष्ट्रियताप्रतिको भक्तिभावलाई पनि देखाएकै पाइन्छ । प्रस्तुत खण्डमा जन्मभूमि र जन्म दिने आमाप्रति श्रद्धाभाव देखाइएको छ । नेपाली सन्तति फुटेर होइन, जुटेर देश निर्माणमा लाग्न आग्रह गरिएको छ । सम्पूर्ण नेपालीहरूले हत्या हिंसा र काटमारबाट

सधै टाढा रहन आग्रह गरिएको छ । प्रस्तुत खण्डमा कविको जीवनसम्बन्धी धारणा पाइन्छ । जीवन दुःखको महासागर हो । यहाा मानिस झिनो आशा लिएर बााच्न विवश छ भन्ने चिन्तन पाइन्छ । शुद्ध मन र पवित्र विचार लिएर अघि बढेको खण्डमा कुनै पनि काममा सफलता पाउन सकिने विचार यस खण्डका गीतमा व्यक्त भएको छ । प्रस्तुत खण्डमा बालबालिकालाई राष्ट्रका सबल पक्षको रूपमा उभ्याइएको छ । बालबालिकालाई हत्या हिंसाबाट सधै टाढा राख्नुपर्ने धारणा छ । प्रस्तुत खण्डमा अपाङ्गप्रतिको दृष्टिकोणलाई देखाइएको छ । अपाङ्गलाई घृणा होइन, माया र ममता दिइनुपर्ने धारणा पाइन्छ । धनप्रतिको आशक्तिलाई छाडी निस्वार्थ भावले मानव सेवामा रमाउन सम्पूर्ण नेपालीलाई आग्रह गरिएको पाइन्छ ।

प्रस्तुत गीताञ्जली सङ्ग्रह भक्ति, प्रीति र विन्तीमा आधारित गीतसङ्ग्रह हो । यस सङ्ग्रहमा आध्यात्मिक चिन्तन, जीवनदर्शन, माया प्रीति र समाजलाई विषयवस्तु बनाइएको छ । यहाा जम्मा ३६ वटा गीतहरू सङ्कलित छन् । यस सङ्ग्रहमा नेपालीलाई निस्वार्थ भावले सत्कर्ममा लागि  देश र जनताका निम्ति केही गर्न बिन्ती गरिएको पाइन्छ । सम्पूर्ण गीतहरू गेयात्मक छन् । छोटा आयाममा लेखिएका छन् । यहाा कविले श्रृङ्गार, शान्त र करुण रसलाई प्रमुखता दिएका छन् । गीतहरू सरल भाषामा लेखिएका छन् । गीत सरल भइकन मिठासपूर्ण छन् । यहाा संगीत पक्षको समायोजन गर्ने प्रयत्न गरिएको छ । गीतहरू वर्णनात्मक, विश्लेषणात्मक, शैलीमा रचिएका छन् ।

### ४.१३.२ अक्षरगीत (बालसाहित्य २०६३) को अध्ययन

अक्षर गीत (२०६३) कवि श्रेष्ठको बालबालिकाको ज्ञान भण्डार वृद्धि होस् भन्ने हेतुले तयार पारिएको बालजागृतिमूलक कृति हो । प्रस्तुत कृतिमा कविले नेपाली देवनागरी लिपिका स्वरवर्ण र व्यञ्जन वर्णलाई प्रयोग गरी तिनबाट बन्ने शब्दहरूलाई कवितात्मक पारामा प्रस्तुत गरेका छन् । यस कृतिमा विषयवस्तुको प्रचुरता पाइदैन । अत्यन्त झिनो विषयवस्तु यहाा रहेको छ । प्रस्तुत कृतिमा कविले एकातर्फ शब्दहरूको प्रचुरता थुपारेका छन् भने अर्कातिर बालबालिकालाई शिक्षाप्रद हुने खालका न्युन

विचारहरू पनि व्यक्त गरेका छन् । प्रस्तुत कृतिमा बालबालिकालाई राम्रो बन्न, मिठो बोल्न, ज्ञानी हुन सत्प्रेरणा दिएको पाइन्छ । साथै ईश्वरप्रति आस्था, उदारी, ज्ञानी हुनुपर्ने कुरामा पनि उत्तिकै जोड दिएको देखिन्छ । यहाा बालबालिकालाई राम्रो काम गरेर आफ्नो शिर सधैं उचो राख्न आग्रह गरिएको छ । यसरी प्रस्तुत कृतिले विषयवस्तुमाथि जोड दिएको भन्दा पनि शब्द भण्डारमा नै बढी जोड दिएको देखिन्छ । बालबालिकाको शब्दको ज्ञान भण्डारमा उल्लेखनीय वृद्धि हुने आशा यसमा गरिएको छ ।

प्रस्तुत अक्षर गीत (२०६३) बालसाहित्य बालबालिकाको क्षमता वृद्धिका लागि तयार पारिएको कृति हो । प्रस्तुत कृतिमा कविले अत्यन्त सरल भाषाको प्रयोग गरेका छन् । शैली वर्णनात्मक, विश्लेषणात्मक रहादा रहादै पनि कतै कतै नयाापनको आभास पाइन्छ । लयगत दृष्टिले हेर्दा यहाा कवि अलिकति खस्किएको भ्कैं लाग्छ । अर्थका दृष्टिले हेर्दा पनि यिनका कविता त्यति मिलेका छैनन् । यहाा कविको मूल धारणा बालज्ञानभण्डार वृद्धिको हेतु भएका कारण अर्थ र लयलाई भन्दा शब्दभण्डारलाई मात्र बढी जोड दिएको देखिन्छ ।

### ४.१३.३ नववर्ष (कवितासङ्ग्रह २०६४) को अध्ययन

नववर्ष (२०६४) कवितासङ्ग्रह अजयमिलन श्रेष्ठको प्रथम कवितासङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा श्रेष्ठले समसामयिक विषयवस्तुलाई प्रस्तुत गरेका छन् । यहाा कवि श्रेष्ठका भावना स्वतस्फूर्त रूपमा आएका छन् । यस सङ्ग्रहमा कविले मानवता, देशप्रेम, सहयोग, गरिबी, प्रेम जस्ता विषयलाई कवितामार्फत् उठाएका छन् । प्रस्तुत सङ्ग्रहमा प्रकृतिको राम्रो भ्कलक पाइन्छ । नयाा वर्षको आगमनले सम्पूर्ण नेपालीलाई दीर्घायु सुस्वास्थ्य, शान्ति र मानवतायुक्त भएर बााच्न प्रेरणा मिलोस् भन्ने इच्छा कविको रहेको छ । जीवनलाई सुख दुःखको सिगौरी ठान्ने कवि यहाा जीवनसित सम्भ्कौता गर्न पुगेका छन् । त्यस्तै यहाा युद्ध हुनु मानवतादेखि बाहिरको कुरा हो भन्दै युद्धले कसैलाई पनि फाइदा पुऱ्याउादैन भन्ने भाव पाइन्छ । प्रस्तुत सङ्ग्रहमा राजसंस्थाप्रति व्यङ्ग्य रहेको छ । निरङ्कुश राजतन्त्रले नेपालीको बााच्ने, स्वतन्त्रता

हनन गरेकोप्रति आपत्ति जनाइएको छ । यहाा कवि सम्पूर्ण शक्तिको स्रोत जनतालाई मानेका छन् । जनता एकजुट बन्न सके चाहेजस्तो परिवर्तन ल्याउन सकिने धारणा कविको पाइन्छ । प्रस्तुत सङ्ग्रहमा कवि जनतालाई अधिकार र कर्तव्यको लागि लड्न आग्रह गर्दछन् । सम्पूर्ण नेपालीलाई बुद्धत्वको भावना लिएर देश विकासमा जुट्न प्रेरित गर्दछन् । प्रस्तुत सङ्ग्रहमा गरिब जनताका पीडालाई पनि व्यक्त गरिएको छ । यहाा सामन्त दलाल र जमिन्दारबाट नेपाली गरिब जनता सधै दबिनु, ठगिनु परेको यथार्थ व्यक्तिएको छ । यहाा कवि कर्मचारी र नेताप्रति लक्षित गर्दै व्यङ्ग्य हानेका छन् । नेता र कर्मचारीले घुस खोरी र भ्रष्टाचारीको नाममा देशको राजस्व रित्तो नपारी आफ्नै कर्ममा लाग्न सल्लाह दिएका छन् । प्रस्तुत सङ्ग्रहमा कविले अब नेपाली जनताले बुइ चढ्ने नेतालाई कहिल्यै नछाड्ने जिकिर गर्दछन् । त्यस्तै यहाा जातीय पक्षमाथि पनि प्रश्न उठाइएको छ । जातीय विभेदको अन्त्य नभई देश माथि जान सक्दैन भन्ने धारणा कविको पाइन्छ । प्रेमका सफलता र असफलताका विविध सन्दर्भहरू पनि यहाा रहेकै पाइन्छ ।

प्रस्तुत नववर्ष (२०६४) कवितासङ्ग्रह कविको वैयक्तिक अनुभूतिमा आधारित कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा कविले स्वच्छन्दतावादी प्रगतिवादी मान्यतामा रही आफ्ना विचार व्यक्त गरेका छन् । यहाा कविले आफ्नो देश र समाजलाई जस्तो देखे, अनुभव गरे त्यस्तै रूपमा व्यक्त गरेका छन् । यस सङ्ग्रहमा राजनीति, समाज, जीवनदर्शन, प्रेमका पक्षमा वर्णन गरिएको पाइन्छ । प्रस्तुतसङ्ग्रहमा जम्मा ३६ वटा कविताहरू सङ्गृहीत गरिएको छ । कविता गद्यात्मक हुादाहुादै लयात्मक छन् । यस सङ्ग्रहमा कविले सरल भाषाको प्रयोग गरेका छन् । नेपाली झर्रा शब्दका साथै आगन्तुक शब्दको प्रयोग पनि देख्न सकिन्छ । कविबद्ध तथा निबद्ध दुवै प्रौढोक्तिको प्रयोग पाइन्छ । व्याख्यात्मक प्रश्नात्मक, वर्णनात्मक शैलीमा रचिएका छन् ।

### ४.१३.४ गीताञ्जली -२ (भजनगीतसङ्ग्रह २०६४) को अध्ययन

गीताञ्जली-२ कवि श्रेष्ठको भजन र गीतसङ्ग्रह हो । प्रस्तुत सङ्ग्रह २ खण्डमा विभक्त छ । पहिलो खण्डमा भजनसङ्ग्रह रहेको छ भने दोस्रो खण्डमा

गीतसङ्ग्रह रहेको छ । यहाा जम्मा अठ्ठाईस वटा भजन र गीतहरू सङ्गृहीत छन् । पहिलो खण्डमा रहेको भजन सङ्ग्रहमा जम्मा सत्र वटा भजनहरू सङ्गृहीत रहेका छन् । सम्पूर्ण भजनहरू भक्ति प्रधान छन् । यहाा राम, कृष्ण, शिव, पार्वती, सरस्वती, उमामहेश्वर आदिको निस्वार्थ भावले वन्दना गरिएको छ । प्रस्तुत पहिलो खण्डमा ईश्वरलाई संसारको सृष्टिदाता, पालनकर्ता र नरसंहारको रूपमा चिनाइएको छ । ईश्वरको शक्तिमा यो संसार अडिएकाले सम्पूर्ण नागरिकलाई व्यक्तिगत आसुरी प्रवृत्ति त्यागेर ईश्वरप्रति लिन हुन आग्रह गरिएको पाइन्छ । सम्पूर्ण कविता कुनै न कुनै रूपबाट ईश्वरप्रति समर्पित देखिन्छन् । प्रस्तुत सङ्ग्रहको दोस्रो खण्डमा गीतहरूको सङ्ग्रह रहेको छ । प्रस्तुत सङ्ग्रहमा कवि पूर्वभावभन्दा भिन्न तरिकाले प्रस्तुत भएका छन् । यस सङ्ग्रहमा कविले नेपाली जन्मभूमि, प्रकृति, संस्कृतिको महिमागान गरेका छन् । त्यस्तै मायापिरतीका  संयोग र विछोडका भावहरू पनि रहेकै देखिन्छ । त्यस्तै जातीय विभेद, राजनीतिक व्यङ्ग्य, गरिबी हुनाको पीडा र व्यथा जस्ता पक्षहरू पनि यस सङ्ग्रहमा समेटिएकै पाइन्छ । प्रस्तुत गीतसङ्ग्रहमा कवि व्यक्तिगत आसुरी प्रवृत्ति त्यागेर स्वकमाइमा रमाउन सम्पूर्ण नेपालीलाई आग्रह गरेको देखिन्छ । सम्पूर्ण कविता भावपूर्ण छन् ।

प्रस्तुत गीताञ्जली-२ भजनगीत सङ्ग्रह सरल भाषामा लेखिएको सङ्ग्रह हो । यस सङ्ग्रहभित्रका भजन र गीत छोटा आयाममा रचिएका छन् । सम्पूर्ण रचना गीतिलयमा रचिएकाले लयपूर्ण छन् । तिनलाई लय हालेर कण्ठाग्र पार्न सकिन्छ । भाषा अत्यन्त सरल, सरस र मिठासपूर्ण छन् । यहाा कही कतै शब्दगत त्रुटि देख्न सकिन्छ । वर्णनात्मक, व्यङ्ग्यात्मक, बिम्बात्मक शैलीमा प्रस्तुत सङ्ग्रह रचिएको छ ।

### ४.१३.५ निष्कर्ष

अजयमिलन श्रेष्ठ म्याग्दी जिल्लाका सक्रिय साहित्यकार हुन् । यिनी पेसाले शिक्षक भएपनि साहित्यमा पनि उत्तिकै रुचि राख्छन् । यिनी नेपाली साहित्यमा कविता विधाबाट प्रवेश गरेका हुन् । श्रेष्ठका हालसम्म गीताञ्जली, अक्षर गीत, नववर्ष, गीताञ्जली २ कृतिहरू प्रकाशित छन् । साहित्यकार श्रेष्ठको साहित्यिक लेखनको मुख्य

विधा कविता, गीत र बालसाहित्य हो । यिनी कविता विधामा स्वच्छन्दतावादी कविका रूपमा चिनिन्छन् । त्यस्तै गायनका क्षेत्रमा गीतकार र बालसाहित्यमा बालसाहित्यकारका रूपमा पनि चिनिन्छन् । यिनका साहित्यिक रचनामा युगीन समाज, जीवनदर्शन, सामाजिक सांस्कृतिक व्यङ्ग्य, प्राकृतिक चित्रण, आध्यात्मिक चिन्तन, बालस्वभाव, चरित्र आदिको स्पष्ट झलक पाइन्छ । यिनले आफ्ना रचनामा वर्णनात्मक, विश्लेषणात्मक, बिम्बात्मक शैलीको प्रयोग गरेका छन् । यिनका रचना अत्यन्त सरल, सरस र मिठासपूर्ण रहेका छन् ।

### ४.१४ सीमा रोशी (२०३५)

सीमा आचार्य साहित्यिक फाँटमा 'रोशी' उपनामले चिनिन्छिन् । यिनी वि.सं. २०३५ मा म्याग्दी जिल्लाको अर्मन, पोकाफाँटमा जन्मिएकी हुन् । यिनको जन्मथलो म्याग्दी भएपनि साहित्यिक पृष्ठभूमि वागलुङ जिल्लालाई बनाएकी छिन् । यिनी नेपाली साहित्यमा 'अक्षरका धडकन' कविता प्रकाशन गरी प्रवेश गरेकी हुन् । यिनका हालसम्म अक्षरका धडकन (कवितासङ्ग्रह २०६०) र एक अर्को सपना (कथासङ्ग्रह २०६२), प्रकाशित छन् । यिनी म्याग्दी जिल्लामा नारी लेखिकाको रूपमा चिनिन्छन् । यिनले फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा लेख, रचना प्रकाशित गर्दै आएकी छिन् ।

### ४.१४.१ अक्षरका धडकन (कवितासङ्ग्रह २०६०) को अध्ययन

अक्षरका धडकन (२०६०) कवितासङ्ग्रह सीमा रोशीको प्रथम प्रकाशित कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा रोशीले मानव समाज, जीवन, दर्शन, ज्ञान, विज्ञान प्रेम जस्ता कुराहरूलाई कविताको मुख्य विषयवस्तु बनाएकी छिन् । यिनका कविता लघु आयामका भएपनि विचारप्रधान छन् । प्रस्तुत कवितासङ्ग्रहमा युगजन्य विविध परिस्थितिको चित्रण पाइन्छ । जीवन दर्शनदेखि लिएर प्रेम, मानवता, राष्ट्र, समाजका प्रसङ्गहरू रहेका छन् । युगीन मानवले भोग्नुपरेको बाध्यता र विवशता छन् । अक्षरहरू भित्रको प्रेम, सहिष्णुता, संवेग, जीवन र मृत्यु, सपना र वैभवता, फूल र भवरा, दुख्ने मनहरू तथा अन्य विविध रङ्गहरू यहाँ देख्न सकिन्छ । सहिदहरू प्रति आजका मान्छेले गर्नुपर्ने जिम्मेवारीहरू छन् । नेपाली धर्ती, राष्ट्रियताका सवालहरू छन् ।

सम्पूर्ण नेपालीलाई फुट होइन, जुटका माध्यमबाट अघि बढ्न प्रेरित गरेको पाइन्छ । यहाा रोशीले एउटा छुट्टै संसारको परिकल्पना गरेकी छिन्, जहाा मानिस स्वतन्त्रतापूर्वक आफ्नो अधिकार र कर्तव्यको प्रयोग गर्छन् । प्रस्तुत सङ्ग्रहमा जिन्दगीप्रति छुट्टै परिभाषा पाइन्छ । जीवन अव्यक्त, अनुपम र आफूभित्रको झङ्कृत भाव हो; भन्ने रहेको छ । यस सङ्ग्रहमा कविता भावनाको छाल हो । जसले सबैलाई शीतलता र सम्मोहकता दिन्छ; सबैलाई प्रेम, ममता र सद्भावनाको सन्देश दिन्छ भन्ने विचारको अभिव्यक्ति पाइन्छ । समग्र कविता मार्मिक र रहस्यात्मक रहेका छन् ।

अक्षरका धडकन विचारप्रधान कवितासङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा स्वच्छन्दतावादी प्रगतिवादी मान्यताअनुरूप कविता प्रस्तुत भएका छन् । कविता सरल भइकन अर्थपूर्ण छन् । भावना र कल्पनाको उद्वेगले कवितालाई मर्मस्पर्शी बनाइदिएका छन् । कही कतै अस्तित्ववादी विसङ्गतिवादी स्वर पनि व्यक्त भएको पाइन्छ ।

अक्षरका धड्कन कविता सङ्ग्रह संरचनागत ढााचामा हेर्दा प्रस्तुत सङ्ग्रहमा जम्मा उनान्नब्बे वटा फुटकर कविताहरू रहेका छन् । ती कविताहरू प्रायजसो लघु आयाममा लेखिएका छन् । प्रस्तुत सङ्ग्रहमा चार पंक्तिका कविता ('शेष' पृष्ठ ८१) देखि लिएर अठसठ्ठी पंक्ति ('जीवनसार' पृष्ठ ७८) सम्मका कविताहरू रहेका छन् । सम्पूर्ण कविताहरू मध्ये दश वटा कवितामा अनुच्छेद विभाजन गरिएको छ भने बााकी उनान्असी वटा कवितामा अनुच्छेद विभाजन गरिएको छैन । यहाा कम्तीमा ४ अनुच्छेददेखि १९ अनुच्छेद सम्म अनुच्छेद विभाजन गरिएको छ ।

अक्षरका धड्कन कविता सङ्ग्रह गद्यलयमा रचना गरिएको सङ्ग्रह हो । यसमा पद्यलयको संकेत पाउन सकिंदैन । कविताहरू गद्यात्मक हुादाहुादै पनि लयात्मक छन् । यसमा कविवद्ध तथा निबद्ध दुवैप्रौढोक्तिको प्रयोग पाइन्छ ।

अक्षरका धड्कन कविता सङ्ग्रहमा सरल र सरस भाषाको प्रयोग पाइन्छ । यहाा नेपाली झर्रा शब्द, तत्सम तथा तद्भव शब्दको प्रयोग पनि छ । कविताहरू

छोटा आयाममा रहादा रहादै पनि अर्थपूर्ण, बौद्धिक, प्रतिकात्मक बनेका छन् । बिम्ब र प्रतिकको प्रयोग पनि पाइन्छ । यहाा वर्णनात्मक, विश्लेषणात्मक, प्रश्नात्मक, व्यङ्ग्यात्मक शैलीको प्रयोग देख्न सकिन्छ ।

### ४.१४.२ एक अर्को सपना (कथासङ्ग्रह २०६२) को अध्ययन

एक अर्को सपना (२०६२) सीमा रोशीको प्रथम कथासङ्ग्रह हो । यस सङ्ग्रहमा ग्रामीण परिवेशलाई विषयवस्तु बनाएको पाइन्छ । ग्रामीण समाजमा भएका विभिन्न सामाजिक, सांस्कृतिक, शैक्षिक जस्ता विविध विसङ्गतिको झलक यस सङ्ग्रहमा देख्न सकिन्छ । यहाा नारीको समस्यालाई मुख्य रूपमा देखाइएको छ । प्रस्तुत सङ्ग्रहमा नारीका वाध्यता, विवसता, कुण्ठा, यातनाका विविध उदाहरणहरू पाइन्छ । यहाा सासु र बुहारीबीचको सम्बन्ध, पति र पत्नीबीचको सम्बन्धलाई पनि प्रस्तुत गरिएको छ । प्रस्तुत सङ्ग्रहमा नारी मनोविज्ञानलाई अत्यन्त सारगर्भिक ढङ्गबाट देखाइएको छ । त्यस्तै बालमनोविज्ञानलाई पनि देखाएको पाइन्छ । हाम्रो समाजमा हुने यौनदुराचार, बालविवाह, बहुविवाह, अनमेल विवाह आदि पक्षलाई पनि यहाा देखाइएको छ । यहाा उच्चवर्गका मान्छेले निम्नवर्गका मान्छेप्रति हेर्ने र गर्ने व्यवहारको नमुना देख्न सकिन्छ । धनकै कारण नाता सम्बन्धमा कटुता आउाछ भन्ने कुरालाई पनि यहाा देखाइएको छ । नेपाली धर्ती, प्रकृति र माटोलाई सबैले माया गर्नुपर्ने भाव रहेको छ । प्रस्तुत सङ्ग्रहमा गरिबीका कारण देह व्यापारमा संलग्न एक नारीको बाध्यात्मक स्थितिको झलक देख्न सकिन्छ । त्यस्तै एड्स रोगले पीडित एक युवकको कथालाई पनि यस सङ्ग्रहमा समेटिएको छ । एउटी नारीको माइत र घरमा हुने व्यवहारको नमुना देख्न सकिन्छ । त्यस्तै यस सङ्ग्रहमा विवाह दबाबले होइन इच्छाले गरिनुपर्छ भन्ने भाव पनि पाइन्छ । यिनका कथामा मान्छे नचाहेरै पनि जीवन चलाउन वाध्य छ भन्ने अस्तित्ववादी, बिसङ्गतिवादी चिन्तन देख्न सकिन्छ ।

एक अर्को सपना सामाजिक विषयवस्तुमा आधारित यथार्थवादी मान्यतामा लेखिएको सङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा ग्रामीण परिवेश, जीवनका विविध आख्यान,

विकृति, विसङ्गति, मनोभावना, गाउा र सहरबीचको मोहकता, प्रेम, राष्ट्रियता जस्ता पक्षलाई प्रतिबिम्बित गरिएको पाइन्छ । त्यस्तै नारीमाथि भएका विविध विभेद र त्यसमाथि हुने हिंसाप्रति पनि तिखो व्यङ्ग्य पाइन्छ । यसमा संसार स्वतन्त्र छ, मानिस स्वतन्त्र हुनुपर्छ, बन्धनमा कहिल्यै रहनु हुादैन भन्ने आसय पाइन्छ । यसरी प्रस्तुत सङ्ग्रहमा हाम्रो समाजमा हुने र देखिएका घटनाहरूलाई अत्यन्त सहज तरिकाले प्रस्तुत गरिएको छ ।

एक अर्को सपना कथा सङ्ग्रहलाई संरचनागत दृष्टिले हेर्दा यहाा झिनो कथानकको प्रयोग पाइन्छ । कथाहरूमा आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खला पाइदैन । यहाा कथानक पक्षभन्दा वैचारिक पक्ष नै प्रबल भएर आएका छन् । कथाहरू लघु आयाममा लेखिएका छन् । यस सङ्ग्रहमा जम्मा १५ वटा कथा सङ्गृहीत गरिएको छ । पुस्तकको आकार सानो रहेको छ ।

एक अर्को सपना कथासङ्ग्रह सामाजिक विषयवस्तुमा आधारित कथासङ्ग्रह हो । यस सङ्ग्रहलाई पात्रविधानका दृष्टिले हेर्दा यहाा ग्रामीण परिवेशसित मिल्ने खालका पात्रहरू प्रयोग गरिएको देखिन्छ ।(मिरा, काले, सपना, राकेश, सिवानी) । यस सङ्ग्रहमा अत्यन्त कम पात्रको प्रयोग गरिएको छ । पात्रहरू सत्, असत्, उच्च, निम्न, आबद्ध, मञ्चीय, मुख्य, सहायक सबै किसिमका प्रयोग भएका छन् । यस सङ्ग्रहका पात्रहरू ग्रामीण परिवेशका हुादाहुादै पनि साहसी, निडर, कर्तव्यपरायणता, जस्ता विशेषताले युक्त छन् । पात्रहरू न्युन भएर पनि कथालाई रोचक बनाएका छन् ।

एक अर्को सपना कथासङ्ग्रहमा परिवेश अत्यन्त न्युन छ । झिनो परिवेशमा कथालाई पूर्णता दिलाएको पाइन्छ । कथामा आएको झिनो परिवेशभित्र पनि ग्रामीण र सहरिया दुवै परिवेश देख्न सकिन्छ ।

एक अर्को सपना कथासङ्ग्रहमा सरल भाषाको प्रयोग पाइन्छ । कथामा नेपाली झर्रा तथा आगन्तुक शब्दका साथै स्थानीय भाषिकाको प्रयोग पनि रहेको छ । (कुकर्मी, अलच्छिनी, कतैकतै अनुकरणात्मक शब्दको प्रयोग पनि छ । उखान टुक्काको प्रयोग

पाइन्छ । (संगतविनाको फल, पृष्ठ २१) । बिम्ब र प्रतीकको प्रयोगले कथालाई अर्थपूर्ण, ओजस्वी बनाएका छन् । यस सङ्ग्रहमा वर्णनात्मक, विश्लेषणात्मक, प्रश्नात्मक, व्यङ्ग्यात्मक शैलीको प्रयोग पाइन्छ । प्रथम तथा तृतीय दुवै दृष्टिविन्दुको प्रयोगका साथमा कथाहरू लेखिएका छन् ।

### ४.१४.३ **निष्कर्ष**

सीमा रोशी नेपाली साहित्यिक फाँटमा सामाजिक यथार्थवादी साहित्यकारका रूपमा चिनिन्छन् । यिनका रचनामा कतैकतै विसङ्गतिवादी अस्तित्ववादी चिन्तन पनि देख्न सकिन्छ । यिनले आफ्ना रचनामा आफूले देखे, भोगेका यथार्थ घटनाहरूलाई मुख्य विषयवस्तु बनाएकी छिन् । सूक्ष्मातिसूक्ष्म विषयवस्तुलाई टपक्क टिपेर रचनाका माध्यमबाट पाठकलाई समाज र देशका निम्ति केही गर्न आग्रह गर्नु यिनको रचनागत वैशिष्ठ्य हो । यिनले आफ्ना रचनामा सामाजिक विकृति, विसङ्गतिलाई हटाई समाज सुधारको अपेक्षा गरेकी छन् । यिनी कथामा सामाजिक यथार्थवादी प्रगतिवादी कथाकारका रूपमा चिनिन्छन् । यिनका साहित्यिक रचनामा सामाजिकता, काल्पनिकता, यथार्थता, व्यङ्ग्य, राष्ट्रियता, मानवता, विश्ववन्धुत्व,देशप्रेम जस्ता प्रवृत्ति पाइन्छ । यिनका रचनामा सरल, मिठासपूर्ण भाषाको प्रयोग पनि रहेको छ । यिनका रचनामा वर्णनात्मक, विश्लेषणात्मक, व्यङ्ग्यात्मक, कथात्मक शैलीको प्रयोग भएका देखिन्छन् ।

## पााचौ परिच्छेद

# उपसंहार

म्याग्दी जिल्ला मध्यपहाडी क्षेत्रअन्तर्गत पश्चिमाञ्चल विकास क्षेत्रका ३ अञ्चलहरूमध्ये धौलागिरि अञ्चलमा पर्दछ । यो जिल्ला भौगोलिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय दृष्टिले प्राचीनकालदेखि महत्त्वपूर्ण मानिएको जिल्ला हो । यस जिल्लामा साहित्यिक माहोल पनि उत्तिकै देख्न सकिन्छ । यस जिल्लाको लोकसाहित्यिक परम्परा नेपाल अधिराज्यभरि नै महत्त्वपूर्ण रहेको छ । प्रस्तुत 'म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण' शीर्षकको शोधपत्रमा म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण गरिएको छ । यस शोधपत्रमा ५ अनुच्छेद रहेका छन् । प्रत्येक अनुच्छेदमा थप उपशीर्षकहरू राखी म्याग्दी जिल्ला र त्यसको लोकसाहित्यक पृष्ठभूमिदेखि साहित्यिक गतिविधिबारे अध्ययन गरिएको छ ।

'म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण' शीर्षकको शोधपत्रको पहिलो अनुच्छेदमा शोधपरिचय दिइएको छ । शोध परिचयभित्र शोधशीर्षक, शोधकार्यको प्रयोजन, विषय परिचय, समस्याकथन, शोधशीर्षकसित सम्बन्धित पूर्वकार्यको विवरण, शोधकार्यको औचित्य, शोधकार्यको सिमाङ्कन, सामग्री सङ्कलन गर्ने तरिका, शोधविधि र प्रस्तुत शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो अध्यायमा म्याग्दी जिल्लाको परिचय दिइएको छ । यस क्रममा भौगोलिक अवस्था, प्राकृतिक अवस्था, संस्कृति, भाषा, चाडपर्व, धर्म,जिल्लाको नामकरण, आर्थिक स्थिति, ऐतिहासिक स्थिति, शैक्षिक अवस्था आदिको जानकारी दिने काम भएको छ । समष्टिमा प्रस्तुत अध्याय म्याग्दी जिल्लाको चिनारी दिने उद्देश्यले तयार पारिएको अध्याय हो ।

'म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण' शीर्षकको शोधपत्रको तेस्रो अध्यायमा म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण गर्ने काम गरिएको छ । यसरी म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण गर्दा यहााका लोकसाहित्यिक स्थिति, अभिलेख, पत्रपत्रिका, सङ्घसंस्था, पुरस्कार, पुस्तकालय, साहित्यिक लेखनपरम्परा आदिको सङ्क्षिप्तमा वर्णन

गरिएको छ । त्यस्तै यस अध्यायमा हालसम्म देखिएका म्याग्दीका साहित्यकारहरूको सूची र तिनीहरूको साहित्यिक गतिविधिको चर्चा पनि पाइन्छ ।

'म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण' शीर्षक शोधपत्रको चौथो अध्यायमा म्याग्दी जिल्लाका प्रतिनिधि साहित्यकारहरूमध्ये दीप व. खड्का, ठाकुर पराजुली, हरि बन्दी, होमनाथ सुवेदी, बानिया कान्छा, नवराज कार्की, मीन द्वन्द्वी, ध्रुवलाल शर्मा, भक्त कार्की, कृष्ण बानिया, सीमा रोशी, अजयमिलन श्रेष्ठ आदिको सङ्क्षिप्त कृतिगत अध्ययन गरिएको छ । यी प्रतिनिधि साहित्यकारहरू म्याग्दीमा मात्र नभई नेपाली साहित्यका क्षेत्रमा पनि परिचित छन् ।

प्रस्तुत शीर्षकको पाँचौ अध्यायमा उपसंहार शीर्षकमा साहित्यिक सर्वेक्षणको सारांश प्रस्तुत गरिएको छ ।

यसरी 'म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण' शोधपत्रमा म्याग्दी जिल्लाको साहित्यिक गतिविधिको व्यवस्थित अध्ययन गरिएको छ । म्याग्दी जिल्लाको साहित्यक सर्वेक्षणलाई संक्षिप्तमा नियाल्दा यस जिल्लाको साहित्य निरन्तर अग्रदिशामा नै रहेको देखिन्छ । यहाँका साहित्यकारहरूले नेपाली साहित्यका कथा, कविता, नाटक, उपन्यास, समीक्षा, बालकथा, मुक्तक, हाइकु, समालोचना, ताङ्का आदि विधागत क्षेत्रमा सक्रियरूपमा कलम चलाएको देखिन्छ । यस जिल्लाका साहित्यकारहरू जिल्लाभित्र मात्र सीमित नरही राजधानी तथा विदेशको भूमिमा पुगेर पनि नेपाली साहित्यमा योगदान गरेको देखिन्छ । म्याग्दी जिल्लामा सबभन्दा बढी फस्टाएको साहित्यिक विधा कविता र गजल विधा नै हो । यसका अतिरिक्त उपन्यास, कथा, नाटक, समालोचना, निबन्ध जस्ता विधाहरूको लेखनकार्य पनि उत्तिकै मात्रामा अगाडि बढेको पाइन्छ ।

म्याग्दी जिल्लामा कविता विधामा कलम चलाउने साहित्यकारहरूमा भक्त कार्की, ध्रुवलाल शर्मा, नवराज कार्की, मीन द्वन्द्वी, रेखा रेग्मी, सीमा रोशी, प्रमुख मानिन्छन् भने गजल विधामा दामोदर घताने, रामप्रसाद सुवेदी, दीपक बिखर्ची लोकेश पुन 'मगर', निराजन शीरिष, कविता शर्मा 'सङ्घर्ष' को नाम उल्लेखनीय रहेको छ । त्यस्तै कथा विधामा ध्रुवलाल शर्मा र सीमा रोशी नै बढी प्रसिद्ध छन् । उपन्यास

विधामा होमनाथ सुवेदीको नाम अग्रपंक्तिमा आउाछ । यिनीपछि हरि विरही, राजु के.सी. 'म्यागदेली' को नाम पनि उल्लेखनीय रहेको छ । समालोचना विधामा ठाकुर पराजुलीको नाम अग्रस्थानमा छ । निबन्ध विधामा दीप ब. खड्का, हरि बन्दी, कृष्ण बानिया आदि पर्दछन् । इतिहास विधामा चन्द्रप्रकाश बानिया र बानिया कान्छालाई नै प्रमुख मानिन्छ । बालकथाका क्षेत्रमा बानिया कान्छा र बालकविताका क्षेत्रमा भक्तकार्कीको योगदानलाई बिर्सन सकिादैन ।

म्याग्दी जिल्लाको साहित्यिक परम्परा र विकास दिनानुदिन अगाडि बढिरहेको छ । यस जिल्लामा नवोदित साहित्यकारहरू जन्मने क्रम पनि उत्तिकै जारी छ । यस जिल्लाको साहित्यिक परम्परा र विकासमा साहित्यकारहरूले विभिन्न साहित्यिक विधामा कृतिहरू प्रकाशन गरेर या नगरिकन भएपनि योगदान गरिरहेका छन् । यस जिल्लाका साहित्यकारका अतिरिक्त साहित्यिक या साहित्येतर विभिन्न सङ्घसंस्था, पत्रपत्रिका तथा पुरस्कारहरूले पनि जिल्लाको साहित्यिक उर्जा थप्ने कार्य गरिरहेको देखिन्छ । तिनीहरूको योगदानलाई पनि बिर्सन सकिदैन ।

म्याग्दी जिल्लाका साहित्यकारहरूको मूल अभीष्ट म्याग्दीको साहित्यिक गतिविधिलाई निरन्तरता र सम्पन्नशाली बनाउनु हो । त्यसैले यहााका साहित्यकारहरूले आफ्ना साहित्यिक रचना र कृतिका माध्यमबाट एकातिर साहित्यको सेवा गरेका छन् भने अर्कातिर यस जिल्लामा रहेका भौगोलिक, प्राकृतिक, सांस्कृतिक, धार्मिक, शैक्षिक, आर्थिक पक्षको सकारात्मक र नकारात्मक दुवै पाटालाई आफ्ना कृतिमा देखाउादै आएका छन् । म्याग्दी जिल्लाको साहित्य निरन्तर फल्दो, फुल्दो स्थितिमा रहेको छ ।

साहित्य एक निरन्तर गतिशील प्रक्रिया हो । यसको कुनै सीमा हुादैन । प्रस्तुत शोधपत्रमा २०६४ सम्म भएका साहित्यकार साहित्यिक र साहित्येतर सङ्घसंस्था, पत्रपत्रिका र पुरस्कारको सङ्क्षिप्त जानकारी दिने कार्य मात्र गरिएको छ । यतिले मात्र म्याग्दीको साहित्यिक योगदान पूरा हुन सक्दैन । तर यस कार्यले आगामी दिनमा म्याग्दी जिल्लाको साहित्यका बारेमा कुनै शोधार्थीले शोध गर्न चाहेमा प्रस्तुत शोधपत्रले

टेवा पुऱ्याउने छ भन्ने मैले महसुस गरेको छु । म्याग्दी जिल्लाको बारेमा थप अध्ययन गर्न चाहेको खण्डमा यी शीर्षकहरूमा शोधार्थीले शोधकार्य गर्न सक्नेछन्:

शीर्षकहरू

१. म्याग्दी जिल्लाका प्रतिनिधि कवि र कविताको अध्ययन

२. म्याग्दी जिल्लाका गजलकार र गजलको अध्ययन

३. म्याग्दी जिल्लाको निबन्ध विधामा योगदान

४. म्याग्दी जिल्लाको बालसाहित्यलेखनमा योगदान

## सन्दर्भसामग्रीसूची

### (क) पुस्तकसूची


अधिकारी, गणेशप्रसाद, समाजशास्त्र र मानवशास्त्र एक परिचय (काठमाडौं : रत्न पुस्तक भण्डार) २०५४ ।

अधिकारी, हेमाङ्गराज (सम्पा.), प्रयोगात्मक नेपाली कोश (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि.) २०५७ ।

कार्की, नवराज, सिलसिला (काठमाडौं : रानी प्रिन्टिङ प्रेस प्रा.लि.) २०४० ।

))))))), मनभित्रको आँधी (काठमाडौं : ने.रा.प्र.प्र.) २०५६ ।

कार्की, भक्त, मनका कोसेली (बागलुङ : भीमकुमारी कार्की) २०५७ ।

))))))), खोइ मेरा खेलौना (काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.) २०६१ ।

))))))), प्रतिबिम्ब (म्याग्दी : पौलस्त्य साहित्य समाज) २०६४ ।

))))))), चड्कन (म्याग्दी : पौलस्त्य साहित्य समाज) २०६४ ।

))))))), चञ्चल (म्याग्दी : पौलस्त्य साहित्य समाज) २०६४ ।

))))))), धडकन (म्याग्दी : पौलस्त्य साहित्य समाज) २०६४ ।

खतिवडा, सोमप्रसाद, अभिलेख विज्ञान एवं मुद्राशास्त्र (काठमाडौं : एम.के. पब्सिर्स एन्ड डिस्ट्रिब्युटर्स) २०५९ ।

खतिवडा, सोमप्रसाद र दाहाल, पेशल, नेपाली समाज र संस्कृति (काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स) २०५७ ।

खड्का, दीपबहादुर, अञ्चल कच्चा साधनको खोजी (बागलुङ : धवलागिरि अञ्चल पञ्चायत कार्यालय) २०२४ ।

))))))), मेरो चीन भ्रमण (काठमाडौं : लेखक स्वयम्) २०५४ ।

))))))), मेरो आत्मकथा (काठमाडौं : लेखक स्वयम्) २०५४ ।

छोटा प्रेम, धवलागिरिका कथाहरूको कथासङ्ग्रह (काठमाडौं : ने.रा.प्र.प्र.), २०५३ ।

तिवारी, भोलानाथ, भाषाविज्ञान, नवौ संस्क., (इलाहावाद : किताब महल) २०५५ ।

दाहाल, पेशल, नेपालको इतिहास, (काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ) २०५८ ।

द्वन्द्वी, मीन, उलिनीमन (काठमाडौं : सुजाता श्रेष्ठ) २०५५ ।

न्यौपाने, टङ्क प्रसाद, साहित्यको रूपरेखा (काठमाडौं : साझा प्रकाशन) २०५५ ।

पराजुली, ठाकुर, नेपाली साहित्यको परिक्रमा (काठमाडौं : वीद्या प्रकाशन) २०५५ ।

पराजुली, कृष्णप्रसाद, नेपाली लोकगीतको आलोक (काठमाडौं : वीणा प्रकाशन), २०५७ ।

पौडेल, तुलसीराम, संस्कृतिका नमुनाहरू (काठमाडौं : निमा पुस्तक प्रकाशन) २०५४ ।

बन्दी, हरि, रत्न ब. विष्टको जीवनी (काठमाडौं : लेखक स्वयम्) २०४२ ।

)))))), उल्टोपट्टी (काठमाडौं : साझा प्रकाशन) २०५२ ।

बानिया, कृष्ण, केही अनुभव केही अनुभूति (बेनी : पौलस्त्य साहित्य समाज) २०६३ ।

बानिया, कर्णबहादुर, मनका तरङ्ग (गोरखपुर : विष्णुदेवी बानिया) २०५३ ।

)))))), चकलेटको पोको (काठमाडौं : साझा प्रकाशन) २०६२ ।

बन्धु, चूडामणि, नेपाली लोकसाहित्य (थापाथली : एकता बुक्स प्रा.लि.) २०५७ ।

बानिया, लालबहादुर, म्याग्दी जिल्लाका धार्मिक सम्पदा (म्याग्दी : लेखक स्वयम्) २०४३ ।

रोशी, सीमा, अक्षरका धडकन (बागलुङ : टंकप्रसाद शर्मा) २०६२ ।

श्रेष्ठ, अजयमिलन, गीताञ्जली २०६२ (बेनी : सृजना श्रेष्ठ) २०६३ ।

)))))), अक्षरगीत (बेनी : सृजना श्रेष्ठ) २०६३ ।

)))))), नववर्ष (बेनी : लेखक स्वयम्) २०६३ ।

)))))), गीताञ्जली-२ (बेनी : सृजना श्रेष्ठ) २०६३ ।

श्रेष्ठ, दयाराम, साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ, दो.संस्क (काठमाडौं : त्रिकोण प्रकाशन) २०६१ ।

श्रेष्ठ, टेकबहादुर, पर्वत राज्यको ऐतिहासिक रूपरेखा (कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र) २०४९ ।

)))))), एक अर्को सपना (बागलुङ : टंकप्रसाद शर्मा) २०६२ ।

सुवेदी, होमनाथ, न्याउली (काठमाडौं : नन्दादेवी, मङ्गला प्रकाशन) २०४३ ।

))))))‚ रत्ना (काठमाडौं : नन्दादेवी, मङ्गला प्रकाशन) २०४३ ।

))))))‚ त्रिमूर्ति (काठमाडौं : नन्दादेवी, मङ्गला प्रकाशन) २०४४ ।

))))))‚ नजर (काठमाडौं : नन्दादेवी, मङ्गला प्रकाशन) २०४४ ।

))))))‚ वीणा (काठमाडौं : नन्दादेवी, मङ्गला प्रकाशन) २०४५ ।

))))))‚ चौराली (वासिङटन डी.सी. : अनेसास) २०५१ ।

))))))‚ अङ्कुर (वासिङटन डी.सी. : अनेसास) २०५५ ।

))))))‚ प्रवासी स्वर (वासिङटन डी.सी. : अनेसास) २०५५ ।

शर्मा, ध्रुवलाल, आमाको सम्झना (बेनी : माउन्ट एभरेस्ट आ.मा.वि.) २०६२ ।

))))))‚ यौटा कथाको कथा (बेनी : प्रमोद शर्मा डेक्सटप) २०६३ ।

))))))‚ खोरभित्रको स्वर (पोखरा : लेखक स्वयम्) २०६४ ।

**(ख) शोधपत्रको सूची**

आचार्य, गायत्री, ठाकुर पराजुलीको जीवनी व्यक्तित्व र कृतित्व, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५५ ।

उपाध्याय, लक्ष्मीकुमारी, बालकथाकार बानिया कान्छाको जीवनी, व्यक्तित्व र कृतित्व, अप्रकाशित शोधपत्र, नेपाली शिक्षण विभाग, पाल्पा, २०५७ ।

के.सी., चन्द्रबहादुर, ठाकुर पराजुलीको जीवनी व्यक्तित्व र कृतित्व, अप्रकाशित शोधपत्र, नेपाली शिक्षण विभाग, पृथ्वी ना. क्याम्पस, पोखरा २०५८ ।

घिमिरे, लक्ष्मण, पश्चिम म्याग्दी क्षेत्रमा बोलिने, नेपाली भाषाको स्वरूप र अध्ययन, अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षण, कीर्तिपुर, २०५६ ।

मल्ल, राधिका, म्याग्दी जिल्लामा प्रचलित लोकगीतको अध्ययन, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५८ ।

सुवेदी, रामजीप्रसाद, म्याग्दी जिल्लामा प्रचलित उखानको सङ्कलन, वर्गीकरण र अध्ययन, अप्रकाशित शोधपत्र, नेपाली शिक्षण विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा, २०६० ।

शर्मा, बालकृष्ण, होमनाथ सुवेदीको जीवनी व्यक्तित्व र कृतित्व, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५६ ।

**(ग) पत्रपत्रिकाको सूची**

बि.सी., नरबहादुर, “म्याग्दीको साहित्यिक इतिहास”, म्याग्दी कुञ्ज (वर्ष १, अंक १, २०५५) पृ. ९७।

बानिया, चन्द्रप्रकाश, “म्याग्दी जिल्लाको ऐतिहासिक चिनारी”, म्याग्दी प्रवाह (वर्ष १, अंक १, २०५५) पृ. १।

सिग्देल, विन्दुराज, “म्याग्दी जिल्लाको परिचय”, अन्तर्राष्ट्रिय मञ्च (वर्ष १६, अंक १०, २०५७) पृ. ४७।